# श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

वीरेन्द्रनगर–६, सुर्खेत

# २२औं वार्षिक साधारण सभाको कार्यक्रम-२०८०

## प्रथम सत्र (उद्घाटन)

१. आसन ग्रहण
२. स्वागत मन्तव्य
३. मुख्य अतिथिबाट समुद्घाटन
४. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत
५. कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत
६. अन्य उपसमितिका वार्षिक प्रतिवेदन प्रस्तुत
७. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुत
८. मन्तव्य (अतिथिज्यूहरूबाट)
९. मुख्य अतिथिको मन्तव्य
१०. सभाध्यक्षबाट प्रथमसत्रको समापन ।

## दोस्रो सत्र (छलफल तथा निर्णय)

१. आसन ग्रहण
२. छलफलका बुँदाहरूको सङ्कलन
३. प्रस्तुत प्रतिवेदन माथि छलफल तथा अनुमोदन
४. लेखापरीक्षण प्रतिवेदन माथि छलफल तथा अनुमोदन
५. आ.व.२०८०/०८१ का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने
६. विनियम तथा आन्तरिक कार्यविधिहरूको संशोधन मस्यौदा पारित गर्ने
७. सभाध्यक्षबाट धन्यवाद ज्ञापन र समापन ।

## शेयर सदस्यहरूले थाहा पाइराख्नु पर्ने विषयहरू !

१. नेपाल सरकारले ५ जनाको परिवारका लागि रु.३५००।- मा रु. १ लाख बराबरको स्वास्थ्य बीमा योजना ल्याएको छ। ५ जनाको परिवारभन्दा बढी संख्या भएमा प्रति व्यक्ति रु. ७००।- थप्नु पर्दछ। यस कार्यक्रममा सहभागी हुँदा पैसाको अभावमा उपचार नपाएर मर्नु पर्दैन ।

२. नेपाल सरकारले सुरक्षित आवास (खरको छाना मुक्त) कार्यक्रम लागु गरेको छ । आफ्नो वडा कार्यालय र पालिकामा सम्पर्क गरेर यस विषयमा बुझ्न सकिन्छ। यसमा पनि सहभागी बनौं ।

३. नेपाल सरकारले ५ वर्षमुनिका बालबालिकाहरूका लागि पोषण कार्यक्रम लागु गरेको छ। बच्चा जन्मने वित्तिकै आफ्नो वडा कार्यालयमा जन्म दर्ता गराएर सरकारका विभिन्न कार्यक्रममा सहभागी हुन सकिन्छ ।

४. हाम्रा बाल बालिकाहरूले पढ्न पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । त्यसैले आफ्ना बाल बालिकाहरूलाई अनिवार्य विद्यालय पठाऔं ।

५. आफ्नो गाउँ र टोल छिमेकमा हुने विकास निर्माणका कामहरूमा चाँसो राखौं। विकासको गुणस्तर बृद्धिका लागि चनाखो बनौं ।

६. गाउँ टोलमा हुने महिला हिंसा, बालश्रम, जातीय छुवाछुत जस्ता सामाजिक विकृतिका विरुद्धमा चनाखो बनौं ।

७. जुवातास, जाँड रक्सी र लागु पदार्थ जस्ता विसंगतिहरूले सिर्जना गर्ने घटना घट्न नदिन टोल छिमेकमा एकताबद्ध पहल गरौं। टोल विकास समितिको सम्पर्कमा रहौं ।

८. व्यक्तिगत सरसफाई र घरआँगन सफा राखौं, विभिन्न रोगहरूबाट जोगिऔं ।

९. विभिन्न प्रकारका प्राकृतिक प्रकोप, चोरी झै-झगडा आदि घटनाहरूबाट जोगिन पूर्वसतर्कता अपनाऔं ।

## शेयर सदस्य महानुभावहरूलाई अनुरोध !

१. फजुल खर्च घटाऔं, नियमित बचत गर्ने बानी बसालौं ।

२. हामीले संस्था मार्फत विभिन्न वित्तीय सेवा दिइरहेका छौं नजिकको सेवा केन्द्रमा सम्पर्क गरेर जानकारी लिनुहोस् र संस्थाले सञ्चालन गरेका सबै सेवाहरूमा सहभागी बनौं ।

३. ऋण लिऔं, सदुपयोग गरौं र आर्थिक जीवन सुधार गरौं ।

४. सहकारी संस्थाका आधारभूत विषयमा जानकार हुनका लागि संस्थाले सञ्चालन गर्ने गतिविधिहरूमा सहभागी बनौं ।

५. संस्थाले सञ्चालन गरेका राहत कार्यक्रममा अनिवार्य सहभागी बनौं ।

६. तपाईको नजिकै रहेको संस्थाको सेवा केन्द्रमा गएर आफ्नो मासिक बचत गरौं, संस्थाका गतिविधिहरूको जानकारी लिऔं ।

७. तपाईसंग सीप छ तर पूँजीको अभावमा व्यवसाय गर्न सक्नु भएको छैन भने संस्थासँग सम्पर्क गर्नुहोस्, संस्था सहयात्री बन्न सक्छ ।

८. सरकारले सहकारी कानुन, नीति, विधि र प्रविधिमा व्यापक परिवर्तन गरेको छ। त्यसको जानकारी राखौं । संस्था सुशासनमा सञ्चालन गर्न सहयोग गरौं ।

# विषय सूची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १. | संस्थाको संक्षिप्त परिचय | १-६ |
| २. | हालसम्म एकीकरण भएका संस्थाहरूको विवरण | ७-८ |
| ३. | २२औं वार्षिक साधारणसभामा अध्यक्षद्वारा प्रस्तुत प्रगति प्रतिवेदन | ९-२२ |
| ४. | २२औं वार्षिक साधारण सभामा कोषध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन | २३-५० |
| ५. | २२औं वार्षिक साधारण सभामा लेखा संयोजकद्वारा प्रस्तुत प्रतिवेदन | ५१-५५ |
| ६. | ऋण उपसमितिको वार्षिक प्रगति प्रतिवेदन | ५६-५९ |
| ७. | शिक्षा तथा तालिम उपसमितिको वार्षिक प्रतिवेदन | ६०-६५ |
| ८. | वार्षिक लेखापरीक्षण प्रतिवेदन २०७९/०८० | ६६-१०१ |
| ९. | भूमी व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय, कर्णाली प्रदेश, सुर्खेतबाट सघन अनुगमनबाट प्रदत्त निर्देशन | १०२-१०३ |
| १०. | २२औं साधारण सभामा सदस्यहरूबाट प्राप्त सुझावहरू | १०४ |

# श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

**वीरेन्द्रनगर–६, सुर्खेत**

# २२ औं वार्षिक साधारण सभाको कार्यसूची

१) आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
२) आ.व. २०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम र वार्षिक बजेट सम्बन्धमा ।
३) आ.व. २०७९/०८० को वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४) आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियूक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
५) संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
६) सञ्चालक समितिले गरेका निर्णयहरू अनुमोदन सम्बन्धमा ।
७) संस्थाको ऋण उपसमिति र शिक्षा उपसमितिका प्रतिवेदन सम्बन्धमा ।
८) संस्थाको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
९) शेयर लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण गर्ने सम्बन्धमा ।
१०) संस्थाका अन्य कोषहरूको हिसाव मिलान गर्ने सम्बन्धमा ।
११) संस्थाको डाटा माईग्रेसन गर्दा नमिलेको हिसाब मिलान गर्ने सम्बन्धमा ।
१२) संस्था एकीकरण गर्ने सम्बन्धमा ।
१३) नियामनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा ।
१४) संस्थाको विनियम संशोधन गर्ने सम्बन्धमा ।
१५) संस्थाका आन्तरिक कार्यविधिहरू संशोधन तथा थप गर्ने सम्बन्धमा ।
१६) संस्थाको बाह्य दायित्व स्वीकार गर्ने सम्बन्धमा ।
१७) संस्थाको जग्गा खरिद गर्ने सम्बन्धमा ।
१८) सञ्चालक, प्रमुख कार्यकारी अधिकृत र कर्मचारीहरूको सेवा सुविधा सम्बन्धमा ।
१९) कार्य सूचीमा थप भएका प्रस्ताव सम्बन्धमा ।
२०) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
२१) भाखा नाघेको ऋणको धितो लिलामी गर्ने अख्तियारी सञ्चालक समितिलाई दिने सम्बन्धमा ।
२२) कर्मचारीहरूको उपदान वापतको रकम भुक्तानी गर्ने सम्बन्धमा ।
२३) सदस्यहरूबाट प्राप्त सुझाव सम्बन्धमा ।
२४) विविध सम्बन्धमा ।

# श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

## वीरेन्द्रनगर-६, सुर्खेत

## संस्थाको संक्षिप्त परिचय

**संस्थाको संक्षिप्त परिचय :**

आम सदस्यहरूलाई व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने समुदायमा छरिएर रहेको पुँजीलाई एकीकृत गरि आर्थिक समृद्धि, सामाजिक रूपान्तरण र सांस्कृतिक जर्गेना जस्ता विकासमा टेवा पुऱ्याउने उद्देश्यले २०५८ असाढ २२ गते २७ जनाको भेलाद्वारा वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सहकारी ऐन २०४८ र नियमावली २०४९ अनुसार स्थापना भएको हो । आफ्नो २१औं वर्षसम्मको जीवनकाल पार गर्दै हाल सुर्खेत जिल्लाका विभिन्न १२ वटा स्थानमा सेवा केन्द्र र वीरेन्द्रनगर-६, गणेशचोक, सुर्खेतमा मुख्य कार्यालयबाट सेवा प्रवाह गरिरहेका छौं । गत वर्षसम्म ८ वटा सहकारी संस्थाहरूबीच एकीकरण भई एकीकृत संस्थाको रूपमा चलिरहेको छ । परिवर्तित सन्दर्भमा सहकारी ऐन, २०७४ र नियमावली, २०७५ का साथै कर्णाली प्रदेश सरकारद्वारा जारी प्रदेश सहकारी ऐन, २०७५ को पूर्ण पालना गर्दै आफ्ना कार्यहरू निरन्तर अगाडि बढाउदै आएका छौं । संस्थाको बाँकी परिचय निम्नानुसार रहेको छ ।

**१.१. संस्थाको नाम : वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि., वीरेन्द्रनगर, सुर्खेत**

**१.२. संस्थाको स्थापना मिति : २०५८ असाढ २२ गते**

**१.३. संस्थाको दर्ता नं. : २११(९०) ०५७/०५८**

**१.४. संस्थाको स्थायी लेखा नं. : ३०१७३८८१३**

**१.५ संस्थाको कार्यक्षेत्र : सुर्खेत जिल्लाका सबै स्थानीय तहहरू**

**१.६. संस्थाका सेवा केन्द्र : १२ वटा**

**१.७. मुख्य कार्यालय : वीरेन्द्रनगर नगरपालिका वडा नं. ६, सुर्खेत**

**फोन नम्बर** : ०८३-५२२३१७, ०८३-५२३३१७,

(१) मेहेलकुना सेवा केन्द्र, गुर्भाकोट नगरपालिका-७, मेहलकुना बजार, सुर्खेत ।
- कार्यालय : ०८३-४१००६० । सेवा केन्द्र प्रमुख ९८५८०७७५७३

(२) बाबियाचौर सेवा केन्द्र, पञ्चपुरी नगरपालिका-५, बाबियाचौर, सुर्खेत ।
- कार्यालय : ०८३-४१६०४८ सेवा केन्द्र प्रमुख ९८५८०७७५७४

(३) छिन्चु सेवा केन्द्र, भेरीगंगा नगरपालिका-१०, छिन्चु बजार, सुर्खेत ।
- कार्यालय : ०८३-५४०३५४ सेवा केन्द्र प्रमुख ९८५८०७७५७

(४) पीपीरा सेवा केन्द्र, वीरेन्द्रनगर नगरपालिका- ११, पीपीराचोक, सुर्खेत ।
- कार्यालय : ०८३-४११२८९ सेवा केन्द्र प्रमुख ९८५८०७७५८१

(५) बाङ्गेसिमल सेवा केन्द्र, वीरेन्द्रनगर नगरपालिका-१, ट्याम्पुपार्क, सुर्खेत ।
- कार्यालय : ०८३-४१२२०५ सेवा केन्द्र प्रमुख ९८५८०७७५७८

(६) जहरे सेवा केन्द्र, जहरे बजार, भेरीगंगा नगरपालिका-९, सुर्खेत ।

- कार्यालय: ०८३-४१३००४ सेवा केन्द्र प्रमुख ९८५८०७७५८४

(७) राकम सेवा केन्द्र, सिम्ता गाउँपालिका-६, जामुनेबजार, सिम्ता, सुर्खेत ।

- कार्यालय: ९८५८०७७४७१ सेवा केन्द्र प्रमुख ९८५८०७७५८३

(८) पञ्चज्योति-आफन्त-जनमैत्री सेवा केन्द्र वीरेन्द्रनगर-३, एरीचोक, सुर्खेत ।

- कार्यालय: ०८३-५२५६०१ सेवा केन्द्र प्रमुख ९८५८०७७५८६

९) गुटु सेवाकेन्द्र चौकुने गाउँपालिका-८, गुटु, सुर्खेत ।

- कार्यालय: ९८५८०७७५९० सेवा केन्द्र प्रमुख ९८५८०७७२७१

१०) बड्डीचौर सेवाकेन्द्र बराहताल गाउँपालिका-५, बड्डीचौर, सुर्खेत ।

- कार्यालय: ९८५८०७७६८७ सेवा केन्द्र प्रमुख ९८५८०७७३७१

११) मालिका सेवाकेन्द्र, चिङ्गाड गाउँपालिका, मटेला सुर्खेत ।

- कार्यालय: ९८५८०७७५९१ सेवा केन्द्र प्रमुख ९८५८०७७६७१

१२) ओयसिस सेवा केन्द्र, वीरेन्द्रनगर-६, वीरेन्द्रचोक, सुर्खेत ।

- कार्यालय: ०८३-५२०३५४ सेवा केन्द्र प्रमुख ९८५८०७७५९२

**१.८. संस्थाका कुल सदस्य संख्या:** जम्मा २२१९७ (महिला: १२,२३६ पुरूष: ९,९१७ अन्य: ४४)

**१.९. संस्थाको हालसम्मको वित्तीय अवस्था:**

| विवरण | २०८० असार मसान्तसम्मको |
|---|---|
| कुल शेयर पूँजी | १४,३२,७०,४००।०० |
| जगेडा कोष | ५,३३,६४,३७४।२७ |
| अनिवार्य कोषहरू | ३,४५,०१,५५२।८३ |
| कुल बचत | ७३,३२,७१,९५८।२५ |
| कुल ऋण लगानी | ९५,५१,७९,९३५।९० |
| कुल बाह्य ऋण | २१,९९,३९,५५८।९० |
| नगद तथा बैंक | २१,५९,५६,३७८।६ |
| लगानी (छाता संघहरूमा लगानी) | ५८,७५,६००।०० |
| स्थिर सम्पत्ति | ४,३३,२३,४५८।४९ |
| जम्मा आम्दानी | १५,६५,९०,८०१।७३ |
| जम्मा खर्च | १३,७३,७१,९८३।०० |
| ऋण नोक्सानी कोष | ३४०५४९१०।५२ |
| कर अघिको मुनाफा | १,९२,१८,८१९।१५ |
| कुल कारोवार | १,२३,२१,५६,९६२।७४ |

**१.१०. हालसम्म संस्थाको नेतृत्व गर्ने अध्यक्षहरूको विवरण:**

| क्र.सं. | नाम | ठेगाना | कार्यकाल | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | श्री देव किरण बि.सी. | वीनपा ७, सुर्खेत | २०५८/०३/२२ | २०५९/०४/१४ |
| २ | श्री भीम प्रसाद सापकोटा | वीनपा ६, सुर्खेत | २०५९/०४/१५ | २०६२/०९/१६ |
| ३ | श्री ज्ञानु कुमारी बि.सी. | वीनपा ७, सुर्खेत | २०६२/०९/१७ | २०६५/०८/०७ |
| ४ | श्री मोती प्रसाद सापकोटा | वीनपा ११, सुर्खेत | २०६५/०८/०८ | २०६७/०९/२९ |
| ५ | श्री कृष्ण बहादुर खड्का | वीनपा ६, सुर्खेत | २०६७/१०/०१ | २०७३/०६/१७ |
| ६ | श्री बम बहादुर बि.सी. | वीनपा ३, सुर्खेत | २०७३/०६/१८ | हालसम्म |

**१.११.संस्थाको परिकल्पना:**

**"दीगो, प्रतिस्पर्धी र उत्तरदायी वीरेन्द्रनगर साकोस"**

**१.१२. संस्थाको मुख्य ध्येय:**

"सहकारी सिद्धान्तको पालना गर्दै नवीनतम् प्रविधिको माध्यमबाट सदस्यहरूको सहज जीवनयापनका लागि उत्तरदायी भई सम्पूर्ण वित्तीय सेवा सहितको सक्षम संस्था बनाउने ।"

**१.१३. संस्थाका दीर्घकालिन उद्देश्यहरू:**

- संस्थासँग आवद्ध सदस्यहरू र जनसमुदायबीच स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययीता अभिवृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्द्धन गर्ने ।
- नियमित रूपमा सदस्यहरूबाट निक्षेप प्राप्त गर्नुका साथै उनिहरूले गरेको निक्षेपमा प्रतिस्प्रर्धात्मक रूपमा व्याज दिने ।
- उत्पादनशील, आयमूलक, सीपमुलक उद्देश्यका लागि सदस्यहरूलाई उचित व्याजदरमा ऋृण प्रदान गर्ने ।
- आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धी धारणाबारे सदस्यहरूलाई उत्प्रेरित गर्ने ।
- सदस्यहरूलाई आय आर्जन क्षमता वृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलब्ध गराउने ।
- सदस्यहरूको आर्थिक अवस्थामा सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप सञ्चालन गर्ने ।
- साधारण जनताको आर्थिक अवस्थाको विकास र प्रवर्द्धनमा समर्पित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सँगठनहरूको दाँजोमा पुग्ने उद्देश्य लिई गठित केन्द्रीय संघको सदस्यता ग्रहण गर्ने ।
- दातृ संस्थाहरूबाट कुनै शर्त नराखी प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्ने ।
- आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहयोगात्मक भावना राख्ने ।
- सदस्यहरूको समृद्धि र विकासको अधिकतम् हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमावली र यस विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य सञ्चालनका साथै चल

अचल सम्पत्ति आर्जन गर्ने, क्रय-विक्रय गर्ने, विनिमय गर्ने, हस्तान्तरण गर्ने, धरौटी राख्ने, बन्धकी राख्ने आदि कार्य गर्ने ।

- सदस्यहरूको संस्थागत विकासका लागि आय आर्जन परियोजना सञ्चालन गर्ने ।
- समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहको आर्थिक सामाजिक उत्थानमा सहयोग पुर्‍याउने ।
- अन्य संघ संस्थाबाट ऋण दिने र लिने ।

**१.१४. कर्मचारीको संख्याः**

| क्र.स. | कर्मचारी संरचना | तह | हालसम्मको जम्मा संख्या |
|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | एघारौ तह | १ जना |
| २ | कार्यालय व्यवस्थापक | सातौ तह | १ जना |
| ३ | कार्यक्रम अधिकृत | छैठौ तह | २ जना |
| ४ | विभागीय प्रमुख तथा सेवा केन्द्र प्रमुख | पाँचौ तह | १६ जना |
| ५ | कार्यालय सहायक | चौथो तह | १७ जना |
| ६ | सहायक (एसएचजीपी कार्यकर्ता) र बजार सहजकर्ता) | तेस्रो तह | ३६ जना |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ जना |
| | | जम्मा | ७४ जना (कार्तिकसम्म) |

**१.१५. सञ्चालक समितिको संख्या** : १७ जना (४ महिला १३ पुरूष)

**१.१६. लेखा सुपरीवेक्षण समिति** : ३ जना

**१.१७. उपसमितिको संख्या** : २ वटा

(१) ऋण उपसमिति ३ जना

(२) शिक्षा उपसमिति ३ जना

**१.१८. प्रविधिको उपयोगिताः**

संस्थाका सबै हिसाव कितावहरू सफ्टेवयरमा राखिएको छ । संस्थाले आफ्नै वेवसाईट सञ्चालनमा ल्याउनुका साथै सामाजिक सञ्जाल मार्फत संस्थाका गतिविधि सदस्य तथा सरोकारवाला निकायलाई सुसूचित गराई रहेको अवस्था छ । कर्मचारीहरूको द्रुत परिचालन तथा सञ्चार व्यवस्थापनका लागि संस्थागत इमेल, भाइबर समूह बनाई संस्थाको कारोवारो र सूचना आदान प्रदान गरिरहेको छ । डिजिटल सेवा अन्तरगत संस्थाले एसएमएस, मोबाइल एप्लिकेशन (Birendranagar Smart Coop), क्युआर स्क्यान तथा एटिएम सेवा उपलब्ध गराइरहेको छ ।

**१.१९. संस्थाको तर्फबाट सदस्य केन्द्रित सेवाः**

- ➢ सदस्यहरूलाई शिक्षा तथा सूचना ।
- ➢ व्यावसायिक तालिम ।
- ➢ सदस्यका जेहेन्दार छोरा छोरीहरूलाई छात्रवृत्ति प्रदान ।
- ➢ सदस्यहरूलाई सबै किसिमको वित्तीय सेवा ।
- ➢ जेष्ठ सदस्य सम्मान कार्यक्रम ।
- ➢ बाल बचतकर्तालाई जन्मदिनको उपलक्ष्यमा शुभकामना तथा उपहार ।
- ➢ संस्थागत योगदानकर्ता शेयर सदस्यलाई पुरस्कार तथा सम्मान ।
- ➢ सफल सहकारी संस्थाहरूको अध्ययन भ्रमण ।
- ➢ मृत्यु संस्कारमा राहत तथा श्रद्धाञ्जली अर्पण ।

**१.२०. समुदाय केन्द्रित सेवाहरूः**

- ➢ वीरेन्द्रनगर स्वयम् सहायता समूह कार्यक्रम (BSHGP) ।
- ➢ सामाजिक सेवा तथा राहत कार्यक्रम ।
- ➢ विप्रेषण सेवा (आन्तरिक तथा बाह्य) ।
- ➢ रक्तदान कार्यक्रम ।
- ➢ सरसफाई कार्यक्रम ।

**१.२१. आबद्धताः**

(१) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., नेफ्स्कुन ।
(२) राष्ट्रिय सहकारी बैंक लि., काठमाण्डौ ।
(३) जिल्ला बचत तथा ऋण सहकारी संघ लि., सुर्खेत ।
(४) जिल्ला सहकारी संघ लि., सुर्खेत ।
(५) प्रदेश बचत तथा ऋण सहकारी संघ लि., कर्णाली प्रदेश, सुर्खेत ।
(६) राष्ट्रिय सहकारी सहासंघ, नेपाल ।

**१.२२. संस्था सञ्चालनमा हाम्रा प्रतिवद्धताः**

१. हामी सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरूलाई पूर्ण रूपमा पालना गर्दछौं ।
२. हामी “एकका लागि सबै सबैका लागि एक” को मान्यताप्रति प्रेरित छौं ।
३. हामी पारस्परिक सहयोगमा आधारित समाजको परिकल्पना पूरा गर्न प्रतिबद्ध छौं ।
४. हामी शेयर सदस्यहरूलाई सेवा प्रवाह गर्दा गुणस्तरीयता कायम गर्न प्रतिबद्ध छौं ।
५. हामी सञ्चालकहरू संस्थाको हितका लागि स्वयम्सेवी भावनाले क्रियाशील हुन्छौं ।
६. शेयर सदस्यहरूद्वारा माग हुने संस्थाका गतिविधिहरूको सूचनाको हकप्रति पूर्ण प्रतिबद्ध छौं ।
७. हाम्रो संस्थाका सम्पूर्ण कार्य एवम क्रियाकलापहरूमा पारदर्शीता कायम राख्नेछौं ।

८. सबै शेयर सदस्यहरूको आर्थिक कारोवारोको गोपनीयता कायम राख्नेछौँ ।

९. संस्थाका सञ्चालकहरू, सबै तह र क्षेत्रमा क्रियाशील कर्मचारीहरू संस्थाप्रति पूर्ण जवाफदेही र स्व-उत्तरदायी हुनेछौँ ।

१०. हामी हाम्रा सबै शेयर सदस्यहरूको आर्थिक कारोवारोको सुरक्षाका लागि प्रतिबद्ध छौँ ।

११. हामी हाम्रो संस्थामा सुशासन कायम गर्न प्रतिबद्ध छौँ ।

१२. हामी हाम्रा शेयर सदस्यहरूद्वारा प्राप्त सुझावहरूलाई संस्था सञ्चालनका मार्गदर्शनका रूपमा ग्रहण गर्दछौँ ।

१३. हामी संस्थाको हितका लागि सरोकारवाला सबैसँग सम्पर्क समन्वय गर्न प्रतिबद्ध छौँ ।

१४. हामी संस्थाको साधारणसभाले दिएका निर्देशनहरू पालन गर्न पूर्ण प्रतिबद्ध छौँ ।

## ऋण लगानी सम्बन्धी व्यवस्थाको जानकारी

**(क) योग्यता**

१) संस्थाको शेयर सदस्य भएको कम्तिमा ९० दिन पुगेको ।

२) ऋण लगानीको ५ प्रतिशत शेयर र ५ प्रतिशत मासिक बचत अनिवार्य हुनु पर्नेछ ।

३) खाता खोल्दा आफुले कबुल गरेको मासिक बचत रकम विगत ३ महिनादेखी लगातार जम्मा गरेको ।

४) पुरानो ऋण भएमा ऋण रकम चुक्ता भएको कम्तिमा ४५ दिन पुरा भएको ।

**(ख) आवश्यक कागजात**

५) संस्थाबाट उपलव्ध हुने ऋण निवेदन ।

६) ऋणको परियोजना खुल्ने परियोजना पुष्टि हुने कागजातहरू ।

७) धितो दिने जग्गाको लालपुर्जा र तिरो तिरेको रसिद ।

८) संस्थाले लेखेको पत्र अनुसारको जग्गाको ट्रेस नक्सा र व्लु प्रिन्ट नक्सा ।

९) जग्गाको चार किल्ला प्रमाणित कागज ।

१०) व्यवसाय दर्ताको प्रमाण र कर चुक्ता प्रमाण ।

११) व्यवसाय बाहेकका ऋणमा नियमित आयश्रोत प्रमाणित हुने कागज र विवरण ।

१२) ऋण लिन चाहने सदस्यको १ प्रति पासपोर्ट साइजको फोटो ।

१३) घर भवन भए सम्बन्धित निकायबाट घरको नक्सा पास प्रमाण पत्र, घर सम्पन्न प्रमाण पत्र र घरको नक्सा समेतको प्रतिलिपि ।

१४) नागरिकताको प्रतिलिपि ।

१५) मन्जुरीनामाबाट भएमा (आफ्नो परिवारभित्र मन्जुरीनामा दिने व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति फोटो १ प्रति र मन्जुरीनामा ।

# श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

वीरेन्द्रनगर-६, सुर्खेत

## हालसम्म एकीकरण भएका सहकारी संस्थाहरूको विवरण

सुर्खेत जिल्लाभित्र सञ्चालनमा रहेका कार्यक्षेत्र जोडिएका र उद्देश्य मिलेका विभिन्न सहकारी संस्थाबीच एकीकरण गरी संस्था तथा सदस्यहरूको आर्थिक तथा सामाजिक र सांस्कृतिक अवस्थालाई सुदृढ गर्दै सहकारी व्यवसायलाई आधुनिक, वैज्ञानिक र विश्वसनीय बनाउन सदस्य सेवा स्तरलाई वृद्धि गर्दै समग्र वित्तीय अवस्थामा प्रभावकारी परिवर्तन गर्ने उद्देश्यले हालसम्म ८ वटा सहकारी संस्थाहरू मिलेर श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. बनेको छ। यस एकीकरण अभियानमा साथ दिने ८ वटै सहकारी संस्थाहरूको सञ्चालक ज्यूहरू, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, कर्मचारी र सबै शेयर सदस्यहरूको योगदानलाई वीरेन्द्रनगर साकोसको इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ। त्यसका लागि यहाँहरू सबैलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छौं। यस एकीकरण अभियानमा हालसम्म साथ दिने ८ वटा संस्थाहरूको सामान्य चिनारी यस प्रकार रहेको छ।

**१. श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि., वीरेन्द्रनगर-६, सुर्खेत**

☞ समुदायमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा टेवा पु्‍याउने उद्देश्यले २०५८ आषाढ २२ गते २७ जनाको भेलाद्धारा वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नामाकरण गरी आवश्यक प्रक्रिया पुरा गरी सहकारी ऐन र सहकारी नियमावलीको परिधिभित्र रहि यसमा आवद्ध भएका सबै सदस्यहरूको एउटा छुट्टै पहिचान बनाउन सक्ने गरी वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. को २०५८ आषाढ २२ गते दर्ता नं. २११ (११) ०५७/०५८) मा जिल्ला सहकारी कार्यालय बाँकेमा दर्ता भयो। संस्था स्थापनादेखि हालसम्म आएका उतार चढाव र तिता मिठा क्षणहरूलाई सकारात्मक सिकाईको रूपमा लिदै हाल संस्थाले सुर्खेत जिल्लाभरि कार्यक्षेत्र कायम गरी संस्थामा ७४ जना कर्मचारी र थप १२ वटा सेवा केन्द्र सहित वीरेन्द्रनगर नगरपालिका वडा नं.-६, गणेशचोक स्थित संस्थाको मुख्य कार्यालय रहेको छ।

**२. श्री पञ्चज्योती बचत तथा ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर-४, सुर्खेत**

☞ सहकारी सिद्धान्त अनुसार बचत तथा ऋण परिचालतको माध्यमबाट सदस्यको आर्थिक जीवनस्तरमा सुधार ल्याई आधुनिक प्रविधिको प्रयोग गरी सदस्यहरूको आवश्यकतालाई मध्यनजर गर्दै समय सापेक्ष सेवाबाट सदस्यहरूलाई सक्षम बनाउने उद्देश्यले डिभिजन सहकारी कार्यालय सुर्खेतमा मिति २०६५/८/२९मा दर्ता भएको दर्ता नम्बर ३०/२०६५/०६६ को श्री पञ्चज्योती बचत तथा ऋण सहकारी संस्था लि वीरेन्द्रनगर-४, सुर्खेतमा सञ्चालन भई मिति २०७७/०६/२२ गते श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो।

**३. श्री आफन्त ग्रामीण कृषि तथा पशुपालन सहकारी संस्था लि. वीरेन्द्रनगर-३, सुर्खेत**

☞ हाम्रो समाजमा रहेको व्याप्त गरिबी, अशिक्ष र कूलतबाट समूदायका यूवाहरूलाई मुक्त गरि बचत गर्ने बानीको विकास गराउने र संकलित बचतलाई सदस्यहरू भित्रै परिचालन गरि विभिन्न किसिमका उद्यमहरू ग्र्ने उद्देश्यले डिभिजन सहकारी कार्यालय सुर्खेतमा मिति २०६५/८/२९ मा दर्ता भएको दर्ता नम्बर ५/२०६५/०६६ को आफन्त ग्रामीण कृषि

तथा पशुपालन सहकारी संस्था लिमिटेड वीरेन्द्रनगर-४, सुर्खेतमा सञ्चालन भई मिति २०७७/०६/२२ मा श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।

**४. श्री जनमैत्री बहुउद्देश्यीय सहकारी संस्था लि. वीरेन्द्रनगर-३, सुर्खेत**

☞ सदस्यहरूको सहकारीका माध्यमद्धारा सामाजिक तथा आर्थिक रूपमा रूपान्तरण गर्ने उद्देश्य अनुरूप डिभिजन सहकारी कार्यालय सुर्खेतमा मिति २०६६/४/२८ दर्ता भएको दर्ता नम्बर ६/०६६/०६७ को श्री जनमैत्री बहुउद्देश्यीय सहकारी संस्था लि वीनपा-३, सुर्खेतमा सञ्चालन भई मिति २०७७/०६/२२ गते श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।

**५. श्री नवबौद्धिक एकता बचत तथा ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर-८, सुर्खेत**

☞ "एक थुकी सुकी सय थुकी नदि, आज गरे बचत भोलि जीवन सुखी" भन्ने मूल नाराको साथ सहकारीद्धारा जनताको सामाजिक तथा आर्थिक रूपान्तरण गर्न जनताको सेवा जनताद्धारा र सबैको घर आँगनमा सेवा दिने उद्देश्यका साथ सुर्खेत क्याम्पस (शिक्षा) र मध्यपश्चिम विश्वविद्यालयमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरूको बौद्धिक जमातको सहकार्यमा डिभिजन सहकारी कार्यालय, सुर्खेतमा मिति २०६८/०२/०२ दर्ता भएको दर्ता नम्बर ८५/०६७/०६८ को श्री नवबौद्धिक एकता बचत तथा ऋण सहकारी संस्था लि. वीनपा-८, सुर्खेतमा सञ्चालन भई मिति २०७९/०३/२२ गते श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।

**६. श्री मालिका बचत तथा ऋण सहकारी संस्था लि. चिङ्गागाड-३, मटेला, सुर्खेत**

☞ सहकारी सिद्धान्त आत्मसात गर्दै बचत तथा ऋण परिचालतको माध्यमबाट सदस्यको आर्थिक जीवनस्तरमा सुधार ल्याई सदस्यहरूको आवश्यकतालाई मध्यनजर गर्दै समय सापेक्ष सेवाबाट सदस्यहरूलाई सेवा प्रवाह गर्ने उद्देश्यले डिभिजन सहकारी कार्यालय सुर्खेतमा मिति २०६४/१०/०३ दर्ता भएको दर्ता नम्बर २९/०६४/०६५ को श्री मालिका बचत तथा ऋण सहकारी संस्था लि चिङगाड-३, मटेला सुर्खेतमा सञ्चालन भई मिति २०७९/०३/२२ गते श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।

**७. श्री अभ्युदय ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. पञ्चपुरी-५, सुर्खेत**

☞ सहकारी सिद्धान्त आत्मसात गर्दै बचत तथा ऋण परिचालतको माध्यमबाट सदस्यको आर्थिक जीवनस्तरमा सुधार ल्याई सदस्यहरूको आवश्यकतालाई मध्यनजर गर्दै समय सापेक्ष सेवाबाट सदस्यहरूलाई सेवा प्रवाह गर्ने उद्देश्यले डिभिजन सहकारी कार्यालय सुर्खेतमा मिति २०६७/१०/१९ गते दर्ता भएको दर्ता नम्बर ४६/०६७/०६८ को श्री अभ्यूदय ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि पञ्चपुरी नगरपालिका-५, सुर्खेतमा सञ्चालन भई मिति २०७९/१२/२१ गते श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।

**८. श्री ओयसिस बचत तथा बचत ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर-६, सुर्खेत**

☞ सहकारी सिद्धान्त आत्मसात गर्दै बचत तथा ऋण परिचालतको माध्यमबाट सदस्यको आर्थिक जीवनस्तरमा सुधार ल्याई सदस्यहरूको आवश्यकतालाई मध्यनजर गर्दै समय सापेक्ष सेवाबाट सदस्यहरूलाई सेवा प्रवाह गर्ने उद्देश्यले डिभिजन सहकारी कार्यालय, सुर्खेतमा मिति २०६४/१०/१५ गते दर्ता भएको दर्ता नम्बर ३४/०६४/०६५ को श्री ओयसिस बचत तथा ऋण सहकारी संस्था लि वीरेन्द्रनगर-६, सुर्खेतमा सञ्चालन भई मिति २०७९/१२/२१ गते श्री वीरेन्द्रनगर साकोसका बीच एकीकरण भएको थियो ।

# २२औं वार्षिक साधारण सभामा अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन-२०८०



**बमबहादुर बि.सी.**
अध्यक्ष

**१. पृष्ठभूमिः**

यस सभाका श्रद्धेय प्रमुख अतिथिज्यू र समआदरणीय अतिथिज्यूहरू,
सम्पूर्ण शेयर सदस्य महानुभावहरू ! सहकारी अभिवादन !
**"तपाई हामीलाई विश्वास गर्नुस्, हामी तपाईलाई आड-भरोसा दिन्छौं ।"**

वर्तमान समयमा सहकारीप्रति अविश्वास बढिरहेको वेलामा वीरेन्द्रनगर साकोस सदस्यहरूको विश्वासले नै एक पछि अर्को सफलता चुमिरहेको छ । सहकारी संस्थाले अपनाउनु पर्ने विधि र पालना गर्नुपर्ने मापदण्डहरूको पालना अनि सदस्यहरूको चाहना र आवश्यक सेवा प्रवाह गर्दै सदस्य सन्तुष्टीलाई शिरोधार्य गर्नु हाम्रो मुख्य जिम्मेवारी हो । सदस्यहरूको विश्वास र हामीले पूरा गरेको जिम्मेवारीको संयोजनले नै वर्तमानको अवस्थासम्म हाम्रो यात्रा सहज र प्रगति उन्मुख रहेको हो भन्ने हाम्रो बुझाइ छ। सत्यता पनि त्यही नै हो। कानुनले निर्धारण गरेका, हाम्रो आफ्नो अभ्यासले सही सिद्ध गरेका र आगामी दिनहरूको माग पूरा हुने खालका क्रियाकलापहरू संस्थाका मुख्य लक्ष्य हुनेछन्। यसका लागि "**तपाई हामीलाई विश्वास गर्नुस् हामी तपाईलाई आड-भरोसा दिन्छौं ।**" भन्ने मूल नारा तय गरिएको छ। यस चालु वर्षमा यही नारा र मान्यतामा आधारित भएर संस्थाका सबै क्रियाकलापहरू सञ्चालन गरिने छन्।

हामीले हरेक वर्ष सहकारी संस्थाको नियमित अभ्यास, परम्परा र प्रक्रियाका रूपमा संस्थाका शेयर सदस्यहरूको सहभागितामा वार्षिक पर्वकै रूपमा साधारण सभा गर्दै आएका छौँ । त्यसको २२औं खुड्किलोका रूपमा आज हामी हाम्रो संस्थाको २२औं वार्षिक साधारण सभालाई भव्य रूपमा सम्पन्न गर्न यहाँ उपस्थित भएका छौँ । विगत सन् २०१९ देखि विश्वभर फैलिएको कोभिड-१९ महामारीको कारण सिर्जना भएको आर्थिक मन्दीका बीचबाट हाम्रो समृद्धिको उकालो यात्रा अथक र नियमित छ । यसबीचमा आइलागेका विभिन्न आरोह अवरोहहरूलाई सहजरूपमा पार गरेर हामीले सदस्यहरूलाई सेवा दिदै आएका छौं। यसको मूल कारण हाम्रा सदस्यहरूको अटुट विश्वास र हामीप्रतिको भरोसा नै हो।

**सम्पूर्ण शेयर सदस्य महानुभावहरू !**

सहकारी विभागले जारी गरेका निर्देशन र तोकेको मापदण्डलाई पालना गरी हाम्रो संस्थाको २२औं साधारण सभा गरिरहेका छौँ । यस अवसरमा हाम्रा शेयर सदस्यहरूले केही अप्ठ्याराहरूको सामना गर्नु परेकोमा हामी क्षमा चाहन्छौं। अपीतु यस अवसरमा संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरूमा शुभकामना सहित हार्दिक स्वागत तथा सहकारी अभिवादन भन्न चाहन्छु।

स्वेच्छिक रूपमा एकजुट भई आफ्ना समान आर्थिक, सामाजिक र सांस्कृतिक लगायत वातानुकुलित आवश्यकता पूरा गर्न लोकतान्त्रिक नियन्त्रण प्रणालीमा आधारित पद्धतिलाई दह्रो गरी समात्ने र त्यस मान्यता र आदर्शबाट प्रेरित भएका मानिसहरूको साझा व्यावसायिक सँगठनका रूपमा सहकारी

संस्थालाई लिने गरिन्छ र लिनु पर्दछ । सहकारीमा 'म' को सट्टामा 'हामी' को भावना मुख्य रूपमा मुखरित हुनु पर्दछ । सहकारी संस्था कम मुनाफा र बढी सेवाभावले प्रेरित भएको हुन्छ । अथवा सेवाभाव सहितको व्यावसायीक गुण, मूल्य मान्यता र आदर्श बोकेका संस्था नै सहकारी संस्था हुन । वीरेन्द्रनगर साकोस त्यसको असली द्योतक हो ।

सहकारी दैनिक जीवन पद्धति हो । जीवन दर्शनको आधार हो । सहकारी मानव श्रृष्टिका अमूल्य मान्यताहरू वसुदैव कुटुम्वकम्, बहुजन हितायः, बहुजन सुखायः, सर्वे भवन्तु सुखिनः, परोहित परोपकार र पारस्परिक सहयोगलाई स्थापित गर्न उद्धत प्रणाली पनि हो । यी मानव जातिका आर्दश र मान्यताहरूको स्थापनामा सहकारी सदैव अग्रभागमा रहदै आएको छ । वीरेन्द्रनगर साकोस पनि विगतका विभिन्न कालखण्डहरूमा श्रृजित संकटहरूबाट आफ्ना सदस्यहरूलाई बाहिर निकाल्न विभिन्न प्रयत्न गर्दै आएको विषय आम शेयर सदस्यहरूलाई अनुभूत छ, ज्ञातव्य छ । यसको पुर्नस्मृति गराउन चाहन्छु ।

सहकारी स-सानो मानवीय र आर्थिक पूँजीलाई एककृत गरी त्यसको समुच्चा परिचालनबाट सामूहिक रूपमा सञ्चालन गरिने व्यवसाय भएको हुनाले नेपालमा यसको प्रयोग सफल हुनुपर्ने हो तर त्यसो हुन सकेको छैन । नेपाल जस्तो अल्पविकसित मुलुकका लागि सहकारी व्यवसायका माध्ययमबाट आर्थिक समृद्धि, सामाजिक रूपान्तरण, सांस्कृतिक जर्गेना र वातावरण संरक्षणको क्षेत्रमा सफलता प्राप्त हुन सक्ने सम्भावनालाई पछिल्लो चरणमा राज्य र राज्य सञ्चालकहरूको दृष्टि पुग्न थालेको छ ।

त्यसैले नै नेपालको संविधानमा नै समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरेको अवस्था र नेपाल सरकारले तीन खम्बे अर्थनीति अवलम्बन गरिरहेको छ । यस परिप्रेक्षमा समुदायमा आधारित सहकारी संस्थाहरूको दायित्व केवल व्यवसाय सञ्चालन गरेर मात्र पूरा नहुने भएको छ । आत्मनिर्भर अर्थतन्त्र, अन्तरनिर्भर समाज निर्माणमा सहकारीले मात्र योगदान गर्न सक्ने कुरालाई दृष्टिगत गरी तद्नुरूप पाइला चाल्नुपर्ने जिम्मेवारी बढेको छ । सहकारी व्यवसाय वा सहकारी प्रणाली समाजवादी व्यवस्थाका आधार हुन भन्ने विषयमा आज सबै जना सहमत छन । त्यति मात्र होइन सहकारी लोकतान्त्रिक व्यवस्थाका पनि आधार हुन् । आज हाम्रो देश व्यवस्थाका दृष्टिले संघीयतामा आधारित लोकतान्त्रिक गणतन्त्र, आर्थिक दृष्टिले आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र र सामाजिक दृष्टिले सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्दै समाजवाद निर्माणको लक्ष्यमा अगाडि बढी रहेको छ । देशको यही महाअभियानमा सहकारी क्षेत्रले पनि महत्वपूर्ण योगदान गरिरहेको परिप्रेक्षमा वीरेन्द्रनगर साकोस पनि त्यसमा लामबद्ध भएको छ ।

यस अवसरमा हामी गौरव अनुभूति गरिरहेका छौँ कि देश निर्माणको महाअभियानमा जिम्मेवारी बोधका साथ "**समुदायमा आधारित दिगो, उत्कृष्ट र व्यावसायिक साकोस**" बनाउने परिकल्पना अनुरूप हालसम्म आठवटा सहकारी संस्थाहरूकाबीच एकीकरण भई एकीकृत वीरेन्द्रनगर साकोसलाई अझ बृहत संस्थाको रूपमा स्थापित गरेका छौँ ।

संस्थाले संस्थाका आम शेयर सदस्यहरूको आशा, विश्वास र भरोसालाई शीरोपर गर्दै आएको छ । त्यस कारणले नै हामी हाम्रो ज्ञान, सीप र क्षमता एवम् अनुभवको अधिकतम उपयोग गरी संस्थागत विकास, सदस्यलाई सर्वसुलभ सेवा प्रदान गर्दै संस्थालाई प्रतिस्पर्धात्मक स्थानसम्म लैजानका लागि

निरन्तर रूपमा जुटिरहेका छौ । परिवर्तित समय र परिस्थिति, सदस्यहरूको आवश्यकता, चाहना र भावनालाई दृष्टिगत गरी नीति, विधि र प्रविधि मार्फत संस्था अगाडि बढाउने प्रयत्न गरिरहेका छौं । संस्थाले गत वर्ष तय गरेको लक्ष्य प्राप्तिमा केही कठिनाइहरू आए पनि निर्धारित लक्ष्य प्राप्त गरेका छौँ । अपितु निर्धारित लक्ष्य बाहेकका अन्य लक्ष्यहरू पूरा गर्न सकिएन । तर गतको अवस्थालाई गुम्न पनि दिएनौं । हामीले कायम गरेको उपलव्धीको चर्चा तल गरिएको छ । त्यसको प्रतिफलका रूपमा सदस्यहरूको सकारात्मक प्रतिक्रिया, सहयोग र सहभागिता पनि प्राप्त भएको छ । त्यसै गरी सरकार र सहकारी अभियानका नियमनकारी निकायहरूको सहयोग र सद्भाव पनि संस्थाले पाएको छ । यस संस्थाले थालेको संस्था एकीकरण अभियानमा हातेमालो गर्ने साकोसहरू र त्यसका सञ्चालकज्यूप्रति धन्यवाद पनि भन्न चाहन्छु । सोही विद्यामा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफ्स्कून) ले हामीलाई पुरस्कृत गरेको छ । यस सन्दर्भमा पनि वीरेन्द्रनगर साकोसका (नेफ्स्कूनलाई हार्दिक आभार प्रकट गर्दै सम्पूर्ण शेयर सदस्य ज्यूहरूलाई हार्दिक धन्यवाद र बधाई भन्न चाहन्छु । अन्य सहयोगी निकायहरू र व्यक्तिहरूलाई आभार व्यक्त गर्न चाहन्छु ।

**२. प्रगति प्रतिवेदनको विस्तृति :**

**आदरणीय शेयर सदस्यज्यूहरू !**

अब म हाम्रो संस्थाको प्रगति प्रतिवेदनको विस्तृत विवरण प्रस्तुत गर्न चाहन्छु । गत वर्ष हामीले संस्थाको २१औं साधारणसभामा आर्थिक वर्ष २०७२/०७३ देखि २०७८/०७९ सम्मको आर्थिक र सांगठनिक अवस्थाको समीक्षा गरेका थियौं । यस पटक म विगत ३ वर्ष यताको आर्थिक र सांगठनिक अवस्था र उपलव्धीहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**२.१. विगत तीन वर्ष यताको सांगठनिक, वित्तीय र सदस्यता बृद्धिको विवरण**

| क्र.सं. | विवरण | २०७८/२०७९ | २०७९/२०८० | बृद्धि |
|---|---|---|---|---|
| १ | सदस्यता | १९२५६ | २२,१९७ | २,९४१ |
| २ | शेयर पूँजी | १२,२५,५८,०००।०० | १४,३२,७०,४००।०० | २,०७,१२,४०० |
| ३ | बचत | ७१,२१,७२,८२८।०६ | ७३,३२,७१,९५८।३२ | २,१०,९९,१३०।२६ |
| ४ | ऋण लगानी | ९२,३९,७७,००५।९२ | ९५,५१,७९,९३५।९० | ३,१२,०२,९२९।९८ |
| ५ | जगेडा कोष | ३,२६,७३,५९९।०९ | ५,३३,६४,३७४।२७ | २,०६,९०,७७५।१८ |
| ६ | अन्यकोष | १,७०,७९,००६।९८ | ३,४५,०१,५५३।०० | १,७४,२२,५४६।०२ |
| ७ | ऋण जोखिमकोष | २,७३,७२,७४६।६८ | ३,४०,५४,९११।०० | ६६,८२,१६४।३२ |
| ८ | बाह्यऋण दायीत्व | २७,७८,४१,१९३।८० | २१,९९,३९,५५९।०० | -५,७९,०१,६३४।८० |
| ९ | शेयर लगानी | ५४,२६,७४८।२२ | ५८,७५,६००।०० | ४,४८,८५१।७८ |
| १० | स्थिर सम्पत्ति | २,२८,४९,००२।०९ | ४,३३,२३,४५८।०० | २,०४,७४,४५५।९१ |
| १२ | वासलात | १,२०,७३,७४,५६८।४९ | १,२३,२१,५६,९६३।०० | २,४७,८२,३९४।५१ |
| १३ | बाल बचतकर्ता | ४०४२ | ४२५१ | २०९ |
| १४ | ऋणी संख्या | २८७२ | २८११ | -६१ जना |
| १५ | कर्मचारी संख्या | ७९ जना | ७३ जना | -६ जना |

**२.२. संस्थाको रणनीतिक व्यावसायिक योजनाको प्रभाव :**

आर्थिक वर्ष २०७४/२०७५ देखि २०७७/२०७८ सम्म तीन वर्षे रणनीतिक योजनाको अवधि समाप्त भए पश्चात् तेश्रो आवधिक योजना आर्थिक वर्ष २०७८/०७९ देखि २०८२/०८३ सम्म निर्माण गरी कार्यान्वयनको दोश्रो वर्षमा छौँ ।

दोश्रो आवधिक योजनाले संस्थामा योजनाबद्ध कार्यसम्पादनको सकारात्मक प्रभाव पाऱ्यो । रणनीतिक व्यावसायिक योजनाको मार्ग निर्देशन संस्थाका सञ्चालकहरूको प्रतिबद्धता, संस्थाका कर्मचारीहरूको लगनशीलता र इमान्दारिता अनि संस्थाका शेयर सदस्यहरूको एकताबद्ध सहयोगले उक्त उपलब्धी प्राप्त गर्न सकिएको छ ।

**२.३. संस्थामाद्ध उपलव्ध नीति र तीनको कार्यान्वयनः**

संस्थाले संस्थाका आम शेयर सदस्यहरूको आशा, विश्वास र भरोसालाई शीरोपर गर्दै आएको छ । त्यस कारणले नै हामी हाम्रो ज्ञान, सीप र क्षमता एवम् अनुभवको अधिकतम् उपयोग गरी संस्थागत विकास, सदस्यलाई सर्वसुलभ सेवा प्रदान गर्दै संस्थालाई प्रतिस्पर्धात्मक स्थानसम्म लैजानका लागि निरन्तररूपमा जुटी रहेका छौँ । परिवर्तित समय र परिस्थिति, सदस्यहरूको आवश्यकता, चाहना र भावनालाई दृष्टिगत गरी नीति, विधि र प्रविधि मार्फत संस्था अगाडि बढाउने प्रयत्न गरिरहेका छौँ । संस्थाले गत वर्ष तय गरेको लक्ष्य प्राप्तिमा केही कठिनाइहरू आए पनि निर्धारित लक्ष्य प्राप्त गरेका छौँ । अपितु निर्धारित लक्ष्य बाहेकका अन्य लक्ष्यहरू पूरा गर्न सकिएन तर पनि लक्ष्यको नजिकै पुगेको कुरा सुनाउन पाउँदा खुसी लागेको छ । हामीले हाँसिल गरेको उपलब्धीको चर्चा तल गरिएको छ । त्यसको प्रतिफलका रूपमा सदस्यहरूको सकारात्मक प्रतिक्रिया, सहयोग र सहभागिता पनि प्राप्त भएको छ । त्यसै गरी सरकार र सहकारी अभियानका नियमनकारी निकायहरूको सहयोग र सद्भाव पनि संस्थाले पाएको छ । यस संस्थाले थालेको संस्था एकीकरण अभियानमा हातेमालो गर्ने साकोसहरू र त्यसका सञ्चालकज्यूप्रति धन्यवाद पनि भन्न चाहन्छु । सोही विद्यामा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफ्स्कून) ले हामीलाई पुरस्कृत गरेको छ । यस सन्दर्भमा (नेफ्स्कूनलाई हार्दिक आभार प्रकट गर्दै सम्पूर्ण शेयर सदस्य ज्यूहरूलाई हार्दिक धन्यवाद र बधाई भन्न चाहन्छु । अन्य सहयोगी निकायहरू र व्यक्तिहरूलाई आभार व्यक्त गर्न चाहन्छु ।

**३. प्रगति प्रतिवेदनको विस्तृतिः**

**आदरणीय शेयर सदस्यज्यूहरू !**

अब म हाम्रो संस्थाको प्रगति प्रतिवेदनको विस्तृत विवरण प्रस्तुत गर्न चाहन्छु । गत वर्ष हामीले संस्थाको २१औं साधारणसभामा आर्थिक वर्ष २०७२/०७३ देखि २०७८/०७९ सम्मको आर्थिक र सांगठनिक अवस्थाको समीक्षा गरेका थियौं । यस पटक म विगत ३ वर्ष यताको आर्थिक र सांगठनिक अवस्था र उपलब्धीहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

संस्था सञ्चालन गर्दा परेका अप्ठ्याराहरू, सदस्यहरूको आवश्यकता र संस्थाको सेवा प्रवाहको गतिलाई चुस्त दुरूस्त बनाउन, संस्थालाई सहकारी ऐन, नियमावलीको अधिनमा रही सहकारी संस्थाको स्वायत्तता उपयोग गरी विधि र विधान सम्मत सञ्चालन गर्ने प्रयास गरिएको छ । त्यसका लागि विगतदेखि

नै विभिन्न कार्यविधिहरू, निर्देशिकाहरू र आचार संहिताहरू तयार गरी संस्थालाई नीति, विधि र प्रविधि अनुकुल सञ्चालन गरिएको हो । यस वर्ष ती कार्यविधि, निर्देशिकाहरू र आचार संहिताहरूको समयसापेक्ष परिमार्जन तथा संशोधन गरी कार्यान्वयन गरिएको छन् । हाल संस्थामा ३३ वटा कार्यविधि र ३ वटा आचार संहिताहरू कार्यान्वयनमा रहेका छन् ।

**३.१ सञ्चालक तथा कर्मचारीहरूको क्षमता विकासका प्रयास र सहभागिता :**

संस्था सञ्चालनमा सञ्चालकभन्दा कर्मचारीहरूको भूमिका प्रमुख हुन्छ । उनीहरूको भूमिकालाई थप जिम्मेवार बनाउन, सीपको विकास गर्न, उच्च मनोवल भर्न र सिर्जनात्मक क्षमताको विकास गर्न विभिन्न प्रकारका विषय केन्द्रित तालिमहरूको आयोजना गरी आवश्यक मात्रामा कर्मचारीहरूलाई प्रशिक्षित गर्ने कार्यक्रम रहेकोमा यस वर्ष प्रस्तावित कार्यक्रमहरू पूर्ण रूपमा सम्पादन गर्न सकिएन । संस्थामा २०८० असारसम्म आइपुग्दा १८ जना स्थायी ४२ जना अस्थायी र १३ जना करार गरी जम्मा ७३ जना दक्ष कर्मचारीहरू कार्यरत रहेका छन् । जसमा महिला ५४ जना र पुरूष १९ जना कार्यरत छन् ।

सहकारी क्षेत्रमा अभावको रूपमा खड्किएको दक्ष जनशक्तिको अभाव हामी कहाँ पनि त्यत्तिकै तड्कारो थियो र अझै पनि छ । त्यस कारण हाल उपलव्ध भएको जनशक्तिलाई पनि प्रशिक्षित गर्दै कर्मचारी र संस्थाको कारोवारोको तादम्यता मिलाउनु पर्ने आवश्यकता छ ।

यी सबै कार्यका लागि यस वर्ष पनि संस्थाले सम्पर्क, समन्वय र सम्बन्ध विस्तारका क्षेत्रमा उल्लेख्य उपलव्धी हाँसिल गरेको छ । त्यसका लागि संस्थाको तर्फबाट केहि सभा सम्मेलनहरू, तालिमहरू र गोष्ठी तथा कार्यशालाहरूमा संस्थाको तर्फबाट भौतिक र भर्चुअल रूपमा सहभागिता दर्शाइएको छ । जसको विस्तृत विवरण शिक्षा उपसमितिको प्रतिवेदनमा पनि समावेश गरिएको छ ।

**३.२ संस्थामा हाल कार्यरत रहेका र आवश्यक पर्न सक्ने कर्मचारीहरूको विवरण :**

| क्र.सं. | कर्मचारी संरचना | तह | ०८० असारको संख्या | थपहुन सक्ने संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | अधिकृत एघारौं | १ जना | आवश्यकता अनुसार थपघट गर्न सकिने | १ जना |
| २ | कार्यालय व्यवस्थापक | सातौं तह | १ जना | | १ जना |
| २ | कार्यक्रम अधिकृत | अधिकृत छैटौ | ३ जना | | ३ जना |
| ३ | विभागीय प्रमुख तथा सेवा केन्द्र प्रमुख | पाचौं | १८ जना | | १८ जना |
| ४ | कार्यालय सहायक | चौंथो तह | १६ जना | | १६ जना |
| ५ | सदस्य सहजकर्ता | तेस्रो तह | ३२ जना | | ३२ जना |
| ६ | कार्यालय सहयोगी | श्रेणि विहिन | २ जना | | २ जना |
| **जम्मा** | | | ७३ जना | | ७३ जना |

### ३.३ तालिममा सहभागिताको विवरण

| क्र.स | तालिमको नाम | सहभागीको नाम | मिति | अबधि | स्थान |
|---|---|---|---|---|---|
| १ | सम्पत्ति सुद्धिकरण निबारण तथा जोखिम बिश्लेषण तालिम | उपेन्द्र कुमार थापा र दिपक आचार्य | २०७९/४/३०-३१ | २ दिन | पुल्चोक ललितपुर |
| २ | NAS तालिम | उपेन्द्र कुमार थापा र कमल बास्तोला | २०८०/१/१६-१८ सम्म | ३ दिन | काठमाण्डौ |
| ३ | नेतृत्व हस्तान्तरण तालिम | दिपक आचार्य र प्रकाश शर्मा | २०८०/१/३०-२/१ सम्म | ३ दिन | दिल्ली, भारत |

### ३.४ प्रोबेशन कार्यक्रममा सहभागिता र उपलव्धी :

पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन) मा वीरेन्द्रनगर साकोस २०७५ श्रावण १९ गतेदेखि आबद्ध भएर हालसम्म कार्यक्रममा सहभागी भईरहेका छौँ । संस्थालाई सदस्यमैत्री बनाउने, सुशासनयुक्त बनाउने, आर्थिक नियमहरूलाई पूर्ण रूपमा कायम गराउने, सहकारी ऐन नियमहरूको पूर्ण पालना र संस्थालाई पूर्णरूपमा व्यावसायिक बनाउन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को पूर्ण सहजीकरणमा सञ्चालित प्रोबेशन कार्यक्रममा सहभागी भएर संस्थालाई व्यवस्थित बनाइएको छ । सदस्यहरूलाई गुणस्तरीय सेवा प्रदान गर्न, सुशासनयुक्त प्रशासन निर्माणका साथै स्वस्थ र प्रतिष्पर्धी संस्थाको रूपमा स्थापित गर्न सकिएको छ ।

### ३.५ उपसमितिको सदस्यको भूमिका :

वीरेन्द्रनगर साकोस नेफ्स्कून सदस्य सेवाकेन्द्र सुर्खेतको सञ्चालक उपसमितिमा सदस्यको सक्रिय भूमिकामा रहेको छ । संस्थाको माध्यमबाट प्राप्त यो भूमिका संस्थाको जीवनमा महत्वपूर्ण उपलव्धीमा रूपमा लिइएको छ । सञ्चालक उपसमितिको सदस्यको हैसियतमा सो सम्बन्धी कार्य सम्पादन र सहभागिता निरन्तर रूपमा कायम गरिएको जानकारी गराउन चाहन्छु ।

### ३.६ संस्था एकीकरणका प्रयासहरू :

हामीले विगतमा जस्तै यस वर्ष पनि सहकारी संस्थाहरूबीच पारस्परिक सहयोग आदान प्रदान गर्ने र यस मार्फत स्थापित सम्बन्धलाई संस्था एकीकरणको तहसम्म विकसित गर्दै समृद्ध बनाउने कार्य निरन्तर रूपमा गर्दै आएका छौँ । त्यसका लागि संस्थाका अध्यक्ष श्री बमबहादुर बि.सी. को संयोजकत्वमा गठित एकीकरण कार्यदलले विभिन्न १३ वटा सहकारी संस्थाहरूसँग एकीकरण सम्बन्धी औपचारिक अनौपचारिक छलफल गरेको छ । यस वर्ष तीनवटा संस्थाबीचमा एकीकरण गरिएको छ । त्यसको विवरण तल प्रस्तुत गरिएको छ र अन्य संस्थाहरूसँग एकिकरणका लागि थप छलफल भइरहेका छन् । यस सम्बन्धी अभिलेख संस्थामा सुरक्षित रहेको छ ।

**३.७ संस्था एकीकृत संस्थाहरूको विवरण :**

| क्र.सं. | संस्थाको नाम | २०८० असार मसान्तसम्म | |
|---|---|---|---|
| | | सदस्य संख्या | कुल कारोबारो |
| १ | श्री ओयसिस साकोस, वीरेन्द्रनगर, सुर्खेत | ११९० | ४,४१,०८,६८३।९८ |
| २ | श्री अभ्यूदय साकोस पञ्चपूरी ६, सुर्खेत | २३५९ | ३,८४,५७,१८९।२२ |
| जम्मा | | | |

**३.८ संस्थामा अनुगमन तथा अवलोकनका लागि पाल्नु हुने महानुभावहरूको विवरण :**

बीरेन्द्रनगर साकोस सहकारीहरूबीच सहकार्य कार्यक्रमको अभियन्ता संस्था भएको हुनाले यसको भाइचारा सम्बन्ध पनि त्यत्तिकै विस्तारित छ । जसको कारणले संस्थाको छवि निर्माण र सम्बन्ध प्रगाढ हुँदै गएको छ । यही कुराको फलस्वरूप संस्थामा अनुगमन, अवलोकन र भेटघाट गर्ने संस्था र महानुभावहरूको संख्या पनि बढ्दो छ । यस अवसरमा सोही प्रयोजनका लागि संस्थामा पाल्नु हुने संस्था तथा महानुभावहरूको विवरण प्रस्तुत गरिएको छ ।

| क्र.सं | नाम | संस्थाको नाम | भूमिका | मिति |
|---|---|---|---|---|
| १ | श्री शान्ति अधिकारी | नेफ्स्कून | उपाध्यक्ष | २०७९।६।१४ |
| २ | श्री चन्द्रप्रसाद जोशी | | संयोजक सुर्खेत सदस्य सेवाकेन्द्र | |
| ३ | श्री मोहन कुमार चन्द | | कार्यालय सहायक | |
| ४ | श्री शान्ति अधिकारी | नेफ्स्कून | उपाध्यक्ष | २०७९।८।१६ |
| ५ | श्री राधेश्याम श्रेष्ठ | | सहायक कार्यकारी निर्देशक | |
| ६ | श्री चन्द्रदेव जोशी | | संयोजक सुर्खेत सदस्य सेवाकेन्द्र | |
| ७ | श्री सुमनराज घिमिरे | नेफ्स्कून | तालिम अधिकृत | २०७९।१०।२५ |
| ८ | श्री सुरेश थापा | राष्ट्रिय सहकारी महासंघ | नायब सुब्बा | २०८०।१।१५ |
| ९ | श्री तेजप्रसाद गौतम | | बरिष्ठ प्रबन्धक | |
| १० | श्री अच्यूतम थापा | | अनुगमन अधिकृत | |
| ११ | श्री केबी उप्रेती | राष्ट्रिय सहकारी बैंक | अध्यक्ष | २०८०।२।२० |
| १२ | श्री चन्द्र प्रसाद ढकाल | नेफ्स्कून | बरिष्ठ उपाध्यक्ष | |
| १३ | श्री हरिहरनाथ योगी | राष्ट्रिय सहकारी बैंक | पूर्व सञ्चालक | |
| १४ | श्री कालीबहादुर महतरा | | सञ्चालक | |
| १५ | श्री हिरालाल सुनार | | शाखा प्रबन्धक सुर्खेत | |
| १६ | श्री सागरनाथ योगी | | शाखा प्रबन्धक बाँके | |
| १७ | श्री बिन्दु न्यौपाने | आर.एस.डि.सी. | शाखा प्रबन्धक | २०८०।३।९ |
| १८ | श्री बलबहादुर बोहरा | आर.एस.डि.सी. | कार्यालय सहायक | |

**३.९ सेवाकेन्द्र र सदस्यता विवरण :**

वीरेन्द्रनगर साकोसको कार्यक्षेत्र सुर्खेत जिल्लाका सबै स्थानीय तहहरूसम्म फैलिएको छ । सदस्यहरू पनि जिल्लाका सबै स्थानहरूमा छरिएर रहेका छन् । छरिएर रहेका सदस्यहरूलाई उनीहरूकै स्थानबाट सेवा प्रदान गर्नका लागि संस्थाले विभिन्न स्थानहरूमा सेवाकेन्द्र स्थापना गरी सेवा प्रदान गर्दै आएको छ। यस वर्ष ओयसिस र अभ्यूदय साकोससँगको एकीकरण पछाडि वीरेन्द्रचोकमा ओयसिस सेवा केन्द्रको स्थापना र बाबियाचौर सेवा केन्द्रलाई अभ्यूदय सेवा केन्द्र नामाकरण गरिएको छ । सेवाकेन्द्रहरूको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं | सेवा केन्द्रको नाम | ठेगाना | स्थापना मिति | सदस्य संख्या | |
|---|---|---|---|---|---|
| | | | | असारसम्म | कार्तिकसम्म |
| १ | मुख्य कार्यालय | वीनपा-६, गणेशचोक | २०७२ | ४५५२ | ४६२५ |
| २ | मेहलकुना सेवाकेन्द्र | गुर्भाकोट-७, मेहलकुना | २०७३ साल | २२३८ | २२६४ |
| ३ | अभ्यूदय सेवाकेन्द्र | पञ्चपुरी नपा-५, बाबियाचौर | २०७४ साल | २३७३ | २३५६ |
| ४ | छिन्चु सेवा केन्द्र | भेरीगंगा नपा-१०, छिन्चु | २०७५।०३।२५ | १५९३ | १६१२ |
| ५ | बाङ्गेसिमल सेवाकेन्द्र | वीरेन्द्रनगर नपा-१,ट्याम्पुपार्क | २०७५।०५।०५ | १३१७ | १३४७ |
| ६ | पीपीरा सेवाकेन्द्र | वीरेन्द्रनगर नपा-११, पीपीरा | २०७५।०५।०७ | १६४९ | १७२० |
| ७ | राकम बजार सेवाकेन्द्र | सिम्ता गापा-६,जामुनेबजार । | २०७६।०३।२८ | १४८१ | १५३३ |
| ८ | जहरे सेवा केन्द्र | भेरीगंगानपा-९, जहरे । | २०७६।०३।२८ | ९०६ | ९७३ |
| ९ | पञ्चज्योति-आफन्त-जनमैत्री सेवाकेन्द्र | वीनपा -३, ऐरिचोक । | २०७७।७।१६ | २७१६ | २७५५ |
| १० | बड्डीचौर सेवाकेन्द्र | चौकुने-८, गुटु । | २०७७ चैत्र | ६१४ | ६४७ |
| ११ | गुटु सेवाकेन्द्र | बराहताल-५, बड्डीचौर । | २०७७ चैत्र | ७६६ | ८०४ |
| १२ | मालिका सेवाकेन्द्र | चिङ्गाड-३, मटेला । | २०७८ श्रावण | ८४१ | ८५० |
| १३ | ओयसीस सेवा केन्द्र | वीनपा-६, वीरेन्द्रचोक । | २०७९ चैत्र | ११५१ | ११८६ |
| जम्मा | | १३ वटा | | २२,१९७ | २२,६७२ |

**३.१० सञ्चालक समितिका बैठक संख्या :**

आदरणीय शेयर सदस्य महानुभावहरू,

यस आर्थिक वर्ष अवधिभर संस्थाको कामहरूलाई विधिसम्मत सञ्चालन गर्न सञ्चालक समितिले १३ वटा बैठकहरू मार्फत १३२ वटा निर्णयहरू गरिएका छन् । आवश्कता अनुसार लेखा तथा सुपरीवेक्षण समिति, शिक्षा उपसमिति, ऋण उपसमिति र सल्लाहकार समितिसँगै संयुक्त बैठकहरू पनि सञ्चालन गरिएका छन् । निर्णय प्रक्रियालाई सरल, सहज र वैधानिक बनाउने प्रयास गरिएको छ । लेखा सुपरीवेक्षण समितिले नियमित रूपमा संस्थाको सुपरीवेक्षण कार्यको थालनी गर्दै सहकारी ऐन नियम र विधि विधानलाई पालना गर्न, आर्थिक श्रोतको परिचालन गर्ने विषयमा महत्वपूर्ण सुझावहरू दिएको छ । सञ्चालक समितिले उक्त सुझावहरूको प्राथमिकताका साथ पालना गरिरहेको जानकारी प्रतिवेदन मार्फत गराउदछु ।

**३.११ लेखा सुपरीवेक्षण समितिको बैठक :**

लेखा सुपरीवेक्षण समितिको बैठक यस वर्ष ४ (चार) पटक बसेर ९ वटा निर्णयहरू गरेको जानकारी गराउन चाहन्छु । लेखा सुपरीवेक्षण समितिका तर्फबाट संस्थालाई नीति, विधि र प्रविधिमा आधारित बनाउनका लागि विभिन्न प्रकारका सुझावहरू प्राप्त हुने गरेका छन् । सञ्चालक समितिले तीनको कार्यान्वयन गर्दै आएको छ ।

**३.१२ ऋण उपसमितिका बैठक र निर्णयहरू :**

ऋण उपसमितिको बैठक यस वर्ष ७ (सात) पटक बसेर ऋण लागानी तथा असुली सम्बन्धी १० वटा निर्णयहरू भए गरेको जानकारी गराउन चाहन्छु । यस सम्बन्धी विस्तृत विवरण ऋण उपसमितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**३.१३ शिक्षा उपसमितिका बैठक र भूमिका :**

शिक्षा उपसमितिका बैठक यस आर्थिक वर्ष ३ (तीन) पटक बसेका छन् । यीनै बैठकका निर्णय अनुसार संस्थाले २३ वटा वित्तीय साक्षरता सहितको सहकारी शिक्षा शिविर मार्फत १५४३ जना शेयर सदस्यहरूलाई सहकारी शिक्षा, प्रदान गरेको छ । सहकारी संस्थालाई सदस्यमैत्री बनाउनका लागि व्यवस्थापकीय कौशलता बृद्धिका लागि कर्मचारीका लागि तालिम अनिवार्य विषय हो भने सदस्यहरूलाई सहकारीप्रतिको लगाव बृद्धिका लागि सदस्य शिक्षा र वित्तीय व्यवस्थापनका लागि वित्तीय साक्षरता कार्यक्रम अनिवार्य कुरा हो । यी सबै विषयको संयोजन शिक्षा उपसमितिले गर्दै आएको छ । त्यसको विस्तृत विवरण शिक्षा उपसमितिको प्रतिवेदनमा समावेश छ ।

**३.१४ अन्य उपसमितिका बैठकहरू :**

संस्थाका विभिन्न कामहरू सम्पादन गर्नका लागि संस्था एकीकरण कार्यदल लगायत विभिन्न उपसमितिहरूले दर्जनौ पटक बैठक सम्पन्न गरी कार्य सम्पादन गरेको छन् । खासमा संस्था एकीकरण कार्यदलले विभिन्न संस्थाहरूसँग द्विपक्षीय र बहुपक्षीय गरी बैठकहरू सम्पन्न गरेको छ र परिणाम पनि सकारात्मक नै रहेको छ । कतिपय उपलव्धीहरू आउने क्रममा रहेकाले यहाँ उल्लेख गरिएको छैन ।

**४. सम्मान तथा पुरस्कार**

**(क) प्रदान गर्नु पर्ने सम्मान तथा पुरस्कार :**

वीरेन्द्रनगर साकोस आफ्ना शेयर सदस्यहरूको सिर्जनशीलता, संस्थाप्रतिको योगदान लगायतका विषयहरूको उचित मूल्याङ्कन गर्दै सम्बन्धित सदस्यहरूलाई पुरस्कृत गर्दै आएको छ । यस्ता कार्यहरू खास गरी संस्थाको स्थापना दिवसका अवसरमा प्रदान गर्दै आएकोमा यस वर्ष विश्वभर देखा परेको आर्थिक संकटले संस्थामा औपचारिक कार्यक्रम नै गर्न बाधा पुग्यो । जसका कारणले संस्थाको सम्मानबाट लाभान्वित हुदै आउनु भएका जेष्ठ नागरिक सदस्यहरू, बाल बचतकर्ता (भावी सदस्यहरू), योगदान गरेका सिर्जनशील प्रबुद्ध व्यक्तित्व महानुभावहरूलाई यस प्रकारका सम्मान तथा पुरस्कारहरू प्रदान गर्न सकिएनन् । आगामी वर्ष यस कार्यलाई अवस्थाको सामान्ययीकरणसँगै चालु गरिने छ ।

**(ख) प्राप्त गरिएका सम्मान तथा पुरस्कार :**

यस वर्ष संस्थाले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा प्रदान गरिने

पुरस्कार मध्ये साकोस एकीकरण अभियानमा उत्कृष्ट, नेफ्सकुन, २०८० र राष्ट्रिय सहकारी बैंकद्वारा शाखा स्तरीय उत्कृष्ट कारोबार, २०८० पुरस्कार प्राप्त गरेको छ ।

**५. समुदायप्रतिको जिम्मेवारी निर्वाह :**

सहकारी संस्थाहरू समुदायको सामूहिक प्रयत्नबाट निर्माण गरिएका संस्था हुनु र सहकारीका सिद्धान्त, मूल्य मान्यताका आधारमा आफ्नो कार्यक्षेत्रभित्र रहेको समुदायका लागि केही दायीत्वहरू निर्वाह गर्नुपर्ने हुन्छ । शेयर सदस्हरूबीच स्वास्थ्य बीमा, सरकारद्धार प्रदान गरिने सामाजिक सुरक्षा भत्ता, जन्म दर्ता, मृत्यूदर्ता, विवाह दर्ता र बसाई-सराई दर्ता लगायत आयबृद्धिका साथै समाजमा हुने विकृति र विसँगतिका विरूद्ध एकताबद्ध सचेतनाका कार्यहरू सञ्चालन गर्दै आइरहेको छ । संस्था समुदायका सहजकर्ताहरूको सकारात्मक प्रत्यनको उपज हो भन्ने विषयमा हामी सदा कटिबद्ध छौँ । तसर्थ हामी हाम्रो संस्थालाई संस्थाका स्वयम्सेवीहरूको सकारात्मक प्रयत्नहरूको सकारात्मक परिणामको रूपमा स्थापित गर्न चाहन्छौँ । सदस्यहरूका माझ समयक्रममा आएका अप्ठ्याराहरूको सामना शक्ति प्रदान गर्न सधैभरी प्रतिबद्ध रहेको व्यहोरा जानकारी गराउँदछु ।

**६. सदस्य राहत तथा सुरक्षा कार्यक्रम :**

यस संस्थामा आवद्ध शेयर सदस्यहरूको भईपरी आउने दुर्घटनामा संस्थाका तर्फबाट राहत प्रदान गर्ने योजना अन्तरगत दुर्घटना मृत्यूमा तीन जना स्वर्गीय श्री कर्ण बहादुर वस्नेत, पवित्रा मास्की राना र नवराज कार्की परिवारलाई रू. १ लाख रूपैयाँ दरले जम्मा रू. ३ लाख रूपैयाँ प्रदान गरिएको छ । संस्थाका सदस्य स्वयम्को कालगती  मृत्यूमा १४ जनालाई जनही रू.२० हजारका दरले रू.२,८०,०००।- (अक्षेरूपी दुई लाख असी हजार मात्र) राहत उपलव्ध गराइएको छ । यस अवसरमा विभिन्न कारणले मृत्युवरण गर्ने यस संस्थाका शेयर सदस्यज्यूहरूप्रति भावपूर्ण श्रद्धान्जली र परिवारजनमा समवेदना व्यक्त गर्दछौँ ।

**७. सदस्य सुत्केरी राहत कार्यक्रमः**

संस्थाले आफ्ना शेयर सदस्यहरू प्रथम दुई पटकसम्म सुत्केरी भएपश्चात प्रतिपटक रू. २ हजारका दरले सुत्केरी राहत प्रदान गर्ने योजना लागु गर्दै आएको छ । त्यस अन्तरगत हालसम्म ५७ जना महिला सदस्यज्यूहरूलाई जनही २ हजारका दरले रू. १,१४,०००।- (अक्षेरूपी  एक लाख चौध हजार रूपैयाँ मात्र) सुत्केरी रहात स्वरूप प्रदान गरिएको छ ।

**८. जन्म दिन कार्यक्रमः**

संस्थाका शेयर सदस्यहरूका छोरा छोरीहरू जो संस्थाका बाल बचतकर्ता वा भावी सदस्यहरू पनि छन्, ती बाल बचतकर्ताहरूको जन्म दिनमा सम्बन्धित विद्यालयमा नै गएर जन्म दिनको उपहार दिने कार्यक्रम अनुसार हालसम्म ५६७ जना बाल बचतकर्ताहरूको जन्म दिनको रू. २१०।- बराबरका दरले रू. १,१९,२४०- (अक्षेरूपी एकलाख उन्नाइस हजार एक सय चालिस रूपैयाँ मात्र) को उपहार प्रदान

गरिएको छ ।

**९. गोष्ठी, भ्रमण तथा अनुगमन :**

| क्र.सं. | विवरण | सहभागिता | मिति | स्थान |
|---|---|---|---|---|
| १ | संस्थाको सिम्ता सेवाकेन्द्र स्तरीय अनुगमन भ्रमण | बम बहादुर बि.सी. | २०७९।४।३१ | जामुने बजार |
| | | रेश्मा खत्री | | |
| | | बेचुलाल चौधरी | | |
| | | छत्र बहादुर थापा | | |
| २ | संस्थाको मेहल्कुना सेवाकेन्द्र स्तरीय अनुगमन भ्रमण | बम बहादुर बि.सी. | २०७९।४।३१ | मेहल्कुना |
| | | रेश्मा खत्री | | |
| | | बेचु लाल चौधरी | | |
| | | छत्र बहादुर थापा | | |
| ३ | संस्थाको मेहल्कुना सेवाकेन्द्र स्तरीय अनुगमन भ्रमण | बम बहादुर बि.सी. | २०७९।५।१ | छिन्चु |
| | | रेश्मा खत्री | | |
| | | बेचु लाल चौधरी | | |
| | | बसन्ता भण्डारी | | |
| | | छत्र बहादुर थापा | | |
| ४ | पश्चिम सुर्खेतको भ्रमण | बम बहादुर बि.सी. | २०७९।८।११ | गुठु, बाबियाचौर र बड्डीचौर सेवा केन्द्र |
| | | डा. खगेन्द्र शाही | | |
| | | बेचु लाल चौधरी | | |
| | | देवी राम बोहरा | | |
| | | छत्र बहादुर थापा | | |
| ५ | संस्थाको सिम्ता सेवाकेन्द्र स्तरीय अनुगमन भ्रमण | बम बहादुर बि.सी. | २०७९।१०।८ | सिम्ता, मेहलकुना, जहरे र छिन्चु सेवा केन्द्र |
| | | रेश्मा खत्री | | |
| | | रमेश सापकोटा | | |
| | | छत्र बहादुर थापा | | |
| ६ | राष्ट्रिय सहकारी दिवस | बम बहादुर बि.सी. | २०७९।१२।२० | सिटी हल |
| | | उपेन्द्र थापा | | |
| | | प्रकाश शर्मा | | |
| | | रेशम सुबेदी | | |
| ७ | जिल्ला सहकारी संघसँग छलफल | बम बहादुर बि सी | २०७९।१२।२० | सिटी हल |

| क्र.सं. | विवरण | सहभागिता | मिति | स्थान |
|---|---|---|---|---|
| ८ | जलवायू उत्थानशील सहकारी क्षेत्रको वर्तमान प्रवृति, सम्भावना र चुनौती | बम बहादुर बि सी | २०७९।१२।२२ | होटल रोयल सिँगी काठमाण्डौ |
| ९ | तेश्रो राष्ट्रिय सहकारी महासम्मेलन | बम बहादुर बि सी | २०७९।१२।२३-२५ | होटल याक एण्ड यति काठमाण्डौ |

बेरोजगार युवाहरूले व्यावसायीक योजना र स्व-लगानीका आधारमा वित्तीय सहयोग माग गरेकाले यूवा परिषदबाट प्राप्त स्रोतलाई व्यावसायिक ऋण लगानी गरिएको छ। नेफ्स्कून, विभिन्न विकास बैंकहरू र आर.एस.डि.सी. लघुवित्तबाट ऋण रकम प्राप्त गरी सदस्यहरूमा लगानी गरिएको छ। यसको अधिकतम् सदुपयोग गरी सदस्यहरूको आर्थिक अवस्था सुधारका लागि भरमग्दुर प्रयासहरू गरिएका छन् र गरिने छन्।

**१०. स्थापना दिवस भौतिक पूर्वाधार एवं संस्थागत आवद्धता :**

**१०.१ स्थापना दिवस :**

संस्थाको २२औँ स्थापना दिवस मनाइएन । खासमा आर्थिक क्षेत्रमा देखिएका नकारात्मक प्रभावहरूलाई सुधार गर्ने प्रयत्नका कारणले भएको समयाभावले मनाउन सकिएन । संस्थाको स्थापना दिवस कार्यक्रम मार्फत संस्थाको सबै कारोवारमा सर्वोकृष्ट सहभागिता जनाउने सबै उमेरका सदस्यहरूलाई सम्मानित गर्ने, वीरेन्द्रनगर स्वयम् सहायता समूह कार्यक्रमलाई पनि सम्मानित गर्ने कार्य गर्न सकिएन । त्यस कारण संस्थाको २२औँ स्थापना दिवसका अवसरमा शुभकामना सन्देश मार्फत स्थापना दिवस मनाइएको छ । आगामी दिनमा स्थापना दिवसलाई रूपमा भव्यरूपमा मनाइने छ ।

**१०.२ संस्थाको भौतिक पूर्वाधारको अवस्था :**

संस्थाको नाममा कटकुवा ९ मा रहेको ५१.५ धुर जग्गासँग जोडिएको कित्ताहरू खरिद गरी थप भौतिक सम्पत्ति जोड्ने र सोमा तारबार गर्ने निर्णय गरिएको भए पनि विविध कारण सम्पादन गर्न सकिएन। तर अभ्यूदय साकोससँगको एकीकरण पश्चात् बाबियाचौरमा २५२।५१ क्षेत्रफलमा ६ कोठाको जग हालिएको सम्पत्ति जोडिएको छ।

**१०.३ आवद्धता :**

यस अवधिमा यस संस्थाले संस्थाको सम्बन्ध, सम्पर्क र समन्वय विस्तारमा उल्लेख्य सफलता हाँसिल गरेको छ। हामी आवद्ध भएका सबै संघहरूसँगको सम्बन्ध प्रगाढ रहेको छ। यस वर्ष पनि हामी आवद्ध सबै संघहरूको आवद्धता नवीकरण भइसकेको छ। अर्को खुसीको कुरा हामी राष्ट्रिय सहकारी महासंघको एशोसियट् सदस्यता प्राप्त गरेको छ।

## ११. आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तावित नीति तथा कार्यक्रम-२०८०

समादरणीय प्रमुख अतिथि ज्यू,

यस सभाका अतिथिगणहरू र सहभागी शेयर सदस्य महानुभावहरू !

अब म हाम्रा सदस्यहरूको बद्लिदो चाहना, आवश्यकता, आर्थिक र सामाजिक अवस्थाका साथै स्थानीय वित्तीय बजार, राजनीतिक अवस्था, विश्व राजनीतिक तथा आर्थिक परिवेश र संस्थाको वर्तमान अवस्थालाई दृष्टिगत गरि चालु आर्थिक वर्ष २०८०/०८१ का लागि तदनुरूप संस्थाको वार्षिक नीति तथा कार्यक्रमहरू ल्याइएको छ। यसको प्रस्तुत विवरण कोषाध्यक्षको प्रतिवेदनमा समावेश केहि नियमित विषयहरू प्रस्तुत गर्दछु।

### ११.१ संस्थाका नियमित कार्यक्रमहरू

(१) यस आ.व.मा सञ्चालक समितिको बैठक कम्तिमा १४ पटक अनिवार्य बस्नेछ भने आवश्यकता अनुसार थप हुन सक्नेछ।

(२) विगतमा सञ्चालन हुदै आएको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सल्लाहकार र विभिन्न उपसमितिहरूको संयुक्त बैठक आवश्यकता अनुसार आयोजना गरिनेछ।

(३) संस्थाको भित्ते क्यालेण्डर, ब्रोसर लगायत विभिन्न प्रकाशनहरू यस वर्ष पनि प्रकाशन गरिने छन्।

(४) सञ्चालक र कर्मचारीहरूबीच आवश्यकता अनुसार संयुक्त बैठक आयोजना गरिने छ।

(५) ऋण अनुगमन प्रक्रियालाई अझै बढी प्रभावकारी र नियमित बनाई विद्यमान ऋण असुली नीतिलाई परिमार्जन गर्दै लगिने छ। त्यसका लागि वर्तमान ऋण नीतिलाई परिमार्जन गरिनेछ।

(६) विभिन्न तालिम, सेमिनार गोष्ठी लगायतका औपचारिक तथा अनौपचारिक कार्यक्रममा सहभागिता जनाइने छ। कम्तिमा २ वटा उच्चस्तरीय तालिममा सहभागिता जनाइने छ।

(७) बचत तथा ऋणका क्षेत्रहरूमा समयानुसार विविधिकरण गरिने छ।

(८) सेवा केन्द्रहरूको नियमित अनुगमन गरिनेछ। अनुगमन प्रणालीलाई विस्तार गरी दैनिक प्रतिवेदन प्रणाली कडाईका साथ लागु गरिने छ।

(९) संस्थाबाट प्रदान गरिदैं आएको ABBS सेवालाई निरन्तरता दिइने छ।

(१०) संस्थाका विभागीय प्रमुख र सेवा केन्द्र प्रमुखहरूको हरेक महिना बैठक बस्नेछ।

(११) यस वर्ष संस्थासाग जोडिएका युवाहरू २५ जना, उद्यमीहरू २५ जना, शिक्षकहरू २५ जना, राजनीतिक नेताहरू २५ जना र स्थानीय तहमा कार्यरत सहकारी शाखाका कर्मचारीहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरिने छ। अनुमानित बजेट सहित नीति र कार्यक्रमको विस्तृत खाका कोषाध्यक्षज्यूको प्रतिवेदनमा समावेश गरिएको छ।

**आदरणीय शेयर सदस्यज्यूहरू,**

मैले संस्थाका तर्फबाट चालिएका सदस्य केन्द्रीत कार्यक्रम लगायत संस्था सुधारका कदमहरू र त्यसबाट प्राप्त भएको प्रतिफलका बारेमा संक्षिप्त जानकारी गराए। पक्कै पनि संस्थाले आफूलाई आजको प्रतिस्पर्धी बजारमा स्थापित गर्नका लागि विभिन्न गतिविधिहरू सञ्चालन गर्नु थियो। प्रतिस्पर्धी संस्थाको दाँजोमा आफूलाई उभ्याउनु पर्ने थियो। त्यो कार्यभार पूरा गरिरहेको छ। संस्था सञ्चालनका

क्रममा देखिने विविध विचार र मान्यताहरूलाई एकीकृत गरी संस्था सञ्चालनमा सबैको एकमत निर्माण गर्दै आएका छौँ । त्यसको परिणाम नै संस्थाले प्राप्त गरेको वर्तमानको सफलता हो । संस्थाका आम शेयर सदस्य ज्यूहरूको सहयोग र सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमिति र समयक्रममा कार्यसम्पादनका लागि गठित अन्य उपसमितिहरू लगायत संस्थाका सल्लाहकारज्यूहरूको रचनात्मक सहयोगले संस्थाको संस्थागत विकासले धेरै उचाई लिएको जानकारी गराउँदछु ।

सदस्यहरूको आवश्यकता र बजारका अवसरहरूसम्म पहुँच पुऱ्याउन सक्ने गरी नीति, कार्यक्रम र बजेट ल्याएका छौँ । संस्थाको रणनीतिक व्यावसायिक योजना, संस्थाको वर्तमान वित्तीय अवस्था, संस्थाको वार्षिक समीक्षा बैठकका सुझावहरू, संस्थाका कर्मचारी र सञ्चालकहरूको कार्य अनुभव र सदस्यहरूको बदलीदो चाहना, आवश्यकता र संस्थाको वर्तमान स्थितिलाई दृष्टिगत गरि चालु आ.व. २०८०/०८१ को लागि संस्थाको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । उक्त प्रस्ताव माथि व्यापक छलफल गरी सुझावहरू पेश गरीदिनु हुन आम सदस्यज्यूहरूलाई सविनय अनुरोध गर्दै प्रतिवेदनलाई विश्राम दिन्छु । जय वीरेन्द्रनगर साकोस !

**युवा स्वरोजगार बचत** 'व्यवसायका लागि बचत, बचतका लागि व्यवसाय'

**विशेषताहरू:**

- उच्चतम ब्याजदर ।
- त्रैमासिक ब्याज भुक्तानी ।
- युवा व्यवसायिक ऋणमा सहुलियत ।
- वर्षमा १ पटक रकम निकाल्न मिल्ने ।
- युवाहरूको सहभागितामा आधारित ।






# २२ औं वार्षिक साधारण सभामा कोषध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन-२०८०



**इन्द्रा हमाल**
कोषाध्यक्ष

**साधारण सभाका अध्यक्षज्यू,**

प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, लेखा सुपरीवेक्षण समिति, सञ्चालक समिति, विभिन्न उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरू, संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरू लगायत उपस्थित महानुभावहरूमा सर्व प्रथम मेरो व्यक्तिगत तथा सिङ्गो संस्थाको तर्फबाट सहकारी अभिवादन । आ.व. २०७९/०८० को यथार्थ विवरण र आ.व. २०८०/०८१ को अनुमानित आय व्याय र वासलात विवरणका अनुसुचीहरू प्रस्तुत गर्न पाउंदा धेरै गौरवान्वित महशुस गरेको छु ।

समुदायमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले २०५८ आषाढ २२ गते २७ जनाको भेलाद्धारा दर्ता तथा नामाकरण भएको वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थालाई सुदृढ गर्दै सहकारी व्यवसायलाई आधुनिक, वैज्ञानिक र विश्वसनीय बनाउन सदस्य सेवा स्तरलाई वृद्धि गर्दै समग्र वित्तीय अवस्थामा प्रभावकारी परिवर्तन गर्ने उद्देश्यले विभिन्न ८ वटा सहकारी संस्थाहरूबीच एकीकरण भई श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. बनेको छ ।

सहकारी ऐन र सहकारी नियमावलीको परिधिभित्र रहि यसमा आवद्ध भएका सबै सदस्यहरूको एउटा छुट्टै पहिचान बनाउन सकेको छ । वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. ले संस्था स्थापनादेखि हालसम्म आफ्नो जीवनकालमा आएका उतार चढाव र तीता मिठा क्षणहरूलाई सकारात्मक सिकाईको रूपमा लिँदै आएको छ । हाल संस्थाले सुर्खेत जिल्लाभरी कार्यक्षेत्र कायम गरी संस्थामा ७४ जना कर्मचारी र थप १२ वटा सेवा केन्द्र स्थापना गरेको छ। वीरेन्द्रनगर नगरपालिका वडा नं.-६ गणेशचोक स्थित संस्थाको मुख्यकार्यालय रहेको छ । सदस्यहरूको विश्वास र भरोसालाई आत्मसाथ गदै हाम्रो ज्ञान, सीप र क्षमता एवम् अनुभवको अधिकतम् प्रयोग गरिएको छ । हामी संस्थागत विकास, सदस्यलाई सर्वसुलभ सेवा, संस्थालाई प्रतिस्पर्धात्मक स्थानमा पुऱ्याउन निरन्तर रूपमा लागि परेका छौँ ।

परिवर्तित समय र परिस्थिति सदस्यको आवश्यकता, चाहना र भावनालाई दृष्टिगत गरी नीति, विधि र प्रविधिमार्फत संस्था अगाडि बढाउने प्रयत्न गरिएको छ । गत साधारणसभाबाट स्वीकृत भएका कार्यक्रमहरू विश्व अर्थतन्त्रमा आएको आर्थिक मन्दीको प्रभाव नेपालजस्तो विकासोन्मुख देशलाई झनै प्रभाव परेको र त्यसको प्रत्यक्ष प्रभाव सहकारी क्षेत्रमा परेको कारण संस्थाले गत आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम र बजेट पूर्णरूपमा कार्यान्वयन गर्न नसकेतापनि समग्र वित्तीय सूचक र सदस्यहरूको संस्थाप्रतिको विश्वास निरन्तर रहि आएको अनुभूति गरेका छौँ ।

संस्थाको संस्थागत विकासको लागि नेफ्स्कून लगाएत विभिन्न बैंक तथा वित्तीय संस्थाहरूसँग सहकार्य गरी सदस्यहरूको आवश्यकता अनुसार नीति तथा कार्यक्रम र बजेट ल्याएको छ। सदस्यहरूको बदलिदो चाहना र आवश्यकता साथै संस्थाको वर्तमान स्थितिलाई दृष्टिगत गरी चालु आ.व. २०८०/०८१ मा वार्षिक वजेट तथा योजना तपसिल बमोजिम रहेका छन् ।

## १. अघिल्लो योजनाको समिक्षाः

यस खण्डमा अघिल्लो योजनामा गरिएका क्रियाकलापहरू र त्यसबाट संस्थामा प्राप्त भएका उपलब्धीहरूलाई संस्थागत गर्नु पर्दछ ।

| चालु आ.व.को पारित कार्यक्रमिक योजना | समीक्षा चालु आ.व.को प्रगति तथा उपलव्धी | आगामी आ.व. को प्रस्तावित कार्यक्रमिक योजना |
|---|---|---|
| ऋण अनुगमन प्रक्रियालाई अझै बढी प्रभावकारी र नियमित बनाई विद्यमान ऋण असुली नीतिलाई परिमार्जन गर्दै लगिने छ । | ऋण नीति, २०७४ प्रथम संशोधन २०७९ लागु गरिएको छ । तर ऋणको सदुपयोगिताको अनुगमन प्रर्याप्त हुन सकेन । | ऋण अनुगमन प्रक्रियालाई अझै बढी प्रभावकारी र नियमित बनाई विद्यमान ऋण असुली नीतिलाई आवश्यक परे थप परिमार्जन गरिने छ । |
| संस्थालाई आवश्यक मसलन्द, छपाई तथा स्टेशनरी खरिद गरिने छ । | संस्थालाई आवश्यक परेका तपसिलका सामानहरू प्रक्रिया अनुरुप खरिद गरिएको ।<br>१.पासबुक, भौचर,<br>२.स्टेशनरी सामानहरू | संस्थालाई आवश्यक परेका मसलन्द सामानहरू संस्थागत खरिद प्रक्रिया अनुरुप खरिद गरिने छ। |
| विभिन्न तालिम, सेमिनार गोष्ठी लगायतका औपचारिक तथा अनौपचारिक कार्यक्रममा सहभागिता जनाइने छ । | संस्थालाई जानकारी भएको अवस्थामा सहभागिता हुने गरिएको । | संस्थालाई आवश्यक पर्ने तालिम, सेमिनार, गोष्ठी लगायतका औपचारिक तथा अनौपचारिक कार्यक्रममा सहभागिता गराईनेछ । |
| सेवा केन्द्रहरूको नियमित अनुगमन गर्ने । | संस्थको आन्तरिक लेखा परिक्षक, विभागीय प्रमुख, प्रमुख कार्यकारी अधिकृत र सञ्चालक समितिबाट विभिन्न समयमा अनुगमन भएको छ । | संस्थाका हरेक सेवा केन्द्रको नियमित अनुगमनमा निरन्तरता दिईनेछ । |
| संस्थाबाट प्रदान गरिदैं आएको ABBS सेवालाई निरन्तरता दिइने छ । | संस्थाबाट ABBS सेवालाई सुचारु गरी समय सापेक्ष प्रदान गरिदैं आएको छ । | ABBS सेवालाई परिमार्जित गर्दै निरन्तरता दिइने छ । |

| | | |
|---|---|---|
| संस्थाका विभागीय, प्रमुख र सेवा केन्द्र प्रमुखहरूको हरेक महिना बैठक बस्नेछ । | नियमित रुपमा भौतिक तथा Online मा Google Meet वा जुमको माध्यावाट गर्ने गरिएको । | नियमित बैठक वस्ने । |

| **१.शेयर पुँजी तथा सदस्यता विस्तार कार्यक्रमः** | | |
|---|---|---|
| **समीक्षा चालु आ.व.को योजना** | **समीक्षा चालु आ.व.को प्रगति** | **आगामी आ.व. को योजना** |
| सदस्यता बृद्धि गरी २५,०७० पुऱ्याइने छ । (थप गर्नूपर्ने ५८१४ जना) | १९,२५६ सदस्य संख्याबाट सदस्यता बृद्धि भई २२,१९७ पुगेको छ । | हालको सदस्यता २२,१९७ बाट बृद्धि गरी २८ हजार पुऱ्याइने छ। |
| संयुक्त बैठक | समय व्यवस्थापन को अभावको कारणले वस्न नसकिएको । | २ पटक अनिवार्य रुपमा बस्ने व्यवस्था गरिने । |
| संस्थाको कार्यक्षेत्रमा रहेका समान प्रकृतिका संस्थाहरूबीच एकीकरणका लागि पहल गरिने छ । | यस वर्ष थप २ वटा संस्थाहरू बीच एकीकरण भएको । | संस्थाको कार्यक्षेत्रमा रहेका समान प्रकृतिका संस्थाहरूबीच एकीकरणका लागि पहल जारी राखिने । |
| संस्थाको शेयर पुँजी वृद्धि गरी रू.१५,५०,९९,५०० | रू.१४,३२,६९,४०० शेयर पुऱ्याइएको । | शेयर पूँजी बृद्धि गरी १८ करोड पुऱ्याइने छ । |
| **२. बचत संकलन तथा परिचालन कार्यक्रमः** | | |
| **समीक्षा चालु आ.व.को योजना** | **समीक्षा चालु आ.व.को प्रगति** | **आगामी आ.व. को योजना** |
| संस्थाको बचत नीतिलाई समय सापेक्ष बनाइनेछ । | संस्थाले बचत नीति लगायत अन्य १० वटा नीतिहरू समय सापेक्षा अध्यावधिक गरिएको । | संस्थाको बचत नीति लाई आवश्यकता अनुसार संशोधन गरिनेछ । |
| यस वर्ष १०६,२४,३१,८०० लक्ष्य | रहेकोमा ७२,५०,७२,९५८ पुऱ्याइएको छ । | आगामी वर्षमा पुरा गरिने । |
| बचतका क्षेत्रहरूमा समयानुसार विविधिकरण गरिनेछ । | कार्यान्वयन गर्न नसकिएको । | समय सापेक्ष बचतका नयाँ प्रोडक्टहरूको डिजाईन गरी लागु गरिनेछ जो बजार सर्बेक्षणमा आधारित रहनेछ । |

३. प्रभावकारी ऋण व्यवस्थापनः

| समीक्षा चालु आ.व.को योजना | समीक्षा चालु आ.व.को प्रगति | आगामी आ.व. को योजना |
|---|---|---|
| संस्थाले लगानी गर्ने ऋणका कार्यक्रमहरूलाई व्यवसाय केन्द्रित, उत्पादनमूलक र स्वरोजगारमूलक कार्यमा प्राथमिकता दिइनेछ । | संस्थाले लगानी गर्ने ऋणका कार्यक्रमहरूलाई व्यवसाय केन्द्रित, उत्पादनमूलक र स्वरोजगारमूलक कार्यमा प्राथमिकता दिइएको छ । | लगानी गर्ने ऋणका कार्यक्रमहरूलाई थप व्यवसाय केन्द्रित, उत्पादनमूलक र स्वरोजगारमूलक कार्यमा प्राथमिकता दिइनेछ । |
| जम्मा ऋण लगानीको ७५% रकम उत्पादन तथा दैनिक आय-आर्जन हुने व्यावसायमा केन्द्रित गरिनेछ र हरेक २ लाख भन्दा माथिको लगानीमा अनिर्वाय '५सी' विश्लेषण गरेर मात्र ऋण लगानी गरिनेछ ।. | संस्थाको आन्तरिक ऋण कार्यविधि २०७९ निर्माण गरी ऋण लगानी कार्यलाई थप व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गरिएको । | आगामी आर्थिक वर्षमा संस्थाका सदस्यहरूमा प्रवाह गरिने जम्मा ऋण लगानीको ७० प्रतिशत रकम उत्पादन तथा दैनिक आय-आर्जन हुने व्यावसायमा केन्द्रित गरिनेछ र हरेक २ लाख भन्दा माथिको लगानीमा अनिर्वाय '५सी' विश्लेष्ण गरेर मात्र ऋण लगानी गरिनेछ । |

४. संस्थागत तालिम, गोष्ठी तथा भ्रमणः

| समीक्षा चालु आ.ब.को योजना | समीक्षा चालु आ.ब.को प्रगति | आगामी आ.ब को योजना |
|---|---|---|
| संस्थाका कम्तिमा ३० प्रतिशत सदस्यहरूलाई सहकारी शिक्षा प्रदान गरिनेछ । | यस वर्ष ७०१ जना सदस्यहरूलाई सहकारी शिक्षा प्रदान गरिएको | यो बर्ष अनिवार्य संस्थाका कम्तिमा २५ देखी ३० प्रतिशत सदस्यहरूलाई सहकारी शिक्षा प्रदान गरिनेछ । |
| संस्थामा हाल कार्यान्वयनमा रहेको ५ बर्षे रणनीतिक योजना कार्यान्वयन गर्ने । | रणनीतिक योजनालाई पूर्ण रुपमा कार्यान्वयन गर्न नसकिएको । | ५ वर्षे रणनितिक योजनालाई आवश्यक संसोधन गरि कार्यान्वयन गर्ने । |
| यस संस्थाका वृद्ध शेयर सदस्यहरूलाई धार्मिक, तीर्थाटन कार्यक्रमका लागि यस वर्षबाट सुरूवात गरिनेछ । | सुरु चरणमा यस योजनाको कार्यान्वयन नगरिएको पछि बन्दाबन्दीका कारणले सुरु गर्न नसकिएको । | संस्थाका वृद्ध शेयर सदस्यहरूलाई धार्मिक, तीर्थाटन कार्यक्रमका लागि यस वर्षबाट अनिबार्य सुरूवात गरिनेछ । |

**५. सदस्य सेवा, राहत, पुरस्कार, सम्मान तथा सामाजिक उत्तरदायित्वः**

| समीक्षा चालु आ.व.को योजना | समीक्षा चालु आ.व.को प्रगति | आगामी आ.व. को योजना |
|---|---|---|
| बाल सदस्यहरूलाई जन्मदिन उपहार प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। | यो कार्यक्रम कार्यान्वयनमा रहेको । | बाल सदस्यहरूलाई जन्मदिन उपहार प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । |
| रक्तदान कार्यक्रम | सयम व्यवस्थापन गर्न नसकिएको कारण कार्यान्वयन नभएको । | यस वर्ष आवश्यक कार्यतालिका बनाई कार्यान्वयन गर्ने । |
| निशुल्क स्वास्थ्य शिविर पाएक पर्ने सेवा केन्द्रमा | सयम व्यवस्थापन गर्न नसकिएको कारण कार्यान्वयन नभएको । | यस वर्ष आवश्यक कार्यतालिका बनाई कार्यान्वयन गर्ने । |

**६. यूवा सदस्यहरूका लागि वित्तीय शिक्षा कार्यक्रमः**

| | | |
|---|---|---|
| विद्यार्थीसँग शिक्षकसँग विरेन्द्रनगर तथा वीरेन्द्रनगर साकोस कार्यक्रम | आंशिक रुपमा कार्यान्वयन गरिएको समय अभावका कारण | यस वर्ष अनिवार्य रुपमा कार्यान्वयन गर्ने । |

**७. मानव संसाधन तथा व्यवस्थापन कार्यक्रमः**

| समीक्षा चालु आ.व.को योजना | समीक्षा चालु आ.व.को प्रगति | आगामी आ.व.को योजना |
|---|---|---|
| कर्मचारीहरूलाई वार्षिक लक्ष्य निर्धारण गर्न लगाउने र कर्मचारीको कार्यसम्पादनको मुल्याङकन र बृद्धि विकास, पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ। | आंशिक रुपमा कार्यान्वयन भएको । | निरन्तरता दिने । |
| संस्थामा कार्यरत कर्मचारीहरूको रू. ७ लाख बराबरको दुर्घटना बिमालाई निरन्तरता दिइनेछ । | नवीकरण भई कार्यान्वयनमा रहेको। | संस्थामा कार्यरत कर्मचारीहरूको रू. ७ लाख बराबरको दुर्घटना वीमालाई निरन्तरता दिइनेछ । |

**८. मठ मन्दिर सरसफाई कार्यक्रमः**

| समीक्षा चालु आ.व.को योजना | समीक्षा चालु आ.व.को प्रगति | आगामी आ.व. को योजना |
|---|---|---|
| देउति बज्यै सरसफाई | कार्यान्वयन भएको | निरन्तरता दिने । |
| शिवमन्दिर सरसफाई | कार्यान्वयन भएको | निरन्तरता दिने । |
| सम्बन्धित सेवा केन्द्रमा पाएक पर्ने धार्मिक स्थलहरू सरसफाई | कार्यान्वयन नभएको | निरन्तरता दिने । |

**९. संस्थाको भौतिक तथा प्रविधिको व्यवस्थापनः**

| समीक्षा चालु आ.व.को योजना | समीक्षा चालु आ.व.को प्रगति | आगामी आ.व. को योजना |
|---|---|---|
| सदस्य मैत्री बनाउन सबै खाले विभाग र फाँटहरूको व्यवस्था गरिने छ । | आंशिक कार्यान्वयन गरिएको । | सदस्य मैत्री बनाउन सबै खाले विभाग र फाँटहरूको व्यवस्था गरिने छ । |
| संस्थाको वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ स्थित आफ्नै स्वामित्वमा रहेको जग्गाको सुरक्षाको लागि तारबार गरिनेछ । | तारबार सम्पन्न गर्न सकिएको छैन । | खर्चको विश्लेषण गरी आगामी योजना निर्माण गर्ने । |

**१०. संस्थाको विनियम, नीति नियम संशोधन तथा अध्यावधिक र निर्माणः**

| समीक्षा चालु आ.ब.को योजना | समीक्षा चालु आ.ब.को प्रगति | आगामी आ.व. को योजना |
|---|---|---|
| संस्थामा आवद्ध शेयर सदस्यहरू मध्येबाट अति विपन्न सदस्यहरू छनौट गरी एउटा सेवा केन्द्र बराबर ५ जनासम्म छनौट गरी तालिम, अनुदान र ऋण समेतको व्यवस्था गरी स्व-रोजगार बन्न उत्प्रेरणा गरिने छ । | स्पष्ट कार्यविधिको अभावले कार्यान्वयन गर्न नसकिएको । | विविध कारणले गत वर्ष पूरा नभएकाले यस वर्ष पूरा गरिने । |

| **१३. प्रोवेशन कार्यक्रममा सहभागिता:** | | |
|---|---|---|
| **समीक्षा चालु आ.व.को योजना** | **समीक्षा चालु आ.व.को प्रगति** | **आगामी आ.व. को योजना** |
| प्रोवेशन कार्यक्रममा नियमित सहभागी भई संस्थालाई थप सुशासन र गतिशिल बनाइनेछ । | प्रोवेशनका हरेका कार्यक्रममा संस्थाको सक्रिय सहभागिता रहि आएको । कैयौं सूचकहरू पूरा भएका छन् । | प्रोवेशन कार्यक्रममा नियमित सहभागी भई संस्थालाई थप सुशासन र गतिशिल बनाइनेछ |

## २. नीति, कार्यक्रम तथा बजेटका आधारहरू:

१) वीरेन्द्रनगर साकोसको ५ वर्षे रणनीतिक योजना ।
२) संस्थाको साधारणसभाले गरेका निर्णय र निर्देशनहरू ।
३) संस्थाको सञ्चालक समितिको कार्यानुभव र प्रतिवद्धता ।
४) हाल संस्थामा कार्यरत व्यवस्थापनको कार्यकुशलता र आत्मविश्वास ।
५) संस्थाको सरोकारवाला निकायहरूसँगको सम्बन्ध ।
६) नियामक निकायका निर्देशन, सहकारी ऐन, सहकारी नियमावली तथा ऐन बमोजिमका व्यवस्थाहरू ।
७) नेपाल सरकारको प्रस्तुत बजेट तथा कार्यक्रमले पार्ने प्रभाव ।
८) संस्थाको विनियम र आन्तरिक कार्यविधिहरूले पार्ने प्रभाव ।
९) संस्थाको मुख्य कार्यालय र १२ वटा सेवाकेन्द्र एवं विस्तार हुने सेवाकेन्द्रको कारोबार बृद्धि हुने अवस्था ।
१०) संस्थाको वार्षिक समीक्षा, सदस्यहरूको सल्लाह सुझावको अवस्था ।

## ३. विश्लेषणात्मक खण्ड:

यस खण्डमा संस्थामा आवद्ध सदस्यहरूलाई पेशाका आधारमा, उमेरका आधारमा र धर्मको आधारमा वर्गीकरण गरिएको छ । यसको आधारमा योजना निर्माण गरी सदस्यहरूको सेवा स्तरलाई बृद्धि गरिनेछ ।

### ३.१ कार्यक्षेत्रको जनसंख्याको आधारमा सदस्यको विश्लेषण:

| **कार्यक्षेत्रको जम्मा जनसंख्या (संख्या जनामा)** | | | |
|---|---|---|---|
| **महिला** | **पुरूष** | **अन्य** | **जम्मा** |
| २,१५,३८६ | १,९९,७४० | ० | ४,१५,१२६ |
| संस्थाले ओगटेको कुल जनसंख्या | महिला | पुरूष | अन्य |
| २२,१९७ | १२,००६ | १०,१४३ | ४८ |
| **कुल जनसंख्यामा संस्थाले ओगटेको प्रतिशत: ५.३४ प्रतिशत** | | | |

## ३.२ उमेरका आधारमा सदस्यता विश्लेषण:

| उमेर समूह | सदस्य संख्या (जना) | | | जम्मा |
|---|---|---|---|---|
| | महिला | पुरूष | अन्य | |
| शिशु अवस्था देखि १८ | ० | ० | | ४,२५१ |
| १८ देखि २५ | १,५०८ | २,०५५ | | ३,५६३ |
| २६ देखि ४५ | ८,२८६ | ५,८४० | | १४,२२६ |
| ४६ देखि ६० | १,७७१ | १,८१४ | | ३,४८५ |
| ६० भन्दा माथि | ४४१ | ४८२ | | ९२३ |
| **जम्मा** | १२,००६ | १०,१४३ | ४८ | २२,१९७ |

## ३.३ अघिल्लो वर्षहरूको उपलब्धीहरूको विश्लेषण:

| क्र.स | शीर्षक | आ.व. ०७८/०७९ को यथार्थ | आ.व ०७९/०८० को यथार्थ |
|---|---|---|---|
| १. | सदस्य संख्या | १९,२५६ | २२,१९७ |
| | बृद्धिदर प्रतिशतमा | २३।८५ % | १५।२७ % |
| २. | संस्थाको कार्यक्षेत्रको कुल जनसंख्या | ३,५०,८०४ | ४,१५,१२६ |
| | कुल जनसंख्यामा संस्थाको पहुँच प्रतिशतमा | ५.४८ % | ५।३१ % |
| ३. | कुल सम्पत्ति | १,२०,७३,७३,५६८।६९ | १,२३,७८,७०,५४६।२४ |
| | बृद्धि प्रतिशतमा | ३१।२१ % | २।५३ % |
| ४. | कुल शेयर पुँजी | १२,२५,५८,०००।- | १४,३२,६९,४००। |
| | बृद्धि प्रतिशतमा | ४१।०२ % | १६।९० % |
| ५. | कुल ऋण लगानी | ९२,३९,७७,००५।९२ | ९५,१७,३७,१७५। |
| | बृद्धि प्रतिशतमा | ३६।२१ % | ३।०१ % |
| ६. | कुल बचत/निक्षेप | २१।९९ % | ७२,६०,७२,९५८।३२ |
| | बृद्धि प्रतिशतमा | १०।२८ % | १।९५ % |
| ७. | कुल बाह्य ऋण | २७,९४,५४,०१०।८८ | २२,०३,५६,२२५।५७ |
| | प्रतिशतमा | ४९।३८ % | (२०।६८ % |
| ८. | कुल संस्थागत पुँजी | २,२७,३५,३३३ | ५,१८,२५,२२२।०२ |
| | प्रतिशतमा | | ५८।६१ % |
| ९. | कूलस्थिर सम्पत्ति | २,२८,२२,५८१।६४ | २,४१,०८,२६१। |
| | बृद्धि प्रतिशतमा | ६।९० % | ५।५१ % |

| क्र.स | शीर्षक | आ.व. ०७८/०७९ को यथार्थ | आ.व ०७९/०८० को यथार्थ |
|---|---|---|---|
| १०. | कुल वित्तीय लगानी | ५४,२६,७४८।२२ | ६१,३२,३०३। |
| | प्रतिशतमा | ०।७६ % | १३ % |
| ११. | मुनाफा | २,०८,४४,५९९।६० | २,०८,७३,४५१।२० |
| | प्रतिशतमा | १८।४ % | ८।७१ % |

## ३.४ अघिल्लो योजनासंगको उपलब्धी विश्लेषण:

| क्र. स. | शीर्षक | अघिल्लो योजनाको (०७९ असार मसान्तसम्मको विवरणको आधारमा) | | |
|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धी | उपलब्धी प्रतिशत |
| १. | सदस्य वृद्धि | १९२५६- २५०७० = ५८१४ | २९४१ | ५०.५८ % |
| २. | शेयर पूँजी वृद्धि | १२,२५,५८,०००-१५५०९९५९९ = ३२५४१५००।- | २०७११४००।- | ६३.६५ % |
| ३. | बचत/निक्षेप वृद्धि | ७१२१७२८२८-१०६२४३१८०० = ३५०२५८९७२।- | १३९००१३०।- | ३.९७ % |
| ४. | ऋण लगानी वृद्धि | ९२,३९,७७,००५-१,१७,८७,५६,४५० = २५४७७९४४५।- | २७७६०१७०।- | १०.९० % |
| ५. | वित्तीय लगानीमा बृद्धि | ५४,२६,७४८-९३,०५,९०० = ३८,७९,१५२।- | ७,०५,५५५।- | १८.१९ % |
| ६. | कुल स्थिर सम्पत्तिमा बृद्धि | २,२८,४९,००२-५,०४,०७,३४५ = २,७५,५८,३४३।- | १२,५९,२५९।- | ४.५७ % |
| ७. | कुल बाह्य ऋणमा बृद्धि/कमी | २७७८४११९३-२३२६४९३०० = (४५१९१८९३) | (५७४८४९६८) | १२७ % |
| ८. | कुल सम्पत्तिमा बृद्धि | १,२०,७३,७४,५६८-१,५५,०९,९५,३३३ = ३४,३६,२०,७६५।- | ३,०४,९५,९७८।- | ८.८७ % |
| ९. | कुल मुनाफा बृद्धि | २,२८,६३,७८२-३,२९,२३,६९७ = १,००,५९,९१५।- | १९,९२,२९५। | -८.७२ % |

## ४. योजना खण्ड:

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ र सो सम्बन्धी सहकारी विभागले सहकारीहरूलाई जारी गरेको निर्देशिका २०७५, संस्था सञ्चालन गर्न

बनेको विनियम २०७९, संस्थागत नीतिहरूको अधिनमा रही प्रचलित नेपाल कानुनले दिएको क्षेत्रमा रही संस्थाले यस आर्थिक वर्ष २०८०/२०८१ का लागि देहाएको कार्यक्रम सञ्चालन गरिने छ।

## ४.१ सदस्य विस्तार योजनाः

यस वर्ष पनि विगत वर्ष झैं "**वृहत संस्था निर्माणका लागि धेरै र धैर्य सदस्य**" हाम्रो मुलमन्त्र हुनेछ। यसका लागि संस्थाको सदस्यता प्रदान गर्ने प्रक्रियालाई सरलीकृत एवम् प्रभावकारी बनाईने छ। सदस्य वृद्धिका लागि सबै सेवाकेन्द्र तथा सञ्चालक समिति र कर्मचारीहरूलाई जिम्मेवारी तोकिने छ।

**सदस्य वृद्धि योजनाः** यस वर्ष संस्थामा कुल सदस्य संख्या २८,०४२ जना पुऱ्याइने छ।

| बृद्धिलक्ष्य | जनामाः | ५८४५ |
|---|---|---|
| | वृद्धि प्रतिशतः | २६.३३ % |

**मुख्य कार्यालय तथा सदस्य सेवा केन्द्रहरूको लागि लक्ष्य निर्धारण**

| कार्यालय | हालको सदस्य संख्या (जना) | थप गर्नुपर्ने सदस्य संख्या (जना) | वर्षान्तमा पुग्ने सदस्य संख्या (जना) |
|---|---|---|---|
| मुख्य कार्यालय | ४५५२ | ७०० | ५२५२ |
| मेहलकुना सेवा केन्द्र | २२३८ | ४०० | २६३८ |
| अभ्यूदय सेवा केन्द्र | २३७३ | ३८७ | २७६० |
| छिन्चु सेवा केन्द्र | १५९३ | ४३० | २०२३ |
| बाङ्गेसिमल सेवा केन्द | १३१७ | ४५६ | १७७३ |
| पीपीरा सेवा केन्द्र | १६४९ | ४१० | २०५९ |
| राकम सेवा केन्द्र | १४८१ | ४७७ | १९५८ |
| जहरे सेवा केन्द्र | ९०६ | ४५५ | १३६१ |
| यरिचोक (प,आ,ज) सेवा केन्द्र | २७१६ | ४२२ | ३१३८ |
| वड्डीचौर सेवा केन्द्र | ६१४ | ४७७ | १०९१ |
| गुटु सेवा केन्द्र | ७६६ | ३७७ | ११४३ |
| मालिका सेवा केन्द्र | ८४१ | ३६६ | १२०७ |
| ओयसीस सेवा केन्द्र | ११५१ | ४८८ | १६३९ |
| **जम्मा** | २२१९७ | ५८४५ | २८०४२ |

## ४.२ सदस्य विस्तारको रणनीतिहरूः

| क्र.स. | रणनीति | अपेक्षित सदस्य संख्या (जना) |
|---|---|---|
| १. | बजार कर्मचारीहरू सदस्य विस्तारको लक्ष्य तोकेर | १४०० |
| २. | स्थापना दिवस/साधारण सभा/विविध पर्वमा प्रवेश शुल्क छुट दिएर | ३०० |

| क्र.स. | रणनीति | अपेक्षित सदस्य संख्या (जना) |
|---|---|---|
| ३. | म र मेरो साथी सँगसँगै वीरेन्द्रनगर साकोसमा | ६०० |
| ४. | स्वेच्छिक रूपमा (संस्थाको ख्यातिबाट) | ९०० |
| ५. | सदस्यता विस्तार अभियान/ऋण लगानी गर्दा सदस्य थप गरेर | ७३१ |
| ६. | प्रति कर्मचारी २ जनाका दरले प्रति महिना | १५५० |
| ७. | सञ्चालक समिति तथा उपसमितिहरूले वर्षमा १२ जनाका दरले | ३६४ |
| जम्मा | | ५८४५ |

नोटः सदस्य विस्तार गर्दा सकभर ''एक सदस्य थप एक सदस्य''को योजनालाई अबलम्वन गरिने छ।

## ४.३ शेयर पुँजी वृद्धि योजनाः

यस वर्ष यस संस्थामा आवद्ध सबै सदस्यहरूलाई **"मेरो संस्था, मेरो स्वामित्व, महशुस गरौं पूर्ण अपनत्व"** को भावना जगाएने छ। यसरी औसत शेयर बराबर र बढीमा कुल शेयर पुँजीको २० प्रतिशतसम्म शेयर खरिद गर्न प्रेरित गरिनेछ। संस्थाको शेयर वर्ष भरी नै खुल्ला रहनेछ भने शेयरमा लाभासं दैनिक मौज्दातको आधारमा गणना गरी वितरण गरिने छ। शेयर पुंजी वृद्धिको देहाए बमोजिम लक्ष्य र रणनीति तय गरिएको छ।

## ४.४ शेयर पुँजी वृद्धि योजनाः

| वृद्धि लक्ष्य | रकममा | | ३८,१००,०००.०० |
|---|---|---|---|
| | प्रतिशतमा | | २६.५९ प्रतिशत |
| कार्यालय | हाल कायम रहेको शेयर पुँजी | थप गर्नु पर्ने शेयर पुँजी | वर्षान्तमा पुग्ने शेयर पुँजी |
| मुख्य कार्यालय | २९,१२९,९००।०० | ८,०००,०००।०० | ३७,१२९,९००।०० |
| मेहलकुना सेवा केन्द्र | १५,७५५,१००।०० | २,५००,०००।०० | १८,२५५,१००।०० |
| अभ्यूदय सेवा केन्द्र | १५,४९४,१००।०० | २,०००,०००।०० | १७,४९४,१००।०० |
| छिन्चु सेवा केन्द्र | ११,०९१,७००।०० | २,०००,०००।०० | १३,०९१,७००।०० |
| बाङ्गेसिमल सेवा केन्द्र | ८,६११,६००।०० | ३,५००,०००।०० | १२,१११,६००।०० |
| पीपीरा सेवा केन्द्र | ९,४८०,४००।०० | ३,०००,०००।०० | १२,४८०,४००।०० |
| राकम सेवा केन्द्र | ८,९४८,२००।०० | १,२००,०००।०० | १०,१४८,२००।०० |
| जहरे सेवा केन्द्र | ५,५६२,३००।०० | १,२००,०००।०० | ६,७६२,३००।०० |
| ऐरिचोक सेवा केन्द्र | १६,७६३,२००।०० | ५,०००,०००।०० | २१,७६३,२००।०० |
| वड्डीचौर सेवा केन्द्र | ३,३९२,०००।०० | १,५००,०००।०० | ४,८९२,०००।०० |

| | | | |
|---|---|---|---|
| गुटु सेवा केन्द्र | ५,३४०,२००।०० | १,२००,०००।०० | ६,५४०,२००।०० |
| मालिका सेवा केन्द्र | ५,८३९,७००।०० | १,०००,०००।०० | ६,८३९,७००।०० |
| ओयसिस सेवा केन्द्र | ७,८६१,०००।०० | ६,०००,०००।०० | १३,८६१,०००।०० |
| **जम्मा** | १४३,२६९,४००.०० | ३८,१००,०००।०० | १८१,३६९,४००।०० |

## ४.५ शेयर पुँजी बृद्धिका रणनीतिहरू:

१. शेयर लाभाशंबाट प्राप्त रकम शेयर थप गरेर ।

२. न्यून शेयर रकम भएका सदस्यहरूलाई शेयर रकम थप गर्न लगाई ।

३. संस्थाबाट ऋण लिँदा न्यून शेयर रकम भएका सदस्यहरूलाई न्यूनतम् शेयरको मापदण्ड पूरा गर्न लगाउने।

४. नयाँ सदस्य थप गरेर ।

५. शेयर थप अभियान मार्फत ।

## ४.६ बचत/निक्षेप बृद्धि योजना:

संस्थाले विगतमा अपनाएको रणनीतिको प्रतिफल र प्राप्त सिकाईहरूलाई अंगिकार गर्दै "समृद्ध जीवन र सुनिश्चित भविष्यका लागि बचत" साकोसको मूलमन्त्र यस वर्ष पनि कायम रहने छ । मानिसको जन्मदेखि मृत्युसम्मको कृयाकलापहरूका लागि बचत उत्पादनहरूको विकास गरी ती उत्पादनहरूमा सदस्यहरूको सहभागिता बृद्धि गर्दै सम्पूर्ण बचत/निक्षेपको कारोबारलाई यस संस्थासँग मात्र गराउनका लागि प्रोत्साहन गर्दै देहाए बमोजिमको लक्ष्य पूरा गर्न निम्न रणनीति अबलम्वन गरिने छ ।

### ४.६.१ बचत/निक्षेप बृद्धि योजना:

| बृद्धिलक्ष्य | | **रकममा** | १७९,२०४,९८६.०० |
|---|---|---|---|
| | | **प्रतिशतमा** | **२४.६८ प्रतिशत** |
| **कार्यालय** | **हाल कायम रहेका बचत/निक्षेप** | **थप गर्नुपर्ने बचत/निक्षेप** | **आ.व.को अन्तिममा पुग्ने बचत/निक्षेप** |
| मुख्य कार्यालय | २९३,८२८,४१८।६९ | ५७,७५०,७००।०० | ३५१,५७९,११९।०० |
| मेहलकुना सेवा केन्द्र | ३७,२७६,७४९।०० | १२,०५४,८००।०० | ४९,३३१,५४९।०० |
| अभ्यूदय सेवा केन्द्र | ३८,४९३,३५०।०० | १२,०७४,६००।०० | ५०,५६७,९५०।०० |
| छिन्चु सेवा केन्द्र | ५२,६३८,००६।०० | १२,५६४,८००।०० | ६५,२०२,८०६।०० |
| बाङ्गेसिमल सेवा केन्द | ६९,३०२,६६२।०० | १५,०६०,५००।०० | ८४,३६३,१६२।०० |
| पीपीरा सेवा केन्द्र | ५७,४४५,९५२।०० | १३,०५०,०००।०० | ७०,४९५,९५२।०० |
| राकम सेवा केन्द्र | ३१,९८४,१२४।०० | ७,५५४,५००।०० | ३९,५३८,६२४।०० |
| जहरे सेवा केन्द्र | १९,०७६,४५४।०० | ६,८२८,०३६।०० | २५,९०४,४९०।०० |
| ऐरिचोक (प.आ.ज) सेवा केन्द्र | ५५,८८७,५६६।०० | १५,०४५,०००।०० | ७०,९३२,५६६।०० |

| | | | |
|---|---|---|---|
| वड्डीचौर सेवा केन्द्र | ९,४९३,२९२।०० | ५,०३७,०००।०० | १४,५३०,२९२।०० |
| गुटु सेवा केन्द्र | १०,२०६,९१७।०० | ४,५७५,५००।०० | १४,७८२,४१७।०० |
| मालिका सेवा केन्द्र | ६,२६७,३०६।०० | ३,५५४,८५०।०० | ९,८२२,१५६।०० |
| ओयसिस सेवा केन्द्र | ४४,१७२,१६३।०० | १४,०५४,७००।०० | ५८,२२६,८६३।०० |
| **जम्मा** | ७२६,०७२,९५८।०० | १७९,२०४,९८६।०० | ९०५,२७७,९४४।३२ |

## ४.६.२ बचत निक्षेप बृद्धि रणनीतिः

| क्र.सं. | रणनीतिहरू | अपेक्षित बचत/निक्षेप रकम |
|---|---|---|
| १. | अधिकतम सदस्यलाई नियमित बचत गराएर | २५०००००००।०० |
| २. | प्रतिष्पर्धी मूल्य निर्धारण गरेर | ८६०८९३०१।०० |
| ३. | नयाँ वस्तुको उत्पादन गरेर | २५०००००००।०० |
| ४. | एक सदस्यलाई कम्तिमा ३ वटा बचत योजनामा समावेश गरेर | १५०००००००।०० |
| ५. | अधिकतम बचत गर्ने ३०० जनाको वार्षिक भेला गराएर | १५०००००००।०० |
| ६. | विभिन्न उत्पादनमा बढी बचत गर्ने सदस्य सम्मान गरेर | १३११५६८५।०० |
| **जम्मा बचत/निक्षेप** | | १७९२०४९८६ |

**नोटः**

- यस वर्षदेखि ५, १० र १५ वर्षेसम्मका लागि ५००।-, १०००।- र २०००।- मासिक अनिवार्य बचत अभियान सञ्चालन गरिनेछ।
- बाल बचतकर्ता (भावी सदस्य) बृद्धि गर्नका लागि शेयर सदस्यहरूका बच्चा जन्मिएको प्रमाणहरू सहित जानकारी प्राप्त भए पछाडि रु. २००।- संस्थाको तर्फबाट जम्मा गरिदिएर खाता खोलिदिने व्यवस्था गरिने छ।

## ४.७ सदस्यहरुलाई ऋण लगानीमा बृद्धि योजनाः

संस्थाले विगत वर्षहरूमा अपनाएको विधिलाई यस वर्षदेखि पूर्ण रूपमा लागु हुन गरी "**ऋण मार्फत उद्यमशिलता, उद्यमशिलता मार्फत स्वरोजगारी र स्वरोजगारी मार्फत आत्मनिर्भरता**" लाई लागु गरिने छ। सदस्यहरूको आर्थिक हैसियत, उद्यमशिल क्षमता, कामप्रतिको रूची र अनुभव, वित्तीय बुझाई र अनुशासन जस्ता कुराहरूको आधारमा हुँदाखाने वर्गका सदस्यहरूलाई हुने खाने र हुने खाने वर्गका सदस्यहरूलाई समृद्ध बनाउने गरी ऋण सेवाहरूको विकास गर्दै वास्तविक पुँजीको अभावमा उद्यमशिल बन्नबाट रोकिएका सदस्यहरूको उत्थानका लागि देहाएको ऋण लगानी लक्ष्यलाई पूरा गर्न निम्न रणनीतिहरू अवलम्वन गरिनेछ।

### ४.७.१ सदस्यहरूलाई ऋण लगानी बृद्धि गर्ने योजनाः

| **बृद्धिलक्ष्य** | | **रकममा** | २१६,१०९,७७९।०० |
|---|---|---|---|
| | | प्रतिशतमा | २२.७१ प्रतिशत |
| **कार्यालय** | **हालकायम रहेका ऋण लगानी** | **थप गर्नुपर्ने ऋण लगानी** | **आ.व.को अन्त्यमा पुग्ने ऋण लगानी** |
| मुख्य कार्यालय | ४०६,४३२,४०२।७३ | २५,०००,०००।०० | ४३१,४३२,४०२।७३ |
| मेहलकुना सेवा केन्द्र | ७०,८९८,१८८।१० | १०,०००,०००।०० | ८०,८९८,१८८।१० |
| वावियाचौर सेवा केन्द्र | ४१,५६३,७३८।४६ | १०,०००,०००।०० | ५१,५६३,७३८।४६ |
| छिन्चु सेवा केन्द्र | ४६,५०२,०७०।४६ | २०,०००,०००।०० | ६६,५०२,०७०।४६ |
| बाङ्गेसिमल सेवा केन्द | ७२,४५२,५९४।४८ | २५,०००,०००।०० | ९७,४५२,५९४।४८ |
| पीपीरा सेवा केन्द्र | ४९,०८७,४९९।९५ | २०,०००,०००।०० | ६९,०८७,४९९।९५ |
| राकम सेवा केन्द्र | ३०,४१५,१४२।४८ | ७,१०९,७७९।०० | ३७,५२४,९२१।४८ |
| जहरे सेवा केन्द्र | ३६,१९९,१२३।३० | ५०,०००,००।०० | ८६,१९९,१२३।३० |
| ऐरिचोक सेवा केन्द्र | ९७,५१३,२७२।०३ | २०,०००,०००।०० | ११७,५१३,२७२।०३ |
| वड्डीचौर सेवा केन्द्र | ९,८३७,१६०।३२ | ६,०००,०००।०० | १५,८३७,१६०।३२ |
| गुटु सेवा केन्द्र | १२,७२४,७८१।९१ | ४,०००,०००।०० | १६,७२४,७८१।९१ |
| मालिका सेवा केन्द्र | १२,६४१,१८०।१५ | ४,०००,०००।०० | १६,६४१,१८०।१५ |
| ओयसिस सेवा केन्द्र | ६५,४७०,०२०।१४ | १५,०००,०००।०० | ८०,४७०,०२०।१४ |
| जम्मा | ९५१,७३७,१७४।५१ | २१६,१०९,७७९।०० | १,१६७,८४६,९५३।५१ |

### ४.७.२ सदस्यहरूलाई ऋण लगानी बृद्धि रणनीतिः

| **क्र.स.** | **रणनीतिहरू** | **अपेक्षित बचत/निक्षेप रकम** |
|---|---|---|
| १ | नयाँ ऋणी थप गरेर | ५४७७९४४४।०० |
| २ | ऋण सेवा थप गरेर | ४७१०९७७९।०० |
| ३ | प्रतिस्पर्धी मूल्य निर्धारण गरेर | ३५००००००।०० |
| ४ | कर्मचारीहरूलाई कार्य विवरण दिएर | ३००००००।०० |
| ५ | उत्कृष्ट ऋण कारोबार गर्ने सदस्यलाई थप गरेर | ४९२२०५५६।०० |
| जम्मा | | २१६१०९७७९।०० |

### ४.८ वित्तीय लगानीमा बृद्धि योजनाः

**"अभियानप्रति ऐक्यवद्धता, सहकारी मार्फत गरिबी निवारणमा हाम्रो प्रतिवद्धता" लाई आत्मसाथ गर्दै** सहकारीहरूको विश्वव्यापी संञ्जालमा संस्थालाई सञ्जालिकृत बनाउदै अभियानलाई जोगाई राख्नका लागि अभियानले खेलेको भूमिका, संस्थालाई प्राप्त सेवा र सुविधा, अभियान र संस्थाबीचको सम्बन्ध आदिको आधारमा देहाएको रणनीतिमा आधारित रहेर वित्तीय लगानीमा वृद्धि गरिनेछ ।

### ४.८.१ वित्तीय लगानीमा बृद्धि योजनाः

| बृद्धिलक्ष्य | रकममा | | ३६,९२,०६१ |
|---|---|---|---|
| | प्रतिशतमा | | ६८.५५ प्रतिशत |
| **अभियानको नाम** | **हाल कायम रहेका शेयर लगानी** | **थप गर्ने शेयर लगानी** | **आ.व.को अन्त्यमा पुग्ने शेयर लगानी** |
| नेफस्कून | ५१६,२१००.०० | ५००,००० | ५,६६२,१००.०० |
| राष्ट्रिय सहकारी बैंक | ३४२,०००.०० | २,०००,०००.०० | २,३४२,०००.०० |
| प्रदेश बचत संघ | १०,०००.०० | - | १०,०००.०० |
| जिल्ला सहकारी संघ, सुर्खेत | २१,०००.०० | - | २१,०००.०० |
| राष्ट्रिय सहकारी महासंघ | ३००,०००.०० | - | ३००,०००.०० |
| जिल्ला बचत संघ, सुर्खेत | १५,५००.०० | - | १५,५००.०० |
| नेफस्कुन नियमित बचत | २३५,४४०.४५ | - | २३५,४४०.४५ |
| संघहरूमा रहेको बचत हिसाव | ४६,२६३.०० | - | ४६,२६३.०० |
| **जम्मा** | ६१३२३०३।४५ | २,५००,०००।०० | ८६३२३०३.४५ |

### ४.९ संस्थागत पुँजी बृद्धि योजनाः

"दिगो साकोसका लागि अधिकतम संस्थागत पुंजी" संस्थागत आकांक्षा हुनेछ । सदस्य सेवाको स्तर वृद्धिका लागि सञ्चालन गरिने कार्यक्रमहरूको प्रभावकारिता विकास र सदस्य सन्तुष्टिको वृद्धिका लागि संस्थागत पुंजी अपरिहार्य शर्त हो ।

### ४.९.१ संस्थागत पुँजी बृद्धिका रणनीतिहरूः

१. संस्थागत खर्च प्रणाली मितव्ययी बनाउने ।

२. हरेक आर्थिक वर्षभित्र खर्च नभई बचेका सबै कोषहरूलाई जगेडा कोषमा रकमान्तरण गर्ने ।

३. आम्दानीमा अधिक वृद्धि गरि जगेडा कोषमा छुट्याउनु पर्ने रकममा वृद्धि गर्ने ।

### ४.१० बाह्य ऋण लिन/बृद्धि योजनाः

**"आवश्यकताको आधारमा ऋण सेवा, संकटको बेलामा सहयोगीको भरोसा"** भन्ने कुरालाई मध्यनजर गरी सदस्यहरूको आवश्यकता पूरा गर्न र संस्थाको तरलता व्यवस्थापन गर्नका लागि सहकारी अभियान भित्रैबाट बाह्य ऋण लिने नीति लिइनेछ । यसका लागि संस्थाले देहाएको रणनीति अबलम्वन गरिनेछ ।

### ४.१०.१ बाह्य ऋण लिन/बृद्धि योजना:

| वृद्धि लक्ष्य | रकममा | २६९७८२४४।०० | |
|---|---|---|---|
| | प्रतिशतमा | १२.२७ | |
| **संघ/बैंकको नाम** | **हालको बाँकी ऋण** | **थप आवश्यक ऋण** | **वर्षको अन्त्यमा बाँकी** |
| नेफस्कून | १२३८६३८८८।६३ | ५००००००००।०० | ९५,०००,०००।०० |
| युवा परिषद् | ३३३०००।०० | ० | ० |
| युवा स्वरोजगार | ३७४९९९९।९९ | ५०००००००।०० | ७,६६६,६६६।६९ |
| रा.सहकारी बैंक | ९१९९२६७०।३० | ५००००००००।०० | ९४,२५१,१३६।६९ |
| आर.एस.डि.सी. | ०।०० | ६००००००००।०० | ५०,०००,०००।०० |
| **जम्मा** | २१९९३९५५८।९२ | १६५००००००।०० | २४६९१७८०३।३८ |

### ४.१०.२ बाह्य ऋण लिन/बृद्धि रणनीति:

१. तरलताको अधिक अभाव भएमा मात्र बाह्य ऋण लिने ।

२. सदस्यहरूबाट अधिक ऋण माग भई आएर थाम्न नसकिने अवस्थामा मात्र बाह्य ऋण लिने ।

३. नयाँ लगानीका क्षेत्रहरू पहिचान भएमा ।

### ४.११ सञ्चालन क्षमता विकास योजना:

"**नविनतम् प्रविधि संस्थाको टेवा, हातहात र घरघरबाट वित्तीय सेवा**" लाई मध्यनजर गर्दै संस्थाको सेवा सञ्चालनलाई प्रभावकारी, विश्वासिलो, भरपर्दो र समय सापेक्ष बनाएर संस्थाले प्रदान गरिरहेका निम्न बमोजिमका सेवालाई निरन्तरता दिइने छ ।

| क्र.स. | प्रविधिको नाम | कहिले सम्म गर्ने? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | मोबाइल बैकिङ | सञ्चालनमा रहेको | सफ्टवेयर कम्पनी | टेक्निकल विभाग |
| २. | क्यू आर कोड सर्भिस | सञ्चालनमा रहेको | सफ्टवेयर कम्पनी | टेक्निकल विभाग |
| ३. | ट्याबलेट बैंकिङ | सञ्चालनमा रहेको | सफ्टवेयर कम्पनी | टेक्निकल विभाग |
| ४. | ए.टि.एम भीजा कार्ड सेवा | सञ्चालनमा रहेको | सफ्टवेयर कम्पनी | टेक्निकल विभाग |
| ५. | वेवसाइट तथा सामाजिक सञ्जाल | सञ्चालनमा रहेको | सफ्टवेयर कम्पनी | टेक्निकल विभाग |
| ६. | एस.एम.एस अलर्ट सेवा | सञ्चालनमा रहेको | सफ्टवेयर कम्पनी | टेक्निकल विभाग |

नोटः उल्लेखित सेवाका लागि बजेटको व्यवस्था बजेट खण्डमा गरिएको छ ।

### ४.१२ संस्थागत सञ्चालन क्षमता विकासका लागि सहकारी एकीकरण योजना:

यातायात साधनको सहज पहुँच भएको स्थानमा बढीमा ५ कि.मि. र यातायातको साधनको सहज पहुँच नभएको ठाँउमा बढीमा २ कि.मि भन्दा टाढाबाट संस्थामा सेवा लिन कुनै पनि सदस्यहरूले धाउनु

नपरोस् भन्नका लागि कार्यक्षेत्र भित्र लेकवेशी नगरपालिका र वीरेन्द्रनगर नगरपालिका वडा नं.-७ ईत्राममा सेवा केन्द्र सञ्चालन गर्ने र उद्देश्य मिलेका, समुदायमा आधारित भएर सञ्चालनमा रहेका कुनै पनि वित्तीय क्षति नव्यहोरेका र सदस्यहरूको दोहोरोपना देखिएका अन्य सहकारीहरूसँग "प्रतिस्पर्धी र गुणस्तरीय सेवा प्रवाहका लागि भाइचारा र एकता" भन्ने मुलमन्त्रका साथ एकीकरणका लागि आवश्यक पहल गरिनेछ । उल्लिखित सेवा केन्द्र स्थापना र एकीकरण कार्यका लागि बजेटको व्यवस्था बजेट खण्डमा गरिएको छ ।

### ४.१३ सदस्य सेवा सम्बन्धी कार्यक्रमः

### ४.१३.१ वित्तीय शिक्षा कार्यक्रमः

युवा सदस्यहरूले आफ्नो रूची र व्यक्तिगत गुण र सीपबीचको तादाम्यतामा सुझबुझ विकासका लागि वित्तीय शिक्षा आजको अपरीहार्य शर्त भएका कारण देहाए बमोजिम वित्तीय शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम हुने मिति | संयोजन | सहकार्य | कुल सहभागी संख्या | तालिम अवधि |
|---|---|---|---|---|---|---|
| १. | विद्यार्थीसँग वीरेन्द्रनगर साकोस कार्यक्रम | २०८० फागुन महिना भित्रमा | सेवाकेन्द्र स्तरमा पायक पर्ने शैक्षिक संस्थाहरू | विद्यालय प्रशासन र सेवाकेन्द्र | ५० जनाका दरले ५०० जना | १० दिन |
| २. | उद्यमीसँग अन्तरक्रिया कार्यक्रम | २०८० असोज महिना भित्र । | सम्पूर्ण सेवाकेन्द्र | एकल संस्थाको सहकार्य | १ सेवाकेन्द्र बाट २ जनाका दरले जम्मा २४ जना | १ दिन |
| ३. | व्यावसायीसँग अन्तरक्रिया कार्यक्रम | २०८० फाल्गुण महिना भित्रमा | सम्पूर्ण सेवाकेन्द्र | एकल संस्थाको सहकार्य | १ सेवाकेन्द्र बाट ५ जनाका दरले जम्मा ६५ जना | १ दिन |
| ४. | सीपयुक्त सदस्यहरूका लागि रोजगार सम्मेलन | चैत्र महिनाभित्र | सम्पूर्ण सेवाकेन्द्र | विभिन्न रोजगारदाताहरू | १५० जना | २ दिन |
| ५ | समुदायका अगुवाहरूसँग वीरेन्द्रनगर साकोस कार्यक्रम | २०८१ असार मसान्त | सम्बन्धित व्यक्तिहरूसँग | सम्पूर्ण सेवा केन्द्र | १३० जना | १० दिन |

नोटः यसको लागि आवश्यक बजेट व्यवस्था बजेट खण्डमा समावेश छ ।

### ४.१४ युवा सदस्यहरूको लागि उद्यमशिलता विकास तालिमः

सहकारी मार्फत उद्यमशिलता विकास सम्भव छ भनि प्रमाणित गर्नु आजको सहकारी संस्थाहरूको चुनौतीको विषय हो । सदस्यहरूको व्यावसायिक क्षमता विकास गरी आत्मनिर्भरतातर्फ लैजानु संस्थाको दायित्व हो र यो दायित्व पूरा गर्नका लागि संस्थाले देहाएका कृयाकलापहरू सञ्चालन गर्नेछ । यस कार्यक्रम मार्फत सदस्यहरूको उद्यमशिल क्षमतामा बृद्धि हुनका साथै सदस्यको उद्यमशिलता विकाससँगै संस्थाको बचत/निक्षेपमा पनि उल्लेख्य बृद्धि हुनेछ ।

| क्र. स. | उद्यमशील कार्यक्रमहरू | उपलब्ध सुविधाहरू (उपलब्ध गराउनेमा ठीक चिन्ह लगाउनुहोस) | | | कहिले गर्ने | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | सहुलियत पूर्ण ऋण | तलिम | प्राविधिक सहयोग | | | |
| १. | व्यावसायिक तरकारी खेती | गर्न सकिने | गर्न सकिने | आवश्यक समन्वय गरी सहयोगी निकायहरूको खोजी गरिने छ । | असोज | सम्बन्धित स्थानीयतह | प्रशासन विभाग |
| २. | व्यावसायिक कुखुरा पालन | गर्न सकिने | गर्न सकिने | | चैत | सम्बन्धित स्थानीयतह | प्रशासन विभाग |
| ३. | व्यावसायिक भैंसी पालन | गर्न सकिने | गर्न सकिने | | बैशाख | सम्बन्धित स्थानीयतह | प्रशासन विभाग |
| ४. | व्यावसायिक बाखा पालन | गर्न सकिने | गर्न सकिने | | फाल्गुन | सम्बन्धित स्थानीयतह | प्रशासन विभाग |
| ५. | साना होटल तथा रेष्टुरेन्ट | गर्न सकिने | गर्न सकिने | | वैशाख | सम्बन्धित स्थानीयतह | प्रशासन विभाग |
| ६. | अन्य सीपमुलक तालिम | गर्न सकिने | गर्न सकिने | | वैशाख | सम्बन्धित स्थानीयतह | प्रशासन विभाग |

नोटः यसको लागि आवश्यक बजेट व्यवस्था बजेट खण्डमा समावेश छ ।

### ४.१५ विपन्न सदस्य उत्थान कार्यक्रमः

**"जहाँ अभर, त्यहाँ वीरेन्द्रनगर"** मुख्य मान्यताका आधारमा संस्थामा आवद्ध सीपयुक्त विपन्न शेयर सदस्यहरूको उत्थानका लागि रोजगार वा स्वरोजगार कार्यक्रम अन्तरगत संस्थाले व्यवसाय गर्न उत्प्रेरित गरी सहयोगी भूमिका निर्वाह गर्नेछ । सोका लागि यहि २०८० असोज मसान्तभित्र आवश्यक आन्तरिक कार्यविधि बनाई लागु गरिनेछ ।

### ४.१६ सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमः

#### ४.१६.१ रक्तदान/स्वास्थ्य शिविर कार्यक्रमः

समुदायप्रति चाँसो सहकारीको एक सिद्धान्त हो । यस सिद्धान्तलाई आत्मसाथ गर्दै समुदायको लागि केही गर्नु पर्दछ भन्ने उद्देश्यका साथ संस्थाको स्थापना दिवसको अवसरमा खुल्ला रक्तदान/खुल्ला स्वास्थ्य शिविर सम्बन्धी कार्यक्रमहरू देहाए बमोजिम सञ्चालन गरिनेछ ।

| क्र.सं. | कार्यक्रमको नाम | कहिले गर्ने ? | सहकार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | रक्तदान कार्यक्रम | २०७९ फाल्गुन मसान्तसम्म | नेपाल रेडक्रस सोसाइटी | प्रशासन विभाग |
| २. | निःशुल्क स्वास्थ्य शिविर पाएक पर्ने सेवा केन्द्रमा | २०७९ चैत्र मसान्त | निजी अस्पतालहरू | प्रशासन विभाग |
| ३. | सूचना मुलक बोर्ड (सडक) | २०८० असोज मसान्तसम्म | सडक विभाग, सम्बन्धित नगरपालिका | प्रशासन विभाग |
| ४. | मठ मन्दिर तथा बजार सरसफाई कार्यक्रम | २०८१ असार मसान्तसम्म | सम्बन्धित स्थानीय तह तथा सरोकारवाला नियकाहरूसँग | प्रशासन विभाग |
| ५ | राज्यद्धारा प्रदान गरिने सेवाहरूको प्रचार प्रसार कार्यक्रम | नियमित | स्थानीय तह, प्रदेश सरकार आदि | सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृत |

नोटः यसको लागि आवश्यक बजेट व्यवस्था बजेट खण्डमा समावेश छ।

### ४.१७ सदस्य सम्मान कार्यक्रमः

संस्थाका सक्रिय र जेष्ठ सदस्यहरूलाई हरेक वर्ष संस्थाको स्थापना दिवस वा वार्षिक साधारण सभामा पुरस्कृत तथा सम्मान गर्ने कार्यक्रम गरिनेछ। जसमा संस्थाका शेयर, बचत, ऋण र डिजिटल शीर्षकमा उत्कृष्ट र सर्वाधिक कारोबार गरि संस्थाको आर्थिक विकासमा योगदान पुऱ्याउनु हुने सदस्यहरूलाई र ६५ वर्ष उमेर पुगेका जेष्ठ सदस्यहरूलाई सम्मान तथा पुरस्कार कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममा लागि रू. ६,५०,०००।- बजेट खण्डमा व्यवस्था गरिएको छ।

### ४.१७.१ सदस्य सम्मान कार्यक्रमका रणनीतिहरू:

१. हरेक सेवा केन्द्रहरूबाट अधिक शेयर भएका सदस्यहरू मध्येबाट १/१ जना सम्मान गरिनेछ।
२. हरेक सेवा केन्द्रहरूबाट अधिक बचत भएका सदस्यहरू मध्येबाट १/१ जना सम्मान गरिनेछ।
३. हरेक सेवा केन्द्रहरूबाट अधिक ऋणको सदुपयोगिता र नियमित किस्ताब्याज बुझाउने सदस्यहरू मध्येबाट १/१ जना सम्मान गरिनेछ।
४. हरेक सेवा केन्द्रहरूबाट सक्रिय अपांग सदस्यहरूमध्येबाट १/१ जना सम्मान गरिनेछ।
५. माथि उल्लिखित सबै विषयमा सम्मान तथा पुरस्कार कार्यविधि बनाएर व्यवस्थित गरिने छ।

### ४.१८ सदस्यका लागि सहकारी शिक्षा र वित्तीय साक्षरता कार्यक्रमः

समसामयिक विषयहरूमा तालिम तथा शिक्षाका अवसरहरूबाट संस्था र संस्थाले दिने सेवाका बारेमा सदस्यहरूलाई सुसूचित गरि सदस्यहरूलाई संस्थाप्रति सकारात्मक बनाउनु र बढीभन्दा बढी लाभ लिने

गरी सदस्यलाई सहकारी शिक्षा तथा वित्तीय साक्षरता दिनु संस्थाको मुख्य कार्य हो । यस वर्ष संस्थाका कम्तिमा ३० प्रतिशत सदस्यलाई सहकारी शिक्षा दिने रणनीति तय गरिएको छ । यसका लागि सहकारी शिक्षा कोषको रकम खर्च गरिनेछ र अपुग रकम बजेट खण्डमा व्यवस्था गरिएको छ ।

### ४.१८.१ सदस्यका लागि सहकारी शिक्षा र वित्तीय साक्षरता कार्यक्रमका रणनीतिहरू:

१. नयाँ सदस्यहरूलाई सहकारी शिक्षामा प्राथमिकताका साथ सहभागी गराईनेछ ।

२. सहकारी शिक्षा टोल-टोलमा सञ्चालन गरिनेछ ।

३. निस्क्रिय सदस्यहरूलाई सहकारी शिक्षामा प्राथमिकता दिईनेछ ।

४. सहकारी शिक्षाका माध्यमबाट सदस्यलाई सक्रिय बनाईनेछ ।

५. हालसम्म कुनै पनि कार्यक्रममा सहभागी नभएका सदस्यहरूलाई सहभागिताका लागि प्राथमिकता दिइने छ ।

### ४.१९ सदस्य राहत कार्यक्रम:

"**जन्मदेखि मृत्युसम्म वीरेन्द्रनगर साकोस**" कार्यक्रम भन्ने संस्थाको मान्यता बमोजिम संस्थाका शेयर सदस्यहरूलाई मृत्यु संस्कार सहयोग, सुत्केरी पोषण खर्च र बालसदस्यको जन्मदिनमा उपहार कार्यक्रम लगायत सदस्यको १ लाख बराबरको दुर्घटना बीमा कार्यक्रम सञ्चालन गर्दै आएकोमा यस वर्ष पनि सो कार्यक्रमहरूलाई निरन्तरता दिइने छ । यस वर्षदेखि "अन्तर सदस्य सहयोग कोष" निर्माण गरी सोही कोषमार्फत यो कार्यक्रम व्यवस्थित गरिनेछ । राहत कार्यविधिमा आवश्यक संशोधन तथा पुर्नलेखन गरी समय सापेक्ष बनाईने छ ।

### ४.२० सक्रिय र सिपालु सदस्यका लागि निर्व्याजी ऋण कार्यक्रम:

"सिपालु सदस्य, दिगो व्यवसाय" सदस्यहरूलाई उत्पादनसंग जोड्ने संस्थाको मुख्य कडि हुनेछ । सदस्यहरूलाई स्वरोजगार, आत्मनिर्भर र व्यवसायी बनाउन कृषि, पशुपालन र तरकारी खेती गर्ने सक्रिय सदस्यलाई उत्पादनमा उत्प्रेरित गर्नको लागि आवश्यक कार्यविधि २०८०, असोज मसान्तभित्र बनाई निर्व्याजी ऋण उपलब्ध गराउने कार्यक्रम तय गरिएको छ । यसमा संस्थाका सदस्यहरूले उत्पादन गरेका वस्तुहरूको प्रचार प्रसारको कामलाई प्रश्रय दिइनेछ ।

### ४.२१ सञ्चालक समिति तथा उपसमितिहरूको क्षमता विकास कार्यक्रम:

"चलायमान र सक्षम नेतृत्व, सुशासनयुक्त सबल संस्था" निर्माणका नीति आत्मसाथ गर्दै सञ्चालक समिति र उपसमितिहरूको क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी र अध्ययन भ्रमण आदि जस्ता क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ । त्यस्ता कार्यक्रमहरू संस्था आफैले वा विभिन्न संघ/संस्थाहरूको आयोजनामा हुने कार्यक्रममा सहभागी गराईनेछ र संस्थाका सम्पूर्ण सञ्चालकहरूलाई एउटा संस्थाको मात्र सञ्चालक बन्न आचारसंहिता लागु गरिनेछ र सम्पूर्ण सञ्चालकहरूलाई कार्यविवरण दिई संस्थाप्रति जवाफदेही बनाइने छ । सञ्चालकहरूको मासिक बैठक भत्ता, क्षमता विकास र कामका लागि पारिश्रमिकको आवश्यक बजेट खण्डमा बजेट व्यवस्था गरिएको छ ।

## ४.२२ मानव संशाधन विकासः

संस्थामा कार्यरत कर्मचारीहरू संस्थाका स्थायी सम्पत्ति हुन । यिनको संरक्षण, सम्बर्द्धन र स्थायीत्वमा ध्यान दिनु जरूरी छ । संस्थाको मानव संशाधन व्यवस्थापनलाई पेशागत तथा प्रभावकारी बनाउन मानव संशाधन नीतिमा आवश्यक संशोधन गरि समय सापेक्ष बनाइने छ । संस्थाको व्यवसाय तथा योजना कार्यान्वयन प्रगतिको आधारमा कायम हुन सक्ने गरी संस्थाको O &M Survey गरि सोही बमोजिम दरबन्दी स्वीकृत गरिनेछ । हाल संस्थामा कार्यरत कर्मचारीहरूको मासिक तलब स्केल, पोशाक खर्च, पर्व (दशैं) खर्च, अतिरिक्त समय सेवा सञ्चालन खर्च, महंगी भत्ता र अन्य सेवा सुविधाहरूको समय सापेक्ष सिफारिस गर्न सञ्चालक समितिले अधिकार सम्पन्न कर्मचारीको सेवा सुविधा तथा वृत्ति विकास पुनरावलोकन कार्यदल गठन गरि सो कार्यदलले संस्थाको समग्र वित्तीय विश्लेषण गरि दिएको प्रतिवेदनको आधारमा कर्मचारीहरूको सेवा सुविधा थप र वृति विकास गरिनेछ । साथै संस्थाको दैनिक कामकाजमा प्रभावकारिता ल्याउनको लागि कार्यरत कर्मचारीहरूको क्षमता वृद्धि गर्नको लागि विभिन्न किसिमका तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने तथा विभिन्न तालिममा सहभागी गराउने नीति तय गरिने छ । यस कार्यका लागि बजेट खण्डमा आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

## ४.२३ संस्थामा आन्तरिक सुशासन प्रवर्द्धनः

"सहकारीको दिगोपन, स्वनियमन र सुशासन" तेश्रो सहकारी महासम्मेलनको मूल नारा हो । त्यसैलाई आत्मसात गर्दै संस्थालाई नमूना संस्थाको रूपमा विकास गर्न तथा व्यावसायिक रूपमा सुशासन प्रवर्द्धन गर्ने संस्थाको प्रयास निरन्तर रहेको छ । संस्थाको सुशासन प्रवर्द्धनका अवयवहरूको प्रभावकारिता विकासका लागि आवश्यक योजना निर्माण गरिएको छ। संस्थाको सुशासन प्रवर्द्धनका लागि विभिन्न २१ वटा आन्तरिक कार्यविधि, १ निर्देशिका र ३ वटा आचारसंहिता कार्यान्वयनमा ल्याईएको छ। आवश्यकता अनुसार थप आन्तरिक कार्यविधिहरू निर्माण तथा परिपार्जन गर्दै लागु गर्ने व्यवस्था गरिने छ। संस्थालाई थप सुशासन युक्त बनाउन संस्थाले सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र उपससमितिहरूलाई विद्यमान सहकारी ऐन कानुनका बारेमा अनुशिक्षण दिने, लेखा सुपरीवेक्षण समितिको भूमिकालाई सशक्त बनाउने, लेखा परीक्षण र साधारण सभा तोकिएको समयभित्रै गर्ने, कर्मचारीको भर्ना तथा छनौट प्रक्रियालाई पारदर्शी बनाउने र आर्थिक क्रियाकलापलाई पारदर्शी बनाउने जस्ता सुशासनका सूचकहरूलाई अबलम्बन गर्दै लिइने छ ।

## ४.२४ संस्थाको मुख्य कार्यालय र सेवा केन्द्रहरूको भौतिक व्यवस्थापनः

संस्थाका सबै कार्यालयहरूलाई व्यवस्थित र सदस्यमैत्री बनाइने छ । कार्यालयहरू भौतिक सुरक्षाका दृष्टिकोणले सुरक्षित हुनुका साथै खानेपानी, सरसफाइ लगायतका आधारभूत पक्षहरूको पूर्ण व्यवस्थापन गरिनेछ र यसै आ.व. २०८०/०८१ मा २ वटा सेवाकेन्द्रहरू थप गरिनेछ। सबै कार्यालयहरूको भौतिक

व्यवस्थापनका लागि बजेट खण्डमा बजेट व्यवस्था गरिएको छ। संस्थाको भौतिक पूर्वाधार तथा स्थायी सम्पत्ति निर्माणका लागि वीरेन्द्रनगर नगरपालिका वडा नं.-८ स्थित कालुङ्गचोकमा रहेको संस्थाको जग्गासँग साँधसीमाना जोडिएका कित्ताहरू खरिद गर्न सकिने विषयमा सम्भाव्यता अध्ययन गरिनेछ।

## ५. बजेट खण्डः

### ५.१ आ.व. २०७९/०८० को प्रस्तावित, २०८० असार मसान्तसम्मको वास्तविक र आ.व.२०८०/०८१ को प्रस्तावित वासलात विवरणः

| दायित्व तर्फका विवरणहरू | | | |
|---|---|---|---|
| विवरणहरू | आ.व. २०७९/०८० को प्रस्तावित | आ.व. २०७९/०८० को वास्तविक | आ.व. २०८०/०८१ को प्रस्तावित |
| १. शेयर पुँजी | १५५,०९९,५००।०० | १४३,२६९,४००।०० | १८१,३६९,४००।०० |
| २. जगेडा कोष | ३१,०१९,९०५।०० | ४९,३२५,२२२।०२ | ५२,८२५,२२२।०० |
| ३. कोष हिसाव | ३,४८,९७,३९५।०० | ७९,९६,७५४।५८ | ९,१९६,७५४।५८ |
| ४. कर्जा सुरक्षण | २२,४२८,१७५।०० | ३४,०५४,९१०।५२ | ३४,०५४,९१०।५२ |
| ५. सदस्यको बचत निक्षेप | १,०६२,४३१,८००।०० | ७२६,०७२,९५८।३२ | ९०५,२७७,९४५।०० |
| ६. वाह्य ऋण | २३२,६४९,३००।०० | २१९,९३९,५५८।९० | २४६,९१७,८०३।०० |
| ७. भुक्तानी दिनु पर्ने /अन्य दायित्व | १२,४६९,२५८।०० | ६२२,४९२।३५ | ८२२,४९२।३५ |
| ८. अवितरित नाफा | | २०,८७३,४५१।२० | |
| **जम्मा** | १,५५०,९९५,३३३।०० | १,२०२,१५४,७४७।८९ | १,४३०,४६४,५२७।४५ |
| **सम्पत्ति तर्फका विवरणहरू** | | | |
| **विवरणहरू** | **आ.व. २०७९/०८० को प्रस्तावित** | **आ.व. २०७९/०८० को वास्तविक** | **आ.व. २०८०/०८१ को प्रस्तावित** |
| ०१. नगद | ७,७५४,९७५।०० | ५,८७४,३२९।०० | ४,२७४,३२९।०० |
| ०२. बैंक | २७१,४२४,१८०।०० | २०९,८१९,३७३।१९ | २०५,४०९,३७३।१९ |
| ०३. आर्थिक लगानी | ९,३०५,९००।०० | ६,१३२,३०३।४५ | ८,६३२,३०३।४५ |
| ०४. ऋण लगानी | १,१७८,७५६,४५०।०० | ९५१,७३७,१७४।५१ | १,१६७,८४६,९५४।०७ |
| ०५. पाउनु पर्ने | ३३,३४६,४८३।०० | ४,४८३,३०६।७८ | २,७८३,३०६।७८ |
| ०६. स्थिर सम्पति | ५०,४०७,३४५।०० | २४,१०८,२६०।९६ | ४१,५१८,२६०।९६ |
| ०७. अन्य सम्पत्ति | | | |
| **जम्मा** | १,५५०,९९५,३३३ | १,२०२,१५४,७४७।८९ | १,४३०,४६४,५२७।४५ |

## ५.२ आ. व.२०७९/०८० को प्रस्तावित, २०८० असार मसान्तसम्मको वास्तविक र आ.व.२०८०/०८१ को प्रस्तावित आम्दानी विवरणः

| आम्दानीका शीर्षकहरू | आ. व. २०७९/८० को प्रस्तावित | २०८० असार मसान्तको वास्तविक | आ. व. २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|
| **क) ऋणबाट प्राप्त आम्दानी** | | | |
| ०१. ऋणबाट प्राप्त ब्याज | १७६,६५४,७५५।५० | १३३,१०४,७९५।४७ | १८७,४००,०००।०० |
| ०२. ऋणबाट प्राप्त हर्जाना | ७१,५०,०००।०० | ५०,७६,५४८।४६ | ६५,५५,७५४।०० |
| **जम्मा** | १८,३८,०४,७५५।५० | १३,८१,८१,३४३।९३ | १९,३९,५५,७५४।०० |
| **ख) वित्तीय आम्दानी** | | | |
| ०१ लगानीबाट प्राप्त आम्दानी | ६७९,४१८।०० | १,६४४,६०१।३४ | १,६९०,०००।०० |
| ०२ बैंकबाट प्राप्त ब्याज आम्दानी | ६,०००,११४।४५ | १०,५८९,१९१।६० | १४,०००,०००।०० |
| **जम्मा** | ६,६७९,५३२।४५ | १२,२३३,७९२।९४ | १५,६९०,०००।०० |
| **ग) अन्य आम्दानी** | | | |
| ०१ प्रवेश शुल्क | ५८१,४००।०० | १७४,१५५।०० | ४०५,०००।०० |
| ०२ ऋण सेवा शुल्क | १०,५४६,७६८।२५ | ५,०७७,२८०।०० | ९,०००,०००।०० |
| ०३ पासवुक/प्रमाण पत्र | ५,०००।०० | ४,७०३।०० | ६,०००।०० |
| ०४. खाताबन्दी शुल्क | ४००,०००।०० | १८८,४०१।२० | १८०,०००।०० |
| ०५ यूटिलिटिबाट प्राप्त आम्दानी | ९०,०००।०० | ९३,०५९।९० | १०५,०००।०० |
| ०६ विप्रेषण सेवाबाट प्राप्त आम्दानी (रेमिट्यान्सबाट) | १५०,०००।०० | २१९,७६२।३० | २५०,०००।०० |
| ०७ अन्य | २५०,०००।०० | ४११,१११।५३ | ४०८,०००।०० |
| **जम्मा** | १२,०२३,१६८।२५ | ६,१६८,४७२।९३ | १०,३५४,०००।०० |
| **कुल जम्मा आम्दानी रकम (क,ख,ग) जोड्दा** | २०२,५०७,४५६।२० | १५६,५८३,६०९।८० | २१९,९९९,७५४।०० |

### खर्च विवरणहरू

| खर्चका शीर्षकहरू | आ.व. २०७९/८० को प्रस्तावित | २०८० असार मसान्तको वास्तविक | आ.व. २०८०/८१ को प्रस्तावित |
|---|---|---|---|
| **क . कार्यक्रमिक खर्च** | | | |
| १. योजना निर्माण तथा समीक्षा | ५२५,०००।०० | ५२६,४४७।०० | २७०,०००।०० |
| २. समुदायमा आधारित सामाजिक कार्य | ३५०,०००।०० | २३,२८०।०० | १५५,०००।०० |

| | | | |
|---|---|---|---|
| ३. स्वास्थ्य शिविर कार्यक्रम | ५१०,०००।०० | | १८०,०००।०० |
| ४. संस्था स्थापना दिवस | ५५०,०००।०० | २४,३२०।०० | ६५०,०००।०० |
| ५. राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस | ५०,०००।०० | | ३०,०००।०० |
| ६. प्रोवेशन समीक्षा बैठक | २५०,०००।०० | १६,०००।०० | १५०,०००।०० |
| ७. ओ एण्ड एम सर्वे | | | ३९०,०००।०० |
| ८. सदस्य शिक्षा तथा तालिम | ४१०,०००।०० | २२०,५६८।०० | ३००,०००।०० |
| ९. कार्यक्रम प्रायोजन | १२५,०००।०० | १२३,५८५।०० | १५०,०००।०० |
| १०. जन्मउत्सव (बाल सदस्य तथा सदस्य) | १००,०००।०० | ११९,२४०।०० | १४५,०००।०० |
| ११. अध्ययन, अवलोकन तथा भ्रमण | २९०,०००।०० | | ३१०,०००।०० |
| १२. प्रोवेशन शुल्क | ७५,०००।०० | ७५,०००।०० | १००,०००।०० |
| १३. सदस्य सर्वेक्षण खर्च | ८०,०००।०० | ३४,४७५।०० | ११५,०००।०० |
| १४. सुत्केरी राहत | १२०,०००।०० | ११४,०००।०० | १३०,०००।०० |
| १५. कर्मचारी क्षमता विकास, तालिम, भ्रमण र बैठक खर्च | ९५०,०००।०० | १७६,४५२।०० | ६५०,०००।०० |
| **जम्मा** | ३,३१५,०००।०० | १,२७६,९१५।०० | ३,०७५,०००।०० |
| **ख.) कार्यालय सञ्चालन खर्च** | | | |
| १. साधारण सभा खर्च | ४,४३५,०००।०० | १,०७३,९५१।०० | १,८५०,०००।०० |
| २. सफ्टवेयर नवीकरण खर्च | ५२०,०००।०० | ४५०,४३२।०० | ५३०,०००।०० |
| ३ नयाँ सफ्टवेयर जडान | ५००,०००।०० | | |
| ४. संघहरू नविकरण शुल्क | १००,०००।०० | | ३१०,०००।०० |
| ५. कार्यालय मसलन्द तथा स्टेसनरी | ४८०,०००।०० | ३५९,६५६।०० | ५२५,०००।०० |
| ६. छपाई प्रकाशन (पासबुक,क्यालेन्डर, क्याटलग) | १,२५०,०००।०० | ३६८,११८।०० | ७५०,०००।०० |
| ७. इन्टरनेट खर्च | ४५०,०००।०० | ३१७,७९५।०१ | ४४०,०००।०० |
| ८. अफिस यूटिलिटि | | | |
| खानेपानी | १०५,०००।०० | | १०५,०००।०० |
| विद्युत | २१०,०००।०० | ३११,९६९।०५ | २५०,०००।०० |
| टेलिफोन | २०५,०००।०० | ९,३००।०० | ९५,०००।०० |
| ९. डाटा क्लाउड खर्च | ३५०,०००।०० | २४७,६०५।०० | २५५,०००।०० |
| १०. बिमा खर्च | | | |
| सदस्य बीमा | २२,०००।०० | ९५,५७०।०० | १५०,०००।०० |
| भल्ट बीमा | ४५,०००।०० | २३,३२८।८५ | ३५,०००।०० |

| | | | |
|---|---|---|---|
| ११. पत्रपत्रिका, विज्ञापन तथा सुचना | ५४,०००।०० | ३९,०००।०० | ४५,०००।०० |
| १२. मर्मत संभार | | | |
| कम्प्युटर तथा उपकरण | ३००,०००।०० | १६१,२००।०० | २५०,०००।०० |
| फर्निचर उपकरण | ५०,०००।०० | ८,४८०।०० | ४५,०००।०० |
| सवारी तथा अन्य | ७०,०००।०० | ७८,८३५।०० | ८०,०००।०० |
| १३. ढुवानी ज्याला | ६६,४००।०० | १३,३३०।०० | २५,०००।०० |
| १४. फर्निसिड.(पर्दा कार्पेट कुसन टावेल) | ४०,०००।०० | ९,३००।०० | ११५,०००।०० |
| १५. कार्यालय सरसफाई खर्च (सबै सेवाकेन्द्र) | ३००,०००।०० | २३२,१८६।०० | ५५०,०००।०० |
| १६. किचन सामाग्रीहरू | १५,०००।०० | २८,४९०।०० | ४५,०००।०० |
| १७. बैंक चार्ज | ५,०००।०० | ३,९७८।०० | ५,०००।०० |
| १८. सेवा केन्द्र निरीक्षण खर्च | १८०,०००।०० | २२२,१९९।०० | ३५०,०००।०० |
| १९. एस. एम . एस खर्च | ११५,०००।०० | १०१,७००।०० | १२०,०००।०० |
| २०. सेवा केन्द्र उद्घाटन खर्च | १५०,०००।०० | ६,३५०।०० | १५०,०००।०० |
| २१ दशैं तिहार शुभकामना आदान प्रदान | ४५०,०००।०० | | २५,०००।०० |
| २२. राहत वितरण खर्च | ४८०,०००।०० | २८०,०००।०० | ३२०,०००।०० |
| २३. घरभाडा खर्च | २,६५०,०००।०० | २,८४५,०४८।०० | ३,२५०,०००।०० |
| २४. लेखापरिक्षण खर्च | ३५०,०००।०० | १११,०००।०० | ४५०,०००।०० |
| २५. यातायात तथा इन्धन खर्च | ४५०,०००।०० | ३८,३७५।०० | ६५,०००।०० |
| २६. कार्यालय चिया नास्ता | ६०,०००।०० | ६,०६५।०० | १५,०००।०० |
| २७. आर्थिक वर्ष खाताबन्दी खर्च | ८०,०००।०० | ९६,५५६।०० | १५०,०००।०० |
| २८. एकीकरण खर्च | ३००,०००।०० | १९०,०००।०० | १००,०००।०० |
| २९. कर तथा दस्तुर (वडा कार्यालय, नगरपालिका) | ५०,०००।०० | १४,४४८।०० | ८०,०००।०० |
| ३०. विविध खर्च | ३०,०००।०० | ८,५१२।२१ | ५०,०००।०० |
| **जम्मा** | १४,९१७,४००।०० | ७,७५२,७७७।१२ | ११,५८०,०००।०० |
| **ग.) कर्मचारी खर्चः** | | | |
| १. मासिक तलव खर्च | १९,१५०,२९६ | १५,७६५,०७०।८२ | २१,८८८,१४१।४१ |
| २. सामाजिक सुरक्षा कोष | ६७६,८७०।०० | ५६५,०५३।०० | २,६०७,९२८।६२ |
| ३. दशै भत्ता खर्च | २,०६१,०६६।०० | २,०५०,०००।०० | २,०७४,०११।७८ |

| | | | |
|---|---|---|---|
| ४. विभागीय तथा उत्प्रेरण भत्ता खर्च | १,२०७,१६०।०० | १,२३५,४३०।०० | ५४४,२००।०० |
| ५. अतिरिक्त समय कर्मचारी खर्च | ४५०,०००।०० | ३१७,४०४।०० | २,०००,०००।०० |
| ६. कर्मचारी ग्रेड खर्च | ३१०,०००।०० | १४३,७०२।०० | १४०,७८४।०० |
| ७. बीमा खर्च | १२०,०००।०० | | १००,०००।०० |
| ८. कर्मचारी उपदान कोष खर्च | १,८००,०००।०० | ०।०० | १,०००,०००।०० |
| **जम्मा** | २५,७७५,३९२।०० | २०,०७६,६५९।८२ | ३०,३५५,०६५।८१ |
| **घ.) बैठक तथा अतिथि सत्कार खर्चः** | | | |
| १. समिति तथा उपसमिति बैठक भत्ता | ५८६,०००।०० | ३१३,२००।०० | १,०२०,२००।०० |
| २. यातायात तथा दैनिक भ्रमण खर्च | ३७५,०००।०० | २९१,९७५।०० | ४९०,०००।०० |
| ३. टेलिफोन तथा सञ्चार खर्च | ९८,०००।०० | ९६,०००।०० | ९६,०००।०० |
| ४. अतिथि सत्कार | २५०,०००।०० | ८०,४६६।०० | २५०,०००।०० |
| ५. सञ्चालकहरूको क्षमता विकास खर्च | | ०।०० | ३००,०००।०० |
| **जम्मा** | १,३०९,०००।०० | ७८१,६४१।०० | १,८५६,२००।०० |
| **ड.) वित्तीय खर्चः** | | | |
| बचतको व्याज खर्च | ८०,९९४,५४४।०० | ६५,८१२,५७९।०६ | ९३,०००,०००।०० |
| वाह्य ऋणको ब्याज खर्च | ३२,५९१,४२३।०० | ३१,८६८,७१८।४२ | ३१,२००,०००।०० |
| बाह्य ऋण व्यवस्थापन खर्च | ५००,०००।०० | ४१६,४०३।०० | ९००,०००।०० |
| **जम्मा** | ११४,०८५,९६७।०० | ९८,०९७,७००।४८ | १२५,१००,०००।०० |
| **च) सम्पत्तिको मुल्यह्रास खर्च** | २,६५०,०००।०० | २,५४८,०१३।१८ | ३,२००,०००।०० |
| **छ) ऋण सुरक्षण खर्च** | ६,०००,०००।०० | ५,०००,००० | ५,०००,००० |
| **जम्मा खर्च रकम (क ख ग घ ड.) जोड्दा** | १६८,०५२,७५९।०० | १३५,५३३,७०६।६० | १८०,१६६,२६५।८१ |
| **कर लाग्ने रकम** | ३४,४५४,६९७।२० | २१,०४९,९०३।२० | ३९,८३३,४८८।१९ |
| अग्रिम आयकर जम्मा रकम | १,७२२,७३४।८६ | १,०५२,४९५।१६ | ३,९८३,३४८।८२ |
| **कर पछिको खुद बचत** | ३२,७३१,९६२।३४ | १९,९९७,४०८।०४ | ३५,८५०,१३९।३७ |
| **खुद बांडफांड योग्य नाफा** | ३२,७३१,९६२।३४ | १९,९९७,४०८।०४ | ३५,८५०,१३९।३७ |

## ६. योजना कार्यन्वयनको समिक्षा सम्बन्धी व्यवस्थाः

संस्थाले बनाएको योजना सही समयमा सही ढंगबाट कार्यन्वयन गरी लक्ष्य हाँसिल गर्नका लागि देहाएको व्यवस्था गरिनेछ ।

| क्र.स. | एकाई | कहिले गर्ने? | प्रतिवेदन कहाँ पेश गर्ने ? |
|---|---|---|---|
| १. | व्यवस्थापन तह (कर्मचारी) | मासिक रूपमा | सञ्चालक समितिलाई मासिक पेश गर्ने |
| २. | सञ्चालक तह | त्रैमासिक रूपमा | समिति उपसमितिको भेला वा विस्तारित मञ्चमा पेश गर्ने । |
| ३. | सञ्चालक तह | वार्षिक रूपमा | साधारण सभामा पेश गर्ने । |

## ६.१ सञ्चालक समितिको विवरण:

| क्र.स. | सञ्चालकको नामथर | पद |
|---|---|---|
| १. | श्री बम बहादुर बि.सी. | अध्यक्ष |
| २. | श्री श्याम पौडेल | वरिष्ठ उपाध्यक्ष |
| ३. | श्री रेश्मा खत्री | उपाध्यक्ष |
| ४. | श्री रमेश कुमार सापकोटा | सचिव |
| ५. | श्री इन्द्रा हमाल | कोषाध्यक्ष |
| ६. | श्री मोति प्रसाद सापकोटा | सञ्चालक सदस्य |
| ७. | श्री प्रकाश कुमार सापकोटा | सञ्चालक सदस्य |
| ८. | श्री कमल नेपाल | सञ्चालक सदस्य |
| ९. | दुर्गा कुमारी खत्री प्याकुरेल | सञ्चालक सदस्य |
| १०. | श्री बालकृष्ण हमाल चालिसे | सञ्चालक सदस्य |
| ११. | श्री बेचुलाल चौधरी | सञ्चालक सदस्य |
| १२. | श्री बसन्ता भण्डारी | सञ्चालक सदस्य |
| १३. | श्री देविराम बोहोरा | सञ्चालक सदस्य |
| १४. | श्री ध्रुब्रध्वज शाही | सञ्चालक सदस्य |
| १५. | श्री केशर बहादुर रोकाय | सञ्चालक सदस्य |
| १६. | श्री भद्र भण्डारी | सञ्चालक सदस्य |
| १७. | श्री खगेन्द्र प्रसाद जैसी | सञ्चालक सदस्य |

## ६.२ लेखा सुपरीवेक्षण समितिको विवरण:

| क्र.स. | सञ्चालकको नाम, थर | पद |
|---|---|---|
| १ | डा.श्री खगेन्द्र शाही | लेखा संयोजक |
| २ | श्री लालबहादुर खड्का | सदस्य |
| ३ | श्री देवप्रसाद अर्याल | सदस्य |

यहाँ पेश गरेको आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित बजेट विनियोजन गर्दा नीति तथा कार्यक्रमहरूलाई अझ समयानुकूल, अझ यथार्थपरक र सदस्यको हितका लागि आवश्यक पर्ने शिर्षकमा बजेट विनियोजन गरिएको छ । संस्थाको सर्वोच्च अंग साधारण सभामा यो नीति कार्यक्रम र बजेट प्रस्तुत हुदा सो माथि गहन छलफल र परिमार्जन प्रस्तुत हुनेनै छ भन्ने विश्वास लिएको छु। सो मार्फत यसमा थप निखारता आउने विश्वास लिएको छु।

अन्तमा, यस सभामा प्रस्तुत गरिएको आर्थिक प्रतिवेदन माथि सम्पूर्ण सदस्यहरूले आवश्यक छलफल गरी आवश्यक भएमा परिमार्जन सहित पारितका साथै गत आ.व. २०७८/०७९ मा स्वीकृत बजेट सीमाभन्दा बढी खर्च भएको रकम तथा शीर्षकलाई यस सभाबाट अनुमोदन गरिदिनु हुनेछ भन्ने विश्वास राख्दै आजको यस २२औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएको प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, उपस्थित शेयर सदस्यज्यूहरू र साधारण सभा सम्पन्न गर्न बनेका विभिन्न उपसमितिका साथीहरू लगायत सञ्चालक समितिका सहकर्मी साथीहरू सबैलाई हार्दिक धन्यवाद ब्यक्त गर्दै प्रतिवेदन टुंग्याउने अनुमति चाहन्छु ।

धन्यवाद । जय सहकारी ।



# २२ औं वार्षिक साधारण सभामा लेखा संयोजकद्वारा प्रस्तुत प्रतिवेदन-२०८०



**डा. खगेन्द्र शाही**
लेखा संयोजक

आजको यस गरिमामय २२औं साधारण सभाका सभाध्यक्ष ज्यू, प्रमुख स्थानमा विराजमान प्रमुख अतिथि, विशेष अतिथिहरू तथा अतिथिज्यूहरू, सल्लाहकार ज्यूहरू, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्य साथीहरू, परामर्श कार्यदल, विभिन्न उपसमितिका पदाधिकारीहरू लगायत आदरणीय शेयर सदस्य महानुभावहरू, शुभचिन्तकहरू तथा निरन्तर सक्रिय तथा उर्जाशिल कर्मचारीहरूमा यस साधारण सभाको पावन अवसरमा हामी लेखा सुपरिवेक्षण समितिको तर्फवाट हार्दिक अभिवादन टक्रयाउदछौं ।

आजको यस गरिमामय सभामा लेखा सुपरिवेक्षण समितिको तर्फवाट केहि भनाईहरू राख्ने अवसर पाँउदा हामीलाई अत्यन्त खुशी लागेको छ । गत आर्थिक वर्ष २०७९/८० भित्र हामीले केन्द्रिय कार्यलय वीरेन्द्रनगर सुर्खेतको गणेशचोकमा बैठक बसी संस्थाको आय-व्ययको विवरण हिसाब, किताबको अवस्था, खर्चका बील भरपाई, पर्ल्स निरिक्षण, आन्तरिक लेखा परिक्षकको प्रतिवेदन कार्यान्वयनको अवस्था जाँच, ऋण लगानीका फाईलहरू मध्ये नमुना छनौटको आधारमा ऋण फाईलहरू, सञ्चालक समितिका निर्णयहरू, नगद भौज्दात अनुसार भल्टको निरिक्षण, बैंक हिसाब सन्तुलन परिक्षण आदिको निरिक्षण गरियो । यस दौरानमा दिएका सुझावहरूलाई पनि सञ्चालक समिति तथा व्यवस्थापन पक्षले सुधार गर्दै यस स्थितिमा आउदा सम्म हामी लेखा सुपरिवेक्षण समितिले आफ्नो क्षमता योग्यता र अनुभवले भ्याए सम्मको मेहनत गरी आफुले देखेका र लागेका थप कुराहरू सहकारी विभाग तथा अन्य नियमन निकायद्धारा जारी गरिएका पछिल्लो निर्देशनलाई यस प्रतिवेदनमा उल्लेख गरेका छौं ।

**१. आ. व. २०७९/८० मा बसेका बैंठक संख्या, निर्णयहरू र निर्णय कार्यान्वयनको अवस्था:**

गत आ.व.२०७८/७९ मा बसेको बैंठक संख्या तपसिलमा उल्लेख छ :

| समितिको प्रकार | बैंठक संख्या | निर्णय संख्या | कैफियत |
|---|---|---|---|
| सञ्चालक समिति | १३ | १३२ | |
| लेखा समिति | ४ | ९ | |
| ऋण उप समिति | ७ | ९ | |
| शिक्षा उप समिति | ३ | ८ | |

**३. आ.व. ०७९/८० को वार्षिक बजेट र कार्यान्वयन अवस्था:**

| विवरणहरू | आ.व. ०७९/८० को प्रस्तावित | आ.व. ०७९/८० को वास्तविक | प्रगति प्रतिशत |
|---|---|---|---|
| शेयर पुजी | १५,५०,९९,५०० | १४,३२,७०,४०० | ९२% |

| | | | |
|---|---|---|---|
| जगेडा कोष | ३,१०,१९,९०५ | ५,३३,६४,३७४ | १७२% |
| कोष हिसाव | ३,४८,९७,३९५ | ३,४५,०१,५५३ | ९९% |
| कर्जा सुरक्षण | २,२४,२८,१७५ | ३,४०,५४,९११ | १५२% |
| सदस्यको बचत निक्षेप | १,०६,२४,३१,८०० | ७३,३२,७१,५५८ | ६९% |
| वाह्य ऋण | २३,२६,४९,३०० | २१,९९,३९,५५९ | ९५% |
| भुक्तानी दिनु पर्ने/अन्य दायित्व | १,२४,६९,२५८ | १,३७,५४,२०८ | ११०% |
| **जम्मा** | १,५५,०९,९५,३३३ | १,२३,२१,५६,५६३ | ७९% |
| **सम्पत्ति तर्फका विवरणहरू** | | | |
| **विवरणहरू** | **आ.व. ०७९/८० को प्रस्तावित** | **आ.व. ०७९/८० को वास्तविक** | **प्रगति प्रतिशत** |
| नगद तथा नगद समान | २७,१४,२४,१८० | २१,५९,५६,३७८ | ८०% |
| आर्थिक लगानी | ९३,०५,९०० | ५८,७५,६०० | ६३% |
| ऋण लगानी | १,१७,८७,५६,४५० | ९५,५१,७९,९३६ | ८१% |
| स्थिर सम्पति | ५,०४,०७,३४५ | ४,३३,२३,४५८ | ८६% |
| अन्य सम्पत्तिहरू | ७७,५४,९७५ | १,१८,२१,५९० | १५२% |
| **जम्मा** | १,५१,७६,४८,८५० | १,२३,२१,५६,९६३ | ८१% |

| **आम्दानीका शीर्षकहरू** | **आ.व. ०७९/८० को प्रस्तावित** | **आ.व. ०७९/८० को वास्तविक** | **कार्यान्वयनको अवस्था** |
|---|---|---|---|
| ऋणबाट प्राप्त आम्दानी | १६,९८,०४,७५६ | १४,८७,७७,५६२ | ८७.६२% |
| अन्य आम्दानी | २,६६,७९,५३२ | ७८,१३,२४० | २९.२९% |
| जम्मा आम्दानी | १९,६४,८४,२८८ | १५,६५,९०,८०२ | ७९.७०% |
| | | | |
| **खर्चका शीर्षकहरू** | **आ. व. २०७९।८० को प्रस्तावीत** | **२०८० असार मसान्तको वास्तविक** | **कार्यान्वयनको अवस्था** |
| व्याज खर्च | १०,०९,९४,५४४ | ९,८०,९७,७०० | ९७.१३% |
| कार्यालय सञ्चालन तथा अन्य खर्च | २,४८,७६,४०० | १,५४,५२,९४७ | ६२.१२% |
| कर्मचारी खर्च : | २,४३,०६,३९२ | २,३८,२१,३३६ | ९८.००% |
| **जम्मा** | १५,०१,७७,३३६ | १३,७३,७१,९८३ | ९१.४७% |

**आय व्ययको अवस्था:**

**३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था:**

- लेखा सुपरिवेक्षण समितिको बैंठकमा महिना भरी लगानी गरिएका ऋणीहरू मध्ये कम्तिमा २५ प्रतिशत ऋणीको फाईल नमुनाको रूपमा हेर्ने गरिएको छ । यसरी हेर्दा ऋण लगानी नीति अनुसार नै सम्पूर्ण प्रक्रिया पुरा गरी ऋण लगानी गरिएको पाईयो ।
- संस्थाले ऋण नीति अनुसार शेयर सदस्यहरूलाई छिटो छरितो, सर्वसुलभ तथा सहज तरिकाले ऋण प्रवाहमा विशेष ख्याल गरी ५ लाखसम्म विना धितो त्यसभन्दा माथि प्रयाप्त धितो राखेर लगानी गरिएको पाईयो ।
- धितो मूल्याङ्कन गरी लगानी गरिएको ऋणको ५,००,००० सम्म कर्मचारी व्यवस्थापन पक्षले र सो भन्दा माथि बाह्य मूल्याङ्कन कर्ता वा इन्जिनियरबाट गरिएको पाईयो । जुन संस्थाको ऋण नीति अनुसार भएको पाईयो ।
- धितोमा लगानी भएका सम्पूर्ण ऋणको दुष्टिबन्धक गर्ने गरिएको ।

**४. सहकारी विभाग तथा अन्य नियमन नियकायबाट जारी गरिएका सुझाव, सल्लाह र निर्देशन पालना सम्बन्धी संक्षिप्त विवरण:**

- हरेक वर्ष ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोष र ५ प्रतिशत स्थिरीकरण कोष काट्ने गरिएको पाईयो ।
- नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार लेखा लेखापरिक्षण गरिएको ।
- कर्मचारीहरूलाई कार्यक्षमता र योग्यता अनुसारको सेवा सुविधा उपलब्ध गराउने गरिएको र नियमित कर्मचारीलाई कर्मचारी संचय कोषमा आवद्ध गरिएको । यस वर्षदेखी कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने निर्णय गरिएको ।
- संस्थाले यस वर्ष ओ.एन.एम. सर्वे सम्पन्न गरी रिपोर्ट तयार पारेको छ। संस्थामा कार्यरत कर्मचारीहरूको संगठनात्मक संरचना तथा सेवा सुविधा आदि विषयमा परिमार्जन गर्दै लैजाने ।
- संस्थामा कुल बचतको १५ देखी २० प्रतिशत सम्म बचत तरलताको व्यवस्थापन हुनु पर्नेमा असार मसान्तमा प्रयाप्त तरलता अर्थात २९.७१ प्रतिशत रहेको ।
- सहकारी मापदण्ड अनुसार भल्ट र काउन्टरको बीमा गरिएको ।
- सम्पत्ति सामानको छुट्टै रजिष्टरमा कोडिङ्ग तथा रेकर्ड राख्ने गरिएको ।
- प्रत्येक महिना सञ्चालक समितिको बैंठकमा मासिक प्रगति प्रतिवेदन माथि छलफल हुने गरेको ।

**५. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण:**

सञ्चालक तथा लेखा समितिको बैंठक वस्दाको दिन रू. २,०००।- भत्ता दिने गरिएको । अध्यक्षलाई मासिक रू. ५,०००।- सञ्चार खर्च वापत दिने गरिएको ।

## ६. कर्मचारी प्रशासन सम्वन्धी व्यवस्थाः

२०७९ असार मसान्त सम्मको कर्मचारी उत्पादकत्व शीर्षकमा प्रति कर्मचारी तपसिल अनुसारको रहेको पाईयो ।

- पूँजी भार ३ करोडभन्दा माथि हुनुपर्नेमा १ करोड ५६ लाख रहेको पाईयो
- ऋणको भार २ करोडभन्दा माथि हुनुपर्नेमा १ करोड २४ लाख रहेको पाईयो ।
- सदस्य संख्या ५०० भन्दा माथि हुनुपर्नेमा २८५ मात्र रहेको पाईयो ।
- सवै कर्मचारीहरूलाई मासिक लक्ष्य सहितको कार्यविवरण दिएको र त्यसै मासिक लक्ष्य प्रगति अनुसार पारिश्रमिक दिएको पाईयो ।
- संचालक समितिले कर्मचारी प्रशासनलाई व्यवस्थित र चुस्त बनाईएको पाईयो ।
- संस्थाको मौजुदा मानविय श्रोत व्यवस्थापन कार्यविधि अनुसार हाल ८३ जना कर्मचारी मध्ये पुरूष २२ जना र महिला ५६ जना कार्यरत रहेको पाईयो । जस अन्तरगत दलित ३ र जनजाति १० जना भएको र कर्मचारी समावेशीतालाई पालन गरेको पाईयो ।
- सेवा केन्द्रको कामलाई चुस्त दुरूस्त बनाउनको लागि १ जना कर्मचारीलाई आन्तरीक लेखा परिक्षण गर्ने गरी जिम्मेवारी दिएको छ ।

## ७. लेखा सुपरिवेक्षण समितिले दिएका सुझावहरूः

१. सञ्चालक समितिको बैंठकमा सञ्चालकहरू लगातार ३ पटकसम्म अनुपस्थिति भएका, तोकिएको समयमा उपस्थिति नभएका, सञ्चालक समितिले गरेका सवै निर्णयको कार्यान्वयन नभएकोले सञ्चालकहरूले थप जिम्मेवार हुनुपर्ने देखिन्छ ।
२. उत्पादनमुलक क्षेत्रमा ऋणको लगानी बढाउनुपर्ने देखिन्छ ।
३. पल्स मापदण्ड अनुसार, बाह्य ऋणको अनुपात कम गर्नुपर्ने, बचतको अनुपात ७०-८० प्रतिशत पुऱ्याउनुपर्ने, भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम गर्नुपर्ने आदि ।
४. बचत फिर्ता गर्दा चेक तथा भरपाईमा हस्ताक्षर भिडान गर्ने, पुरा विवरण भर्नुपर्ने तथा भुक्तानी दिनेको हस्ताक्षर गर्नुपर्ने ।
५. बचत फिर्ता, शेयर फिर्ता निवेदन तथा फारममा एकरूपता हुनुपर्ने ।
६. अतिरिक्त समय तलब भत्ता गणना तथा भक्तानी गर्दा विस्तृत विवरण भुक्तानी भरपाईसँगै राख्नुपर्ने ।
७. बील भरपाई, सपोटिङ्ग डकुमेन्ट सिलसिलेवार मिलाएर राख्नुपर्ने ।
८. खर्चको बीलमा छाप, हस्ताक्षर, संस्थाको नाम, मिति आदि विवरणहरू उल्लेख गरेको हुनुपर्ने ।
९. खर्च बीलको प्रयोजन अनिवार्य रूपमा खुलाउनु पर्ने ।
१०. सामान खरिद गर्दा माग फारम, खरिद आदेश दाखिला फारम छुटेको पाईएकाले सवै भौचरसँग राख्नुपर्ने।
११. दैनिक भ्रमण भत्ताको भुक्तानी गर्दा भ्रमण प्रतिवेदन पनिसँगै राख्नुपर्ने ।
१२. मोटरसाइकलको पेट्रोल खर्च भुक्तानी गर्दा लगबुकमा प्रयोजन खुलाई व्यवस्थित गर्नुपर्ने ।
१३. आई.वि.टि. ट्रान्फरको Narration Clear लेख्नुपर्ने ।
१४. हवाई खर्चको भुक्तानी गर्दा बोर्डिङ्ग पास अनिवार्य राख्नुपर्ने ।

१५. सुत्केरी खर्च, मृत्यु संस्कार खर्च, जन्मदिन उपहार आदिको भुक्तानी गर्दा बील, भरपाई अनिवार्य राख्नुपर्ने।
१६. भौचरमा Tax Liability र Other Liability छुट्याउनुपर्ने ।
१७. खाना खाजा खर्चको भुक्तानी गर्दा उपस्थिति भन्दा बढी भुक्तानी गर्न नहुने ।
१८. ऋणको फाईलमा कागजात, दस्तखतहरू छुटेको, आम्दानी विश्लेषण कागजातहरू नराखेकोले सुधार गर्नुपर्ने ।
१९. भाखा नाघेको ऋणको अनुपात बढेकोले असुलीलाई सुधार गर्नुपर्ने ।
२०. सामान खरिद, होटेल खर्च आदिका लागि वार्षिक रूपमा कोटेशन संकलन र Vendor सम्झौता गर्नुपर्ने।
२१. घरभाडा भुक्तानी गर्दा सम्झौता पत्रसँगै राख्नुपर्ने ।
२२. नयाँ कर्मचारीलाई उचित तालिम तथा क्षमता अभिवृद्धिको काममा विशेष ख्याल गर्नुपर्ने ।
२३. सेवा केन्द्र र मुख्य कार्यलय बीच फाईलिङ व्यवस्थापन प्रणालीलाई सुधार गर्नुपर्ने ।
२४. सेवा केन्द्रका लागि स्वीकृत गरिएको नगद सीमा र बीमा रकमलाई व्यवस्थापन गर्नुपर्ने ।

**ट. संस्थाका संक्षिप्त वित्तीय विवरणहरूः**

| क्र.सं. | विवरण | प्रगति |
|---|---|---|
| १ | कुल सदस्य संख्या | २२,१९७ |
| २ | कुल ऋणी संख्या | २,८११ |
| ३ | कुल बचत रकम | ७३,३२,७१,९५८.३२ |
| ४ | कुल लगानी रकम | ९५,५१,७९,९३५.९० |
| ५ | कुल शेयर पूँजी | १४,३२,७०,४०० |
| ६ | जगेडा कोष | ५,३३,६४,३७४.२७ |
| ७ | कुल सम्पत्ति | १,२३,२१,५६,९६२.७४ |
| ८ | कुल सम्पत्तिमा ऋण लगानीको अनुपात | ७७.५ प्रतिशत, |
| ९ | कुल सम्पत्तिमा शेयर पूँजीको अनुपात | ११.६२ प्रतिशत, |
| १० | कुल सम्पत्तिमा जगेडा कोषको अनुपात | ४.३३ प्रतिशत, |

अन्तमा, हामी यस सभामा प्रस्तुत गरेका टिप्पणी तथा सुझावहरूमा उपस्थित सबै शेयर सदस्य महानुभातवहरूले गहन छलफल तथा विश्लेषण गरी सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति तथा व्यवस्थापनलाई ठोस मार्ग निर्देशनको अपेक्षा गर्दै यो प्रतिवेदन तयार पार्नका लागि सहयोग पुऱ्याउनु हुने यस संस्थाका सञ्चालक समिति, सबै उपसमिति, कार्यकारी प्रमुख लगायत सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

**संयोजकः डा. खगेन्द्र शाही**
**सदस्यः लाल बहादुर खड्का**
**सदस्यः देव प्रसाद अर्यालय**

# २२ औं वार्षिक साधारण सभामा ऋण उपसमितिद्वारा प्रस्तुत प्रतिवेदन-२०८०



**देवीराम बोहरा**
संयोजक

यस २२-औं वार्षिक साधारण सभाका अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, प्रेरणादायी व्यक्तित्वहरू, विभिन्न संघ-संस्थाबाट प्रतिनिधित्व गरेर पाल्नुभएका अतिथिज्यूहरू, यस संस्थाका संस्थापक अध्यक्ष एवं सदस्यज्यूहरू, सञ्चालक समिति एवं शेयर सदस्यज्यूहरू, पत्रकार एवं शुभचिन्तकहरू एवम् सम्पूर्ण महानुभावहरू सर्वप्रथम यस संस्थाबाट हामीलाई ऋण लगानी तथा असुली उपसमितिको जिम्मेवारी दिएर त्यस सम्बन्धी भूमिका निर्वाह गर्ने अवसर दिनु भएकोमा सञ्चालक समिति तथा शेयर सदस्यज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छौं ।

यस साकोसले स्थानीयस्तरमा छरिएर रहेको स-सानो पुँजीलाई बचतको माध्यमबाट एकीकृत गरी त्यसैको परिचालनबाट संस्थामा संलग्न सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर माथि उकास्दै आत्मनिर्भर बनाउने अभिप्रायले वि.स. २०५८ अषाढ २२ गते जिल्ला सहकारी कार्यालय बाँकेमा दर्ता न. २११(९०)०५७/०५८ मा ३०१७३८८१ स्थायी लेखा नं प्राप्त गरी यस संस्थाको स्थापना गरिएको हो । सुर्खेत जिल्लाभरी कार्यक्षेत्र प्राप्त गरी सुरूवात गरिएको यो संस्था अहिले नेपालका सहकारी संस्थाहरूको कर्णाली प्रदेशमा एक अग्रणी एवं सवल संस्थाको रूपमा परिचित बनाउनुका साथै राष्ट्रियस्तरमा समेत आफ्नो अलग्गै पहिचान बनाउन सफल भएको छ । यस संस्थालाई वर्तमान यो अवस्थासम्म ल्याई पुऱ्याउनमा संस्थामा आबद्ध हजुरहरू शेयर सदस्यको अग्रणी भूमिका रहेको कुरा सबैमा सर्वविदितै छ ।

कुनै पनि वित्तीय संस्थाको मेरूदण्ड भनेको पुँजीको संरचना हो भने वित्तीय संरचनालाई आधार मानेर पुँजीको श्रोत जुटाई ऋण लगानी र असुलीको सन्तुलन तथा उचित व्यवस्थापन गर्नु हो, जसको आधारबाट संस्थाको उन्नति र प्रगतिको तथा सदस्यहरूको आर्थिक सामाजिक अवस्थाको स्तर बृद्धि हुने परिणाम आउँछ भन्ने हामीलाई लागेको छ । संस्थाले सदस्य संरक्षण सिद्धान्त **(Member Protection Principle)** लाई आधार मानेर आफ्ना सदस्यहरूलाई सेवा दिंदै आएको छ । हाल संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरूको सुरक्षाको लागि **सहकारी ऐन-२०७४, तथा नियमावली २०७५, संस्थाको आन्तरिक ऋण कार्यविधि, २०७९** को अधिनमा रही, ऋण माग गर्ने सदस्यको व्यवसाय विस्तारका लागि नवीनतम् उद्यमशीलतामा जोड दिदैं ऋणको उद्देश्य र ऋण मापन गरी स्थलगत निरीक्षणका आधारमा ऋण लगानी गर्दै आएका छौं ।

आदरणीय शेयर सदस्य महानुभाबहरू अब म संस्थाको ऋण लगानी तथा असुली सम्बन्धमा विद्यमान नीतिगत व्यवस्था, ऋणको सीमा, जोखिम कोषको व्यवस्था लगायतका विषयमा प्रस्तुत गर्न चाहन्छु ।

### १. नीतिगत व्यवस्थाः

संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरूको सुरक्षाको लागि, मौजुदा विनियम, आान्तरिक ऋण कार्यविधि, सहकारी विभागको निर्देशन तथा मापदण्ड, सहकारी ऐन, २०७४, को अधीनमा रही

ऋण माग गर्ने सदस्यको व्यवसाय विस्तारका लागि नवीनतम् उद्यमशीलतामा जोड दिँदै ऋणको उद्देश्य र 5c विश्लेषण गरी संस्थामा भएको तरलता र सदस्यहरूले माग गरेको रकम र स्थलगत निरीक्षणका आधारमा ऋण लगानी गर्दै आएका छौं। सदस्यहरूलाई व्यवसायिक बनाउनको लागि सीपमूलक तालिमको व्यवस्था गरिएको छ। यस क्रमलाई वार्षिक कार्यक्रम अनुसार निरन्तरता दिइएको छ। ऋणका उद्देश्यहरूलाई विविधीकरण गरिएको छ। कृषि व्यवसाय गर्ने कृषक सदस्यलाई दिँदै आएको ऋणको ब्याजदरमा केहि थप सहुलियत उपलब्ध गराई त्यसलाई निरन्तरता दिइँदै आएका छौं।

## २. ऋणको सीमाः

संस्थाको आन्तरिक ऋण कार्यविधि, २०७९, संस्थामा भएको तरलता र वित्तीय बजारमा भएको उतारचढावलाई अध्ययन गर्दा ऋण लगानीको सीमालाई रू. १ करोड नै कायम गरिएको छ, भने ऋण लगानी प्रक्रियालाई सरल, सहज, छिटो र प्रभावकारी बनाउन देहाय बमोजिम लगानी सीमा कायम गरिएको छ।

| क्र.स. | लगानी रकमको सीमा | ऋण स्वीकृत गर्ने प्रक्रिया |
|---|---|---|
| १. | रू. २ लाख सम्म। | सेवाकेन्द्र प्रमुख स्तरीय बैठकबाट। |
| २. | रू. २ लाख देखि रू. ५ लाख मात्र। | सेवाकेन्द्र प्रमुखको सिफारिसमा कार्यालय व्यवस्थापक स्तरीय बैठकबाट। |
| ३. | रू.५ लाख देखी रू. ३० लाख मात्र। | सेवाकेन्द्र प्रमुख र ऋण प्रमुखको सिफारिसमा प्रमुख कार्यकारी अधिकृत स्तरीय बैठक बाट। |
| ४. | रू.३० लाख देखी ५० लाख मात्र। | प्रमुख कार्यकारी अधिकृतको सिफारिसमा ऋण उप समितिको बैठकबाट। |
| ५. | रू. ५० लाख देखी रू.१ करोड मात्र। | ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिको बैठकबाट। |

## ३. आ.व. २०७९/०८० को कार्य सम्पादनः

गत आ.व. २०७९/०८० मा ऋण उपसमितिको बैठक ७ पटक बसी १० वटा निर्णय मार्फत ऋण स्वीकृति तथा सिफारिस गरिएको छ। ऋण लगानी प्रक्रियालाई सहज र छिटो बनाउने उद्देश्यले ऋण उपसमितिको बैठक हरेक १५ दिनमा १ पटक बस्ने व्यवस्था मिलाइएको छ।

## ४. संस्थाको भाखा नाघेको ऋणको अवस्था र जोखिम कोष व्यस्थाको विस्तृत विवरणः

| विवरण | २०८० आषाढ मसान्त | २०७९ आषाढ मसान्त | २०७८ आषाढ मसान्त |
|---|---|---|---|
| असल ऋण (१ प्रतिशत) | ९००४७१२.४५ | ८९५९९६.८४ | ५०४४५९.००७ |
| शंकास्पद ऋण (३५ प्रतिशत) | १३७७९७७९.९३ | ५१५३८८५.७९ | १०००८९५६.०० |

| विवरण | २०८० आषाढ मसान्त | २०७९ आषाढ मसान्त | २०७८ आषाढ मसान्त |
|---|---|---|---|
| खराब ऋण (१०० प्रतिशत) | ९५८८२५४.३० | १३२५८९३४.०५ | १११९१९३.६८ |
| मर्जरबाट आएको | १६८२१६३.८४ | ० | १११९१९३.६८ |
| **जम्मा** | ३४०५४९१०.५२ | २७३७२७४६.६८ | १६१७२७५६.६८ |

## ५. आ.व. २०७९/०८० का ऋण लगानीको विस्तृत विवरणः

| ऋण का प्रकार | २०८० आषाढ मसान्त | २०७९ आषाढ मसान्त | २०७८ आषाढ मसान्त |
|---|---|---|---|
| औषधी उपचार ऋण | १०३,४३५.५८ | १४८,८५१.५५ | ३८१,७७८.५२ |
| कृषि तथा पशुपालन ऋण | २०,४७०,५०६.३१ | १६,०२०,६८१.४६ | ९,६८७,००५.३७ |
| वैदेशिक रोजगार ऋण | १,१३९,४४०.९० | ६८५,०८०.०३ | ६३७,५७९.५७ |
| युवा स्वरोजगार ऋण | ३,६८०,६२६.०६ | ८२,९१८.०० | २,०९३,४३५.१२ |
| हायरपर्चेज ऋण | ४३,८८७,८५२.१६ | २७,२४०,९५६.८९ | २१,४१०,११६.३० |
| व्यवसायिक ऋण | ५४९,५९०,६०१.७४ | ५१९,३७१,००४.७९ | ३३५,७२५,९३२.८५ |
| सेल्फ हेल्प ग्रूप ऋण | २०,२००,९३३.१३ | २१,९२८,३७२.२२ | ० |
| लघुवित्त ऋण | १४,०१९,३७४.२१ | २९,६३७,६२२.३८ | ६९,०९७,०६२.५३ |
| साना उद्योगी ऋण | ७९१,८६७.५९ | १,१९४,३२५.४४ | १,३७५,९०४.०० |
| साना व्यवसाय ऋण | ११४,९६३,४९१.८९ | १३७,३१४,१४९.८६ | ११८,२३८,८६९.६० |
| युवा परिषद् ऋण | ७७५,८५७.०६ | १,९३०,०००.०० | २,२५०,०००.०० |
| शैक्षिक ऋण | ५२६,७४५.५१ | ७४९,४०३.९२ | २,५२६,०९९.७८ |
| घर जग्गा ऋण | १७७,१७७,४९७.८३ | १६७,६७३,६३९.३८ | ११४,९०२,०८०.१५ |
| साधारण ऋण | ४,४०८,९४४.५४ | ० | ० |
| जम्मा | ९५१,७३७,१७४.५१ | ९२३,९७७,००५.९२ | ६७८,३२५,८६३.७९ |

## ६. ऋण असुलीको क्षेत्रलाई व्यवस्थित बनाउन गरिएका प्रयासहरूः

१. यस बिषम परिस्थिति आर्थिक मन्दी तथा बन्दाबन्दीका कारणले सदस्यज्यूहरू माथि परेको प्रत्यक्ष आर्थिक भारलाई मध्यनजर गर्दै ऋण भुक्तानी अवधि थपका साथै ब्याज रकममा नियमित अवस्था भन्दा थप छुट प्रदान गरिएको छ ।

२. हरेक दिन भोलिपल्ट ऋणको किस्ता पर्ने सदस्यलाई टेलिफोन तथा SMS बाट जानकारी गराउने व्यवस्था गरिएको साथै कर्मचारी र ऋण उपसमितिका सदस्यहरूबाट ऋणी सदस्य भेटघाट गर्ने गरिएको ।

३. ऋणको साँवा र ब्याज नियमित बुझाउने सदस्यहरू मध्यबाट उत्कृष्ट ऋणी छनौट गरी संस्थाको वार्षिक उत्सव तथा स्थापना दिवसको अवसरमा असल ऋणी सदस्य सम्मान तथा पुरस्कार प्रदान गर्ने गरिएको ।

४. ऋण लगानीका लागि प्राप्त फाईलहरूलाई नियमित रूपमा ऋण उपसमितिबाट निरिक्षण गर्ने गरिएको छ, भने आवश्यकता अनुसारको ऋण उपसमितिको बैठक बसी ऋण लगानीलाई सहज र व्यवस्थित गरिएको छ ।

५. यस आर्थिक बर्ष २०७९/०८० मा समग्र लगानी मध्येबाट अनुत्पादक ऋण लगानी भन्दा कृषि, व्यापार र उद्योग व्यावसाय ऋणहरूमा जोड दिईएको छ ।

६. ऋण लगानीलाई सदस्यमैत्री सहजता बनाउनका लागि छुट्टै ऋण फाँटको निमार्ण, दक्ष जनशक्तिको प्रर्याप्त मात्रामा व्यवस्थापन गरी सुलभ ब्याजदरमा बजार विश्लेषण मार्फत ब्याजदरमा परिमार्जन जस्ता समयानुकूल उपाय अवलम्बन गरी ऋण लगानी कार्यलाई व्यवस्थित गरिएको ।

७. ऋण लगानी कार्यलाई समयानुकुल व्यवस्थित र वैज्ञानिक बनाउनका लागि ऋण नीति २०७४ लाई संशोधन गरी आन्तरिक ऋण कार्यविधि २०७९ निर्माण गरी लागु गरिएको ।

## ७. ऋणको ब्याजदर समायोजन सम्बन्धमा:

१. यस आवदेखि हरेक ३/३ महिनामा बजार विश्लेषणको आधारमा सञ्चालक समीतिबाट ऋणको ब्याजदर समय सापेक्ष रूपमा समायोजन गर्ने गरिएको छ ।

२. संस्थाको ऋण लगानीको अधिकतम सीमा रू. १,००,००,०००/- (अक्षरूपी रू. एक करोड रूपैंयाँमात्र) सम्म रहेको छ ।

३. संस्थाले वीरेन्द्रनगर स्वयम् सहायता कार्यक्रम समेत सञ्चालनमा रहेको यो ऋण लगानी गर्दा औचित्यताका आधारमा 5c विश्लेषण गरि ९० प्रतिशतभन्दा माथि अंक आएमा रू २ लाखसम्म बचत जमानतको आधारमा दिने सक्ने व्यवस्था गरिएको छ ।

४. ऋणको प्रारम्भिक अध्ययनपछि मात्र फाईल अगाडि बढाउने व्यवस्था गरिएको छ ।

## धन्यवाद ज्ञापन सम्बन्धमा:

अन्तमा: यस संस्थालाई सहयोग पुऱ्याउनु हुने, सहकारी विभाग, मालपोत कार्यालय वीरेन्द्रनगर सुर्खेत, नापी शाखा, नेपाल बचत तथा केन्द्रीय सहकारी संघ लि. (नेफस्कुन), बाह्य लेखापरीक्षक, धितो मूल्याङ्कनकर्ता कन्सल्टेन्सीहरू तथा अन्य सहयोगी संघ संस्था, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, अन्य उपसमितिहरू, सम्पूर्ण शेयर सदस्य एवं शुभचिन्तकहरू र कर्मचारीहरू सबैलाई धन्यवाद दिन चाहन्छु ।

जय सहकारी । जय वीरेन्द्रनगर साकोस ।

**संयोजक : देवीराम बोहरा**
**सदस्य : राजन रजवार**
**सदस्य : गोविन्द प्रसाद शर्मा**

# २२ औं वार्षिक साधारण सभामा शिक्षा तथा तालिम उपसमितिद्वारा प्रस्तुत प्रतिवेदन-२०८०



**बेचुलाल चौधरी**
संयोजक

साधारण सभाका अध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू, अतिथि ज्यूहरू, लेखा सुपरीवेक्षण समिति, सञ्चालक समिति, विभिन्न उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरू,

संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरू लगायत उपस्थिति महानुभावहरूमा सर्वप्रथम मेरो व्यक्तिगत र शिक्षा तथा तालिम उपसमितिको तर्फबाट सहकारी अभिवादन । आज सम्पन्न हुन गईरहेको संस्थाको २२-औं वार्षिक साधारण सभामा शिक्षा तथा तालिम उपसमितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउदा म अत्यन्तै हर्षित भएको छु ।

हाम्रो समाजमा रहेको व्याप्त गरिबी, अशिक्षा र कुलतबाट समुदायलाई मुक्त गरी बचत गर्ने बानीको विकास गराउने तथा त्यसरी सङ्कलित बचतलाई सदस्यहरू भित्रै परिचालन गरी विभिन्न किसिमका सामाजिक उद्यमहरू सञ्चालन गर्नु र सदस्यमा उद्यमशीलताको प्रवर्द्धन र विकास गर्नु यस संस्थाको मुख्य उद्देश्य रहेको छ । अथक मेहनतको साथ वित्तीय, गैरवित्तीय तथा नवीनतम् प्रविधियुक्त सेवा सहज र सर्वसुलभ तरिकाले प्रदान गर्दै आज वीरेन्द्रनगर साकोस स्थानीयको पहिलो रोजाई मात्र होइन कर्णाली प्रदेशको एक उत्कृष्ट सहकारी संस्थाको रूपमा समेत स्थापित हुन सफल भएको छ । समग्र सहकारी अभियान र गुणात्मक विकासको आधार स्तम्भको रूपमा सहकारी शिक्षा रहेको छ । वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.ले पनि संस्था विकासको लागि यो प्रक्रियालाई मेरुदण्डको रूपमा लिएको छ । फलस्वरूप संस्था यो उचाईसम्म आइपुगेको हो ।

नेपाल जस्तो अल्पविकसित मुलुकमा राजनीतिक अस्थिरता, भौगोलिक बिकटता, अस्वस्थ वित्तीय बजार आदिको कारण आम मानिसहरूमा वित्तीय सेवा र शिक्षाको पहुँच पुग्न नसकेको विषयमा हामी सबै जानकार नै छौं । यसकारण समाजका हरेक वर्गका मानिसहरूलाई सहकारी शिक्षा र सेवामा समावेश गर्दै समाजमा वित्तीय, स्वास्थ्य र प्रविधि साक्षरतालाई नीतिगत रूपमा नै व्यवस्था गरी अगाडि बढाएका छौं । सदस्यहरूको लागि विभिन्न माध्यमबाट सहकारी शिक्षा कार्यक्रम, वित्तीय साक्षरता तथा सदस्यहरूको विस्तारित मञ्च, "**विद्यार्थीसँग वीरेन्द्रनगर साकोस**", नेपाल राष्ट्र बैंक, सहकारी विभागले निर्देशन गरेबमोजिम **Global Money Week** सप्ताहव्यापी विभिन्न कार्यक्रम, सीपमूलक तालिमहरू, सदस्य सर्वेक्षण, वीरेन्द्रनगर स्मार्ट बैंकिङ, संस्थाको वेवसाईट, आन्तरिक तथा बाह्य अवलोकन भ्रमण, सामाजिक सञ्जाल फेसबुक, युटुयुव र सेवाकेन्द्रहरू मार्फत निरन्तर सहकारी शिक्षालाई अगाडि बढाउँदै आइरहेका छौं ।

नेपाल सरकार तथा नेपाल राष्ट्र बैंक, सहकारी विभाग र अन्य नियमनकारी निकायले पनि प्रविधियुक्त वित्तीय सेवालाई प्रोत्साहन गरेको सन्दर्भमा वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्थाले पनि सहकारी संस्था मार्फत प्रदान गर्न सकिने प्रविधियुक्त वित्तीय सेवा पूर्णरूपमा प्रदान गरेको छ ।

संस्थाको कारोबारमा विस्तार, सदस्यता विस्तार तथा बदलिँदो विषम परिस्थितिले सिर्जना गर्ने आन्तरिक तथा बाह्य जोखिमलाई कम गर्दै संस्था मार्फत हुने वित्तीय कारोबारहरूको पारदर्शीता कायम गर्न सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निरुत्साहन गर्न ऐन, कानुन तथा आन्तरिक कार्यविधिको कार्यान्वयन गरी सदस्यहरूलाई सम्पत्ति शुद्धिकरण सम्बन्धी सचेतना प्रदान गर्दै वित्तीय पारदर्शीता कायम गर्न सफल भएको अनुभव हामीले गरेका छौं । सदस्यहरूसँग निरन्तर सम्पर्क समन्वय, माग गरेको बेलामै सहुलियत ऋण प्रदान, अनलाइन बैंकिङ सेवा सुचारु गर्ने व्यवस्था, प्रविधि प्रयोग गर्ने तरिका र एस.एम.एस., भीजा एटीएम, क्यूआर कोड, लगायतका सेवाहरू प्रयोग गर्न सामाजिक सञ्जाल, वेवसाइट, फेसबुक पेज मार्फत सूचना तथा स्वास्थ्य सचेतनाका सन्दर्भ सामग्रीहरू समयसापेक्ष रुपमा निरन्तर प्रकाशन तथा प्रसारण गरिरहेका छौं ।

सहकारी शिक्षामा गरिएको लगानीले सदस्यको समग्र वित्तीय सचेतनामा सकारात्मक प्रभाव परोस् भन्ने उद्देश्यले हरेक वर्ष शिक्षामा बजेट विनियोजन गरि खर्च गर्ने गरिएको छ । हिजो सहकारीले बचत र ऋण कारोबार मात्र गर्नुपर्छ भन्ने मान्यताभन्दा माथि उठेर शिक्षा, तालिम र सूचना भन्ने सहकारीको पाचौं अन्तर्राष्ट्रिय सिद्धान्तलाई आत्मसात् गर्दै संस्थाका शेयर सदस्यहरूलाई संस्थाको विभिन्न गतिविधिहरूको बारेमा जानकारी गराउने, सहकारीको विविध पक्षहरूको बारेमा चेतना जगाउने, बचत के को लागि भनेर सिकाउने, ऋण कसरी सदुपयोग गर्ने भन्ने बारेमा वित्तीय, प्रविधि र स्वास्थ्य साक्षरताका लागि वार्षिक बजेटको अधिनमा रही विभिन्न कार्यहरू गर्दै आइरहेका छौं ।

**शिक्षामूलक प्रकाशन तथा कार्यक्रमहरू:**

- वार्षिक भित्तेपात्रो प्रकाशन,
- त्रैमासिक प्रतिवेदन,
- वार्षिक प्रतिवेदन,
- ब्रोसरहरू र पम्पलेटहरू प्रकाशन,
- वीरेन्द्रनगर स्मार्ट बैंकिङः मोबाइल एप्लिकेशन सञ्चालन,
- वीरेन्द्रनगर फेसबुक पेज तथा युट्युव पेज सञ्चालन,
- भीजा एटीएम कार्ड सञ्चालन,
- क्यूआर कोड वितरण ।

**आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन गरिएका कार्यक्रमहरू:**

- सामाजिक सञ्जाल मार्फत प्रविधि साक्षरता तथा प्रर्वद्धन कार्यक्रम ।
- सामाजिक सञ्जाल फेसबुक, युट्युव र सेवा केन्द्रहरूमार्फत निरन्तर सहकारी शिक्षाका सामाग्री प्रचार-प्रसार, प्रसारण र वितरण ।
- हरेक महिना नयाँ बन्ने सदस्यहरूलाई अभिमुखीकरण तथा सहकारी शिक्षाका कार्यक्रम सञ्चालन ।
- नियमित सदस्य भेटघाट कार्यक्रम निरन्तर रुपमा भैरहेको ।
- मठमन्दिर सरसफाईका कार्यक्रम ।

**आ.व. २०७९/०८० मा सञ्चालित वित्तीय साक्षरता र सहकारी शिक्षा शिविरको अन्य गतिविधिको विस्तृत विवरणः**

| क्र. सं. | कार्यक्रमको नाम | स्थान | सम्पन्न भएको मिति | सहभागी संख्या (जना) |
|---|---|---|---|---|
| १. | वित्तीय साक्षरता सहितको शिक्षा शिविर | वी.न.पा.६, होटल जियाना, सुर्खेत | २०७९/४/२६ | ९७ |
| २. | वित्तीय साक्षरता सहितको शिक्षा शिविर | वी.न.पा.७, इत्राम, सुर्खेत | २०७९/५/१९ | ८० |
| ३. | घरदैलौ भेटघाट तथा शिक्षा शिविर | जहरे सेवा केन्द्र, सुर्खेत | २०७९/५/१२, १३,१७ | १३९ |
| ४. | घरदैलो भेटघाट तथा शिक्षा शिविर | मेहेलकुना सेवा केन्द्र, सुर्खेत | २०७९/५/१५ | १५७ |
| ५. | घरदैलो भेटघाट तथा शिक्षा शिविर | छिन्चु सेवा केन्द्र सुर्खेत | २०७९/५/१८,१९ | १२० |
| ६. | घर दैलो भेटघाट तथा शिक्षा शिविर | राकम सेवा केन्द्र, सुर्खेत | २०७९/५/१२, १८,१९,२० | २०८ |
| ७. | वित्तीय साक्षरता सहितको शिक्षा शिविर | चिङगाड गा.पा. ३ को शभाहल, सुर्खेत | २०७९/५/१६ | १६६ |
| ८. | वित्तीय साक्षरता सहितको शिक्षा शिविर | चिङगाड गा.पा. ३ को शभाहल, सुर्खेत | २०७९/५/१७ | ४४ |
| ९. | विद्यार्थीसँग वीरेद्रनगर साकोस वित्तीय साक्षरता कार्यक्रम | मालीका मा.वि. चिङगाड गा.पा. ४, सुर्खेत | २०७९/५/१७ | ८४ |
| १०. | वित्तीय साक्षरता सहितको शिक्षा शिविर | चौकुने गा.पा.४ को वडा कार्यालय, सुर्खेत | २०७९/५/१५ | १४५ |
| ११. | वित्तीय साक्षरता सहितको शिक्षा शिविर | के.सी. होटल बाबीयाचौर, सुर्खेत | २०७९/५/१७ | १४३ |
| १२. | वित्तीय साक्षरता सहितको शिक्षा शिविर | बराहताल गा.पा.को सभाहल बड्डीचौर, सुर्खेत | २०७९/५/२१ | १०१ |
| १३. | वित्तीय साक्षरता सहितको सदस्य भेटघाट कार्यक्रम | वी.न.पा.११, चौकेढुङ्गा, सुर्खेत | २०७९/५/२१ | १३६ जना |
| १४. | वित्तीय साक्षरता सहितको सदस्य भेटघाट कार्यक्रम | वी.न.पा.७, इत्राम, सुर्खेत | २०७९/६/२ | ९२ |

| क्र. सं. | कार्यक्रमको नाम | स्थान | सम्पन्न भएको मिति | सहभागी संख्या (जना) |
|---|---|---|---|---|
| १५. | मठ-मन्दिर सरसफाई कार्यक्रम | देउती बज्यै मन्दिर वी.न.पा.११, सुर्खेत | २०७९/६/१० | |
| १६. | वित्तीय साक्षरता सहितको शिक्षा शिविर | पञ्चपुरी नगरपालीका बाबीयाचौर, सुर्खेत | २०७९/६/१० | १३५ |
| १७. | सदस्य घरदैलौ तथा सहकारी सचेतना कार्यक्रम | मुख्य कार्यालय तथा सबै सेवा केन्द्रहरूमा | २०७९ मंसिर मा १ हप्ते अभियान | ९२ |
| १८. | सदस्य घरदैलौ तथा सहकारी सचेतना कार्यक्रम | सिम्ता गा.पा.२, तथा सबै सेवा केन्द्र र मुख्य कार्यालयमा | २०७९ माघ मा चलाएको अभियान | ४३ |
| १९. | मठ-मन्दिर सरसफाई कार्यक्रम | शिव मन्दिर वी.न.पा.६, गणेशचौक सुर्खेत | ०७९/११/५ | |
| २०. | वित्तीय साक्षरता सहितको शिक्षा शिविर | पञ्चपुरी नगरपालिका ६, बाबीयाचौर सुर्खेत | ०७९/११/५ | ३५ |
| २१. | बजार सरसफाई कार्यक्रम | पञ्चपुरी नगरपालिका ६, बाबीयाचौर बजार सरसफाई | ०७९ चै महिनामा | |
| २२. | वित्तीय साक्षरता सहितको शिक्षा शिविर | पञ्चपुरी नगरपालिका ६, बाबीयाचौर सुर्खेत | ०७९ चैत्र महिनामा | ३५ |
| २३. | Global Money Week -2023 को अवसरमा वित्तीय साक्षरता कार्यक्रम | सुर्खेत बहुमुखी क्याम्पस का विद्यार्थीहरूलाई | ०७९ चैत्र ०६ देखी १२ सम्म | १३२ |

**आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन गरिएका कार्यक्रममा सहभागिता**

- सम्पत्ति शुद्धिकरण निवारण तथा जोखिम विश्लेषण तालिम ।
- भावी नेतृत्व विकास र हस्तान्तरण तालिमा सहभागिता ।
- कर्मचारीहरूको लागि प्रविधि तथा विकास तालिम ।
- कर्मचारीहरूको लागि क्षमता विकासका बिभिन्न तालिम ।
- वित्तीय साक्षरता सम्बन्धी तालिम ।

यी लगायत विभिन्न कार्यक्रम तपसिल बमोजिमका तालिम तथा गोष्ठीहरूमा संस्थाका तर्फबाट सहभागिता प्रस्तुत गरिएका छन् ।

**तालिम तर्फ**

| क.स | तालिमको नाम | सहभागीको नाम | मिति | अवधि | स्थान |
|---|---|---|---|---|---|
| १ | सम्पति शुद्धिकरण निवारण तथा जोखिम विश्लेषण तालिम | उपेन्द्र कुमार थापा/दिपक आचार्य | २०७९/४/३०-३१ सम्म | २ दिन | पुल्चोक ललितपुर |
| २ | जोखिममा आधारित आन्तरिक लेखापरिक्षण सम्बन्धी तालिम | लिलाराम नेपाली | २०७९/९/१९-२० सम्म | २ दिन | नाम्लो होटल सुर्खेत |
| ३ | CEO Workshop | छत्र बहादुर थापा | २०७९/११/२५ | | काठमाण्डौ |
| ४ | व्यवसायिक रणनैतिक योजना तर्जुमा तालिम | कमल बास्तोला | २०७९/१२/१-३ सम्म | | होटल डि नमस्ते सुर्खेत |
| ५ | NAS तालिम | उपेन्द्र कुमार थापा/कमल बास्तोला | २०८०/१/१६-१८ सम्म | ३ दिन | काठमाण्डौ |
| ६ | बजार प्रतिनिधी को क्षमता बिकास तालिम | विभिन्न सेवा केन्द्र मा गरेर जम्मा १२ जना | २०८०/१/२२-२३ सम्म | २ दिन | होटल जियाना सुर्खेत |
| ७ | नेतृत्व हस्तान्तरण तालिम | दिपक आचार्य/ प्रकाश शर्मा | २०८०/१/३०-२/१ सम्म | ३ दिन | नयाँ दिल्ली |

**शिक्षा तथा तालिम उपसमितिले आ.व. २०७९/०८० मा प्रस्ताव गरेका कार्यक्रमहरू:**

- गत वर्ष प्रस्तावित तर कार्यान्वयन हुन नसकेको संस्थामा आबद्ध शेयर सदस्यहरू मध्यबाट अति विपन्न सदस्यहरू छनौट गरी सबैभन्दा गरिब प्रत्येक सेवा केन्द्रमा ५ जनासम्म सदस्यहरूलाई स्थानीय तहको प्रत्यक्ष सहकार्यमा उनीहरूको रुची, सीप र क्षमताको पहिचान गरी विभिन्न प्रकारका तालिम, अनुदान र ऋण समेतको व्यवस्था गरी स्व-रोजगार बन्न उत्प्रेरणा दिने खालका अभियानहरू सञ्चालन गरिनेछ ।
- कर्मचारीको क्षमता विकाससँग सम्बन्धित कम्तिमा १ वटा तालिम संस्थाको आफ्नै व्यवस्थापनमा सञ्चालन गरिनेछ । साथै अन्य निकायबाट हुने तालिम, गोष्ठी, अध्ययन अवलोकनमा सहभागी गराईनेछ ।
- सञ्चालक समिति र उपसमितिका लागि संस्थागत क्षमता तथा नेतृत्व विकाससँग सम्वन्धित विभिन्न तालिम स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्ड अपनाई सञ्चालन गर्नुका साथै अध्ययन अवलोकनको व्यवस्था गरिनेछ ।
- सदस्यहरूको व्यावसायिक सीप विकासका लागि आवश्यक तालिमहरूको व्यवस्था र उत्कृष्ट व्यवसायी सदस्यहरूलाई अध्ययन अवलोकन भ्रमणको अवसर प्रदान गरिनेछ ।

- उत्कृष्ट सदस्य तथा बेरोजगार महिला सदस्यहरूलाई नारी बचत कार्यक्रममा सहभागिताका आधारमा हरेक संकलन केन्द्रमा १/१ वटा व्यावसायिक तालिमहरूको सञ्चालन गरिने छ ।
- सदस्यहरूलाई सहकारी शिक्षा प्रदान गर्नका लागि हरेक नयाँ १०० जना सदस्यहरू प्रवेश हुनासाथ एउटा वित्तीय साक्षरता सहितको सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । साथै यस आ.व. भित्र संस्थाका कम्तिमा ३० प्रतिशत सदस्यलाई सहकारी शिक्षा प्रदान अनिबार्य रुपमा गरिनेछ ।

अन्तमा सहकारी के हो ? किन सहकारीमा लाग्नुपर्छ ? सहकारीमा शेयर सदस्य, सञ्चालक र व्यवस्थापनको भूमिका के हुन्छ ? सहकारी सिद्धान्त भनेको के हो ? भन्ने जस्ता कुरा शेयर सदस्यज्यूहरूले जान्नै पर्ने आधारभूत विषय बनेको छ । यो बुझाउने जिम्मेवारी हामी सञ्चालकको हो । यसको लागि एक पटक मात्र होइन निरन्तर सहकारी शिक्षाको आवश्यकता पर्दछ । सहकारीको क्षमता अनुसार सबै शेयर सदस्यहरूलाई सहकारी शिक्षा कार्यक्रममा सहभागी गराई सचेतना फैलाउन र समुन्नत समाजको विकासको लागि सबैलाई सहकारीमा आबद्ध गराउन नियमित रूपमा विगतमा जस्तै आगामी दिनमा सहकारी शिक्षा कार्यक्रममा नियमित बजेट विनियोजन गर्दै लगिने छ । आजसम्म सहकारीबाट प्राप्त शिक्षा आफूमा मात्र नराखी समाजमा फैलाउन सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यहरू तथा शिक्षा उपसमितिका सहकर्मी पदाधिकारीहरू, कर्मचारीहरू, सहकारी व्यक्तित्वहरूलाई आभार प्रकट गर्दै सञ्चालक समिति तथा व्यवस्थापनलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

जय सहकारी, जय वीरेन्द्रनगर साकोस ।

**संयोजकः बेचुलाल चौधरी**
**सदस्यः पुष्पराज राना**
**सदस्यः सुर्य कुमारी बि.सी.**


**घरदैलो दैनिक बचत**

*व्यवसाय तपाईको वित्तीय सेवा हाम्रो*



**विशेषताहरूः**

- घरमै बसेर कारोबार गर्न सकिने ।
- मौज्दातको जानकारी घरमै प्राप्त हुने ।
- समयावधि पुगेको बचतले ऋण तिर्न सकिने ।
- ट्याबलेट बाट दैनिक नगद संकलन हुने ।
- दैनिक मौज्दातमा ब्याज पाइने ।
- डिजिटल प्रविधि बाट कारोबार हुने ।
- खाता खोल्दा छुट्टै रकम नलाग्ने ।

**M. Khan & Associates**
*Chartered Accountants*

*COP No. 985*

*Nepalgunj, Banke*
*Nepal*
*Mobile No. 9861682401*
*Email:frontdesk.mka@gmail.com*

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री सदस्य महानुभावहरु
वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
वीरेन्द्रनगर नगरपालिका ०६,सुर्खेत ।

### १. कैफियत सहितको लेखापरीक्षकको राय (Qualified Opinion)

हामीले वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वित्तीय विवरण, जसले २०८० साल असार मसान्त (१६ जुलाई २०२३) को वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आम्दनीको विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा यी विवरणहरुसंग सम्बन्धित प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु समावेश गरी लेखापरीक्षण सम्पन्न गरेका छौं ।

यसै प्रतिवेदनको बुँदा नं.२ कैफियत सहितको राय व्यक्त गर्ने आधार" मा उल्लेखित व्यहोराले पार्न सक्ने असरका बाहेक, हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणको आधारमा, संलग्न वित्तीयविवरणहरुले वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८० असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार (Basis for Qualified Opinion)

लेखापरीक्षणको क्रममा देखिएका तथा लेखापरीक्षण रायमा सारभूत रुपमा असर पार्ने कैफियतहरु निम्न बमोजिम छन्:

**क) ऋणहरुको वर्गीकरण तथा ऋण नोक्सानी व्यवस्था:**

- व्यवस्थापनले गरेको कर्जाको वर्गीकरणको आधारमा पनि रु. ६,२४,७११।१८ ऋण नोक्सानी व्यवस्था कम गरेको ।
- संस्थामा व्यवस्थापनले खराब कर्जा मानेका तर खराब कर्जामा वर्गीकरण नगरेको र भुक्तानी अवधी (Maturity Period) व्यतीत भइ सकेको तर सांवा पनि नतिरेका ऋणहरुको अन्तिम मौज्दात (ब्याज समेत) क्रमश: रु.४,००,८१,१८३।७५ र रु.३४,१२,०१६।८९ रहेको छ।
- संस्थाले निम्न बमोजम ऋणहरुको पुर्नतालिकीकरण गरेको छ:

| विवरण | खाता संख्या | रकम |
|---|---|---|
| आ.व. २०७८।७९ र २०७९।८० दुवै वर्षमा सुविधा लिएको भुक्तानी अवधी (Maturity Date) मा वृद्धि | १३८ | ६,६०,३२,११३.५७ |
| आ.व. २०७८।७९ र २०७९।८० दुवै वर्षमा सुविधा लिएको भुक्तानी अवधी (Maturity Date) मा कमी | ३ | ८,८४,५७५.३० |
| आ.व. २०७९।८० मा मात्र सुविधा लिएको तर भुक्तानी अवधी (Maturity Date) मा ९० दिन भन्दा बढी वृद्धि | २१ | १,१३,०७,९७४.११ |
| आ.व. २०७९।८० मा मात्र सुविधा लिएको तर भुक्तानी अवधी (Maturity Date) घटाइएको | ६ | १३,३१,१२५.३९ |
| **जम्मा** | **१६८** | **७,९५,५५,७८८.३७** |

लेखापरीक्षण प्रतिवेदन २०७९।०८० | १

ख) आ. व. २०७९।०८० को अन्तमा पाउनुपर्ने, धरौटी तथा सापटी अर्न्तगत सानो नगदी कोष भनी रु. ९,४९,५५८।०९ देखाइएको छ । सो रकम सम्बन्धमा यथेष्ट तथ्य यकीन गर्न नसकिएको ।

ग) ऋण नोक्सानी व्यवस्था पुर्ण रुपमा नगरी लाभांश कोष तथा संरक्षित पुंजी फिर्ता कोषमा रकम बांडफांड गरेको ।

**३. विषय उपर जोड (Emphasis of Matter Paragraph):**

क) संस्थाले श्रम ऐन, २०७४ तथा सामाजिक सुरक्षा कोष ऐन, २०७४ तथा प्रचलित कानुन अनुसार सामाजिक सुरक्षा कोषमा सुचीकरण भई योगदान नगरेको ।

**४. अन्य विषय (Othe Matter Paragraph):**

**क. प्रमूख कार्यकारी अधिकृत र प्रमूख कार्यकारी अधिकृतको एकाघर तथा प्रमूख कार्यकारी अधिकृतसंग सम्बन्धित ऋणहरुको विवरण:**

| चालु वर्ष | | | गत वर्ष | |
|---|---|---|---|---|
| लगानी | अन्तिम मौज्दात | धितो | लगानी | अन्तिम मौज्दात |
| १३,५००,०००।- | ४३,४९९,५५४.३२ | ४,०००,०००।- | ४१,०००,०००।- | ४०,९८८,४८६.०८ |

आ.व. २०७४।७५ मा डाटा माइग्रेशन गर्दा फरक भएको रकम रु. १,१२,४७,३१३।८३ (बैंक नमिलेको रु.४२,०३,९३९।८३ र बचत नमिलेको रु.७०,४३,३७४।-) लाई संस्थाको प्रमुख कार्यकारी अधिकृत (त्यति बेलाको व्यवस्थापकको नाममा ऋण देखाएर हिसाब मिलान गरेको हो भन्ने कुरा मिति:२०८०।०४।२५ बसेको सञ्चालक समितिको निर्णय नं. १४ अनुसार गठित कार्यदलले संस्थाको डाटा माइग्रेशन गर्दा नमिलेको रकम र सोसंग सम्बन्धित ऋणको ब्याज, नवीकरण शुल्क सहित रु.२,५२,९२,४३२।१४ लाई हिसाब मिलानको प्रक्रिया अगाडी बढाउन सुझाव दिएको हो । यस प्रतिवेदनलाई आधार मानी मिति:२०८०।०६।०३ मा बसेको ११२औं सञ्चालक समितिको बैठक निर्णय नं. ९ ले हिसाब फछ्र्योट गर्नका लागि आगामी साधारण सभामा पेश गर्ने निर्णय गरिएको ।

**ख. ब्याज छुट:**

यस वर्ष सञ्चालक समितिले मिति २०८० श्रावण १५ गते बसेको ११०औं बैठकको निर्णय नं. १३ बाट संस्थाको आन्तरिक ऋण कार्यविधि २०७९ को परिच्छेद ७ को दफा ७.६.३ मा भएको व्यवस्था बमोजिम आ.व. २०७९।८० मा ब्याज तथा हर्जाना जम्मा रकम रु. ६०,२३,५२४।- छुट प्रदान गरिएको छ । ब्याज छुटको प्रभाव खाता (Ledger) मा नदेखिएकोले यसको संस्थाको सम्पत्ति तथा दायित्व पर्न जाने असर (effect) को यकीन गर्न नसकिएको । अत: यसको प्रभाव खातामा हुने गरी Software मा सुधार गर्नुपर्ने देखिन्छ ।

**ग. Data Edit Report:**

संस्थाले यो वर्ष विभिन्न शीर्षहरुमा Data Edit गरेको देखिन्छ तर ती Data Edit हरुको effect लेखामा स्पष्ट देखिन्न । यसको effect मात्र Data Edit Report मा देखिन्छ । हामीले Data Edit सम्बन्धी यथेष्ट प्रमाण यकीन गर्न सकेका छैनौं । अत: यसको प्रभाव खातामा हुने गरी Software मा सुधार गर्नुपर्ने देखिन्छ ।

**घ. कोष हिसाब:**

संस्थाको विनियम २०७९ को दफा ५८ अनुसार कुनै वर्ष शेयर लाभांश कोष, कर्मचारी बोनस कोष र संरक्षिप्त पुंजी फिर्ता कोष लगायतबाट रकम वितरण नगरेमा वा उक्त कोषहरुमा रकम बाँकी रहेमा उक्त कोष खाता शुन्य गरी जगेडा कोषमा सार्नु पर्नेछ ।

M. Khan & Associates Chartered Accountant

लेखापरीक्षण प्रतिवेदन २०७९।०८० | २

तर संस्थाले यस वर्ष माथि उल्लेखित कोष बाहेक अन्य कोषको बाँकी रकमहरु जगेडा कोषमा सारेको पाइयो ।

| कोषको विवरण | रकम |
|---|---|
| सहकारी (संस्था) विकास कोष | ६०४,४२६.५६ |
| सामुदायिक विकास कोष | ६०४,४२६.५६ |
| स्थिरीकरण कोष | ६०४,४२६.५५ |
| अन्य जोखिम व्यवस्थापन कोष | ६०४,४२६.५६ |
| **जम्मा** | **२,४१७,७०६.२२** |

**ङ. एकीकरणका सम्बन्धमा:**

यस वर्ष संस्थाले श्री ओयसिस बचत तथा ऋण सहकारी संस्था लि. र श्री अभ्युदय ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.सँग २०७९/११/२९ मा एकीकरणको स्वीकृति लिई २०७९/१२/२१ बाट एकीकृत कारोवार शुरु गरेको हो ।

ती संस्थाहरुमध्ये श्री ओयसिस बचत तथा ऋण सहकारी संस्था लि. को रजिष्टर्ड लेखापरीक्षक श्री योगराज पोखे्रल एण्ड एसोसिएट्सद्वारा मिति २०८०।०१।२८ गते लेखापरीक्षण सम्पन्न गरिएको र कैफियत रहितको राय (Unqualified Opinion) दिइएको छ । यस संस्थाको सम्पति तथा दायित्वको किताबी मुल्य रु रु. ६,३७,२३,१२०।९४ श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. को सम्पत्ति तथा दायित्व को हिसाबमा समाबेश गरिएको छ । एकीकरण पश्चात साबिक ओयसिस बचत तथा ऋण सहकारी संस्था लि का केही ऋणी सदस्यहरु संग ऋण लेनदेनमा पासबुक र सस्थाको सिस्टममा फरक परेका हरहिसाबहरु मध्ये ओयसीसका तत्कालीन प्रबन्धक तथा तिनको श्रीमतीको नाममा जम्मा ऋण रु.६५,००,०००।- (धितो रु. ५० लाख) प्रवाह गरी हिसाब मिलान गरिएको छ ।

ती संस्थाहरुमध्ये श्री अभ्युदय ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. को रजिष्टर्ड लेखापरीक्षक श्री जि. एस. बोगटी एण्ड एसोसिएट्सद्वारा मिति २०८०।०१।२८ गते लेखापरीक्षण सम्पन्न गरिएको र कैफियतरहितको राय (Unqualified Opinion) दिइएको छ । यस संस्थाको सम्पति तथा दायित्वको किताबी मुल्य रु. १,२२,६७,७७७।७२ श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. को सम्पति तथा दायित्व को हिसाबमा समावेश गरिएको छ ।

हामीले यी संस्थाहरुको फेरी लेखापरीक्षण नगरेको र ओयसीसको हिसाब मिलान विवरण हामीलाई उपलब्ध नभएकोले यी संस्थाहरुको सम्पति तथा दायित्व लेखापरीक्षण गरेका छैनौं ।

**५. अन्य जानकारी:**

अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसंगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका संयोजकको प्रतिवेदनहरु पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

**६. वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भुमिका बहन गर्नेहरुको जिम्मेवारी:**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसांजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी

लेखापरीक्षण प्रतिवेदन २०७९।०८० | ३

रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखानीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा, संस्थाको अविच्छिन्न रुपमा जारि रहनसक्ने क्षमताको मुल्यांकन गर्ने, लागु भएमा, अविच्छिन्नता सम्बन्धी कुराहरुको, खुलासा गर्ने र व्यवस्थापनको मनसाय संस्था वा कारोबार बन्द गर्ने वा त्यस्तो गर्ने बाहेक अन्य कुनै यथार्थ परक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्नता आधारको लेखाको प्रयोग गर्न व्यवस्थापन जिम्मेवार छ । शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु हो ।

**७. लेखापरीक्षकको जिम्मेवारी:**

व्यवस्थापनले तयार गरेको वित्तिय विवरणहरु जालसांजी वा त्रुटिको कारणले हुने सारभुत गलत आंकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन (Reasonable Assurance) को आधार प्राप्त गर्नु हो र सो उपर उचित राय प्रकट गर्नु हाम्रो उत्तरदायित्व हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभुति (Guarantee) छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत गलत आंकडा पत्ता लगाउँदछ । गलत आंकडाहरू जालसांजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ।

हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgment) र व्यवसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौं ।

**यस क्रममा, हामीले:**

- जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं । जालसाजी (fraud) मा मिलीभगत (collusion), जालसांजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत आँकडाको प्रस्तुती (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन (override of Internal Control) जस्ता कार्य समावेश हुन सक्ने जालसांजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढि हुन्छ ।
- संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसंग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुदैन । संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको उपयुक्तता (appropriateness) र लेखा अनुमानहरुको व्यवहारिकता (reasonableness) तथा तीसंग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं। हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ शेयरधनीहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ

। हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मिति सम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।

- व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौं।
- लेखापरीक्षकको रायव्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक कृयाकलापसंग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं। हामी लेखापरीक्षणको निर्देशन, पर्यवेक्षण तथा कार्यसम्पादनको लागी जिम्मेवार छौं । हामी हाम्रो लेखापरीक्षण रायको लागि मात्र जिम्मेवार रहन्छौं ।

हामीले शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं । शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभावपार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौं।
लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**८. अन्य कानुनी तथा नियामक आवश्यकता प्रतिवेदन:**

क) वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड तथा यसका पदाधिकारी वा कर्मचारी ले निम्न उल्लेखित व्योहोराहरु बाहेक, सहकारी नीति, नियम, मुल्य, मान्यता, संस्थाको विनयिम र साधारण सभाबाट स्वीकृत नीति तथा निर्देशिकाहरु अनुसार कारोबार गरेको पाइयो ।

- ➢ सदस्यहरुलाई ऋण प्रवाह गर्दा सहकारी निति, नियम, विनियम र आन्तरकि ऋण कार्यविधि अनुसार आवश्यक परेका सम्पूर्ण कागजातहरु पुरा गर्नु पर्नेमा केही ऋण फाइलहरुमा केही आवश्यक कागजातहरु अपुग भएको ।
- ➢ ऋण रकमको दोब्बर धितो नलिई, तेस्रो पक्षको धितो राखी ऋण प्रवाह गरेको तथा ऋण अनुसन्धानमा ९०% भन्दा बढी अंक प्राप्त गर्न असफल व्यवक्तिहरुलाई बिना धितो ऋण प्रवाह गरेको ।
- ➢ सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत नगरेका सदस्यहरुलाई ऋण प्रवाह गरेको ।
- ➢ शेयर रकम लगानी रकमको ५% कायम नगरी ऋण प्रवाह भएको ।
- ➢ संस्थाले विभिन्न समिति तथा उपसमितिहरुको स्वीकृतिमा लगानी गरेको ऋणहरुको संक्षित विवरण:

| समिति र उपसमितिहरुको विवरण | जम्मा ऋण संख्या | जम्मा रकम |
|---|---|---|
| सञ्चालक समिति | १२.०० | ९९,६००,०००।- |
| ऋण उप समिति | १२.०० | ४८,४५०,०००।- |
| ऋण लगानी तथा असुली उपसमिति | ९३.०० | १०७,३२७,०००।- |
| अन्य उपसमितिहरु (*) | १,६०५.०० | २६३,६२९,८६४।- |
| जम्मा | **१,७२२.००** | **५१९,००६,८६४।-** |

* यी समितीहरुको सबै माइन्युट हामीले परीक्षण गरेका छैनौं ।

- ➢ सञ्चालक समितिको स्वीकृति विना, ऋण उपसमितिको सिफारिस विना सञ्चालक समितिको स्वीकृति तथा सञ्चालक समिति, ऋण उपसमिति र ऋण लगानी तथा

असुली उपसमितिको स्वीकृति भन्दा अगावै रु.४,५८,७०,०००।०० (अन्तिम मौज्दात रु.३,४७,५६,८३४।२५) को ऋण प्रवाह भएको ।

- ऋण शीर्षक सम्बन्धी कार्यविधि नबनाई साधारण कर्जा शीर्षक अर्न्तगत रु.१,०५,५३,०००।०० (अन्तिम मौज्दात रु.४४,०८,९४४।५४) बराबर रकमको ऋण लगानी गरेको ।
- सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति, प्रमुख कार्यकारी अधिकृत कर्मचारी र उनीहरुसंग सम्बद्ध व्यक्तिको चासो हित जोडिएका सदस्यहरुलाई उनीहरु बहाल रहेको निकाय भन्दा तल्लो निकायबाट स्वीकृत गराई केही व्यक्तिहरुलाई ऋण प्रवाह गरेको ।
- संस्थाले आ.व. २०७९।८० मा १७ जना सञ्चालक समितिका सदस्यहरु मध्ये ८ जना (४७।०६ प्रतिशत) लाई कर्जा प्रवाह गरेको छ । यो बाहेक सञ्चालक समितिका एकाघर सदस्यका ६ जनालाई कर्जा प्रवाह गरेको छ ।
संस्थाको विभिन्न रेमिटेन्स कम्पनीहरुसंग रेमिटेन्स सम्झौता रहेको छ । रेमिटेन्स कमिशनलाई रेमिटेन्स बापतको रकम ग्राहकलाई भुक्तानी भएपछि सो कमिशनको लागि दयित्व पुरा हुने भएकाले सोही बखत रेमिटेन्स कमिशन आम्दानीको लेखांकन गरिन्छ ।

**२०.४ अन्य कमिशन तथा आम्दानी**

अन्य कमिशन तथा आम्दानीको हकमा संस्थाले सो कमिशन तथा आम्दानी प्राप्त गर्न पुरा गर्नुपर्ने सम्पुर्ण दायित्व पुरा भएपछि आम्दनीमा लेखांकन गरिन्छ ।

**२०.५ लाभांश आम्दानी**

लाभांश प्राप्त गर्न अधिकार स्थापित भएमा लाभांश आय लेखाङ्कन गरिन्छ ।

**शुल्क तथा कमिशन आम्दानी विवरण**

| विवरण | आ.व. २०७९।८० | आ.व. २०७८।७९ |
|---|---|---|
| सेवा शुल्क | ५,०८५,०६२.५० | ९,४२०,५६७.७० |
| विलम्ब शुल्क | – | ३,७९६.९७ |
| प्रवेश शुल्क | १७६,७००.०० | ३१७,४००.०० |
| खाता बन्दी शुल्क | १३३,०००.०० | ३८७,०००.०० |
| ऋण आवेदन शुल्क | ३९७,५००.०० | ६२३,७८०.०० |
| पासबूक शुल्क | ४,७३३.०० | ५,०००.०० |
| रेमिटेन्स कमिशन | ६७,५१०.५३ | १३०,५१७.७५ |
| भिजा कार्ड बिक्रिबाट आम्दानी | १९,८००.०० | ५,१००.०० |
| अन्य आम्दानी | १९१,२७२.५५ | २०८,४२०.५१ |
| संरक्षित पुंजी फिर्ता कोषबाट प्राप्त | १,११०,००४.८८ | ५३०,०९९.२० |
| लाभांस प्राप्त | ५३४,५९६.४६ | ३७५,०७२.३४ |
| बिमा कम्पनि बाट आम्दानी | ९३,०५९.९० | ८८,५१९.५६ |
| **जम्मा** | **७,८१३,२३९.८२** | **१२,०९५,२७४.०३** |

२१ **व्याज खर्च**

निक्षेप, बैंक तथा वित्तिय संस्थाबाट ऋण लगायत सबै वित्तीय दायित्वहरुमा व्याज खर्च प्रभावकारी व्याज दर विधि प्रयोग गरेर नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

| विवरण | आ.व. २०७९।८० | आ.व. २०७८।७९ |
|---|---|---|
| ग्राहकबाट संकलित निक्षेपमा व्याज खर्च | ६५,८१२,५७९.०६ | ५५,१९८,६६९.८२ |
| बैंक तथा वित्तिय संस्थाबाट प्राप्त ऋणमा ब्याज खर्च | ३१,८६८,७१८.४२ | ३१,४४६,४९६.४० |
| बैंक तथा वित्तिय संस्थाबाट प्राप्त ऋण व्यवस्थापन खर्च | ४१६,४०३.०० | ७७६,१४१.०० |
| **जम्मा** | **९८,०९७,७००.४८** | **८७,४२१,३०७.२२** |

२२ **कर्मचारी खर्च**

कर्मचारी खर्चमा कर्मचारीले सहकारी लाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउंछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनका लागि संस्थाले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।

२२.१ **अल्पकालिन कर्मचारी लाभ (Short Term Employee Benefits)**

आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी हुने छोटो अवधिको कर्मचारी लाभ Discount नगरी मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गरिएको आर्थिक वर्षमा खर्च लेखिन्छ । यस अर्न्तगत तपसिल बमोजिमका कर्मचारी खर्चहरु पर्दछन्:

(i) तलब, भत्ता

(ii) कर्मचारी विमा

(iii) संचार तथा इन्धन भत्ता

(iv) कर्मचारी बोनस

२२.२ **सेवा पछिको लाभ (Post Employment benefits)**

सेवा पछिको लाभमा निम्न लिखित लाभहरु समावेश हुन्छन् :

(a) **परिभाषित योगदान योजना (Defined Contribution Plan)**

परिभाषित योगदान योजना सेवापछिको लाभ योजना हो जस अन्तर्गत संस्थाले योगदानलाई छुट्टै संस्थामा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुंदैन । परिभाषित योगदान योजनाको दायित्वहरु सम्बन्धित सेवाहरु प्रदान गरिएको समयमा कर्मचारी खर्चको रुपमा पहिचान र लेखांकन गरिन्छ । परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको रिपोर्टिङ अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुंदैन त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिन्छ । संस्थाका कर्मचारीले कर्मचारी सञ्चय कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत हो जसमा संस्था र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको १० प्रतिशत रकम योगदान गर्दछन् ।

यस आर्थिक वर्षमा कुल जम्मा रु. ५६५,०५३।०० को कर्मचारी सञ्चय कोष खर्चको रहेको छ ।

(b) **परिभाषित लाभ योजना (Defined Benefit Plan)**

परिभाषित लाभ योजना भन्नाले कर्मचारीले सेवा बाट अवकाश पाएका बखत भुक्तानी हुने रकम पर्दछन् । संस्थामा यस लाभ योजना अर्न्तगत उपदान सुविधा पर्दछ । संस्थाको मानव संसाधन तथा व्यवस्थापन नीति २०७७ को परिच्छेद ५ को दफा ५, ८, ९ मा भएको व्यवस्था अनुसार संस्थाको कर्मचारीले सेवा बाट अवकाष पाएको बखत तपसिल बमोजिम उपदान सुविधा पाउनेछन् ।

(i) उपदान प्रदान गर्दा ३ वर्ष देखि ५ वर्षसम्म स्थायी तथा अस्थायी सेवा कर्मचारीलाई १ वर्ष बराबर १५ दिन, ६ देखि १० वर्षसम्म ३० दिन, ११ देखि १५ वर्षसम्म ४५ र सो भन्दा माथि प्रतिवर्ष ६० दिन बराबरको तलब भुक्तानी गरिनेछ ।

(ii) कुनै कर्मचारीले जानी जानी वा लापरवाहीले संस्थाको सम्पतिमा हानि नोक्सानी गरेमा वा तिर्नुपर्ने कुनै पनि रकम मागेमा निजले पाउने उपदान रकमबाट असुलउपर गरिनेछ ।

यस आर्थिक वर्षमा कुल जम्मा रु ९२१,९५५।०० को उपदानको खर्च रहेको छ ।

(c) **अन्य दिर्घकालिन लाभ (Other Long Term Benefits)**

आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी नहुने कर्मचारी लाभलाई अन्य दिर्घकालिन लाभ भनिन्छ । यस अर्न्तगत विदा बापतको व्यवस्था पर्दछ । संस्थाको कर्मचारी नियमावली बमोजिम घर विदा ९० दिन र विरामी विदा ४५ दिन संचित हुने व्यवस्था रहेको र संचित विदा बापतको रकम कर्मचारीले प्रत्येक वर्षको अन्त्यमा त्यस्तो बढी अवधीको बिदाको निजको आधारभुत पारिश्रमिकको दरले हुन आउने रकम भुक्तानी दिने व्यवस्था रहेको छ । संचित विदा बापतको रकम भुक्तानी नगरी व्यवस्था गरी बिदाबापतको दायित्वको गणना गर्न संस्थाले Actuarial Valuation गरेको छ जस अनुसार यस वर्ष रु. ५३२,११४।०० खर्च देखाइएको छ ।

# वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वीरेन्द्रनगर नगरपालिका-०६,सुर्खेत

*आधारभुत लेखानीतिहरु*

१. **सामान्य जानकारी:**

१.१. **संस्थाको संक्षिप्त विवरण**

**वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड** (यस पश्चात "सहकारी" वा "संस्था" वा "सहकारी संस्था" भनी उल्लेख गरिएको) ले छरिएर रहेका स-सानो रकमलाई सहकारीको माध्यमबाट बचत गर्ने बानी बसाली त्यस्ता रकमलाई सदस्यहरु माझ आय आर्जन गर्ने क्षेत्रमा लगानी गरी आफ्ना सदस्यहरुको आर्थिक विकासमा टेवा पुऱ्याउने मूख्य उद्धेश्यले सहकारी ऐन नियम अनुसार मिति २०५८/०३/२२ मा तत्कालिन डिभिजन सहकारी कार्यालय, बांकेमा दर्ता नम्बर २११ (९०)२०५७/५८ दर्ता भई कार्य गरिरहेको छ । संस्थाले मिति २०६१/०८/२३ मा आन्तरिक राजस्व विभाग, नेपालगंजमा दर्ता गरी ३०१७०३८८१३ स्थायी लेखा नम्बर प्राप्त गरेको छ ।

१.२. **संस्थाको मुख्य क्रियाकलाप तथा गतिविधिहरुको विवरण:**

संस्थाले निम्न कार्यहरु गर्दै आएको छ :

क. संस्थाको स्वीकृत नीति अनुसार सदस्यहरुबाट बचत संकलन गर्ने ।

ख. संस्थाको स्वीकृत नीति अनुसार सदस्यहरुलाई ऋण लगानी गर्ने ।

ग. सदस्यहरु बीच विप्रेषण (Remitance) सम्बन्धी सेवा उपलब्ध गराउने।

घ. विभिन्न विमा कम्पनीहरुको एजेन्ट वा सब एजेन्ट भई कार्य गर्ने ।

संस्थाले वीरेन्द्रनगर नगरपालिका-०६, मुख्य कार्यालय र सेवा केन्द्रहरु राकम, मेहलकुना, जहरे, छिन्चु, पिपिरा, एरिचोक, बाङ्गेसिमल, बडिचौर, बावियाचौर, गुठु, मालिका र ओयसिसबाट आफ्नो व्यवसायिक कारोवार गर्दै आइरहेको छ ।

१.३. **सञ्चालक समिति र लेखा समिति तथा ऋण उप समिति का सदस्यहरुको सुची:**

**सञ्चालक समितिका सदस्यहरुको विवरण:**

| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | श्री बमबहादुर बि.सी. | अध्यक्ष |
| २ | श्री श्याम पौडेल | वरिष्ठ उपाध्यक्ष |
| ३ | श्री रेश्मा खत्री | उपाध्यक्ष |
| ४ | श्री रमेश कुमार सापकोटा | सचिव |
| ५ | श्री इन्द्रा हमाल | कोषाध्यक्ष |
| ६ | श्री मोती प्रसाद सापकोटा | सदस्य |
| ७ | श्री दुर्गा कुमारी खत्री प्याकुरेल | सदस्य |
| ८ | श्री कमल प्रसाद नेपाल | सदस्य |
| ९ | श्री बालकृष्ण हमाल चालिसे | सदस्य |
| १० | श्री प्रकाश कुमार सापकोटा | सदस्य |
| ११ | श्री देवीराम बोहरा | सदस्य |
| १२ | श्री बसन्ता कुमारी भण्डारी | सदस्य |
| १३ | श्री बेचुलाल चौधरी | सदस्य |
| १४ | श्री धुर्वध्वज शाही | सदस्य |
| १५ | श्री केशर बहादुर रोकाय | सदस्य |
| १६ | श्री भद्र भण्डारी | सदस्य |
| १७ | श्री खगेन्द्र प्रसाद जैसी | सदस्य |

**लेखा सुपेरिवेक्षण समितिका सदस्यहरुको विवरण :**

| क्र.स | नाम | पद |
|---|---|---|
| १ | श्री डा. खगेन्द्र शाही | संयोजक |
| २ | श्री लाल बहादुर खड्का | सदस्य |
| ३ | श्री देव प्रसाद अर्याल | सदस्य |

**ऋण उप समितिका सदस्यहरुको विवरण :**

| क्र.स | नाम | पद |
|---|---|---|
| १ | श्री मोती प्रसाद सापकोटा | संयोजक |
| २ | श्री राजन रजवार | सदस्य |
| ३ | श्री गोबिन्द शर्मा | सदस्य |

२. **वित्तिय विवरण तयारीको आधार:**

सहकारीको वित्तीय विवरणहरु प्रोदभावी लेखा (Accrual Basis of Accounting) मा आधारित भई नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा Accounting Standard Board (ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (Institute of Chartered Accountants of Nepal-ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका व्यवस्था अनुसार तयार गरिएका छन् ।

संस्थाको आर्थिक विवरणहरु पहिलो पटक नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा तयार गरिएको हो र सो क्रममा NFRS 1 First Time Adoption of NFRS को पालना गरिएको छ ।

२.१ **अनुपालन सम्बन्धी उद्घोषण (Statement of Compliance):**

संस्थाले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोर्ड (Accounting Standards Board–ASB) बाट १३ सेप्टेम्बर २०१३ मा जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) अपनाएको छ । NFRS ले अन्तर्राष्ट्रिय लेखामान बोर्ड (IASB) ले जारी गरेको अन्तराष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्दछ । यद्यपि, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले मिति २०७९.०४.०२ मा प्रकाशित सूचना मार्फत NFRS अपनाउदा केही उल्लिखित विकल्पहरु (Carve out) पनि अपनाउन सकिने उल्लेख गरेको छ ।

२.२ **NFRS लागु गर्दा प्रयोग भएका छुटहरु (Carve Outs):**

पहिलो पटक NFRS लागु गर्दा संस्थाले सधैंभरी NFRS लागु भए जसरी वित्तिय विवरणहरु प्रस्तुत गर्नुपर्ने हुन्छ । । यस सम्बन्धमा NFRS 1 First Time Adoption of NFRS ले प्रदान गरेका स्वेच्छिक छुट र अनिवार्य छुटहरुको प्रयोग गर्नुपर्ने हुन्छ । साथै नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था -आईक्यान (ICAN) ले NFRS अंगिकार गर्दा केही उल्लिखित विकल्पहरु (Carve out) पनि अपनाउन सकिने उल्लेख गरेको छ ।

संस्थाको वित्तिय विवरण तयार गर्दा प्रयोग भएका छुटहरु (Crave Outs) यस प्रकार रहेका छन् :

२.२.१ **NFRS 9 वित्तिय उपकरण (Financial Instruments):**

क. **अघिल्लो आर्थिक वर्षहरुको व्याज आम्दनीको लेखांकन:**

नेपाल वित्तीय प्रतिवेदनमान १५ बमोजिम व्याज आम्दानी प्रभावकारी व्याज दर (Effective Interest Rate) को आधारमा लेखांकन गरिन्छ । प्रभावकारी व्याजदर बारे नेपाल वित्तीय प्रतिवेदनमान ९ : वित्तीय उपकरण मा व्याख्या गरिएको छ ।

प्रभावकारी व्याजदर भनेको त्यो दर हो जुन दरले वित्तीय उपकरण (वित्तीय सम्पत्ति जस्तै कर्जा, वित्तीय दायित्व जस्तै निक्षेप) को अपेक्षित जीवनमा हुने नगद भुक्तानी वा प्राप्तिहरुलाई discount गर्दा वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको खुद वर्तमान मूल्यसFग बराबर हुन्छ । प्रभावकारी व्याजदर गणना गर्दा संस्थाले वित्तीय उपकरणका

सबै अनुबन्धित शर्तहरु लाई ध्यानमा राखी नगद प्रवाहको अनुमान गर्नुपर्छ तर भविष्यको कर्जा क्षति लाई समायोजन गर्नु हुदैन । प्रभावकारी व्याजदरको गणना गर्दा प्रभावकारी व्याजदरसंग सम्बन्धित सम्पूर्ण शुल्क, कारोबार लागत र प्रिमियम वा discount लाई समावेश गरिन्छ।

मिति २०७६।०८।०४ गते नेपाल लेखामान बोर्डबाट जारी भएको वैकल्पिक व्यवस्था अनुसार अघिल्लो आर्थिक वर्षहरुको व्याज आम्दानीलाई प्रभावकारी व्याजदर अर्न्तगत लेखांकन गरिने छैन । कर कार्यलयमा बुझाइएको कर विवरणसँग तालमेल गर्न सो व्यवस्था लागु गरिएको हो । अघिल्लो आर्थिक वर्षहरुको व्याज आम्दानी NFRS लागु हुन पुर्वकै रकम हुनेछ । संस्थाले यहि अनुरुप अघिल्लो अर्थिक वर्षको व्याज रकमलाई पुनः स्थापना गरेको छैन ।

साथै मिति २०७९।०३।३१ मा जारी नेपाल लेखामान बोर्डबाट जारी भएको वैकल्पिक व्यवस्था अनुसार कर्जाको प्रभावकारी व्याजदर गणना गर्दा प्रभावकारी व्याजदरसंग सम्बन्धित सम्पूर्ण शुल्क, कारोबार लागत र प्रिमियम वा discount लाई समावेश गरिनु पर्ने व्यवस्था भएकोमा, सो समावेश गर्न अव्यवहारिक भएमा शुल्क, कारोबार लागत र प्रिमियम वा discount लाई समावेश गर्न छुट प्रदान गरिएको छ ।

उल्लेखित व्यवस्थाहरुको सम्बन्धमा सहकारी संस्थाले पहिलो पटक नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरण तयार गरेकोमा संस्थाको वित्तीय प्रणालीमा NFRS बमोजिमको लेखांकन हुने गरि व्यवस्था नभएको अवस्था र सम्पुर्ण कर्जाहरुलाई सो बमोजिम लेखांकन गर्न अव्यवहारिक भएकाले कर्जाको तोकिएको व्याजदर (Contractual Rate) लाई नै प्रभावकारी व्याजदर मानि लेखांकन गरिएको छ ।

**२.३ समिक्षा अवधी:**

संस्थाले अघिल्लो आर्थिक वर्षहरुमा साविक प्रचलित नेपाल लेखामान र सहकारी मापदण्ड बमोजिम वित्तिय विवरणहरु तयार गर्ने गरेको, यस आर्थिक वर्ष २०७९।८० मा पहिलो पटक वित्तिय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार गरिएको छ ।

वित्तिय विवरणहरु नेपली आर्थिक वर्ष (श्रावण १ देखि असाढ मसान्त सम्म) को आधारमा तयार गरिएको छ ।पहिलो पटक NFRS का व्यवस्थाहरु लगु गर्नका लागि निम्न मितिहरुलाई आत्मसाथ गरिएको छः

| विवरण | अवधी/मिति |
|---|---|
| NFRS बमोजिम पहिलो वित्तिय विवरण (First NFRS Financial Statements) | आर्थिक वर्ष २०७९।८० (२०७९ श्रावण १ देखि २०८० आषाढ ३१ सम्मको) |
| वित्तिय विवरण NFRS बमोजिम रुपान्तरण गरिएको मिति (Opening NFRS SFP/ Date of Transition) | २०७८।०४।०१ |
| तुलनात्मक अवधी (Comparative Period) | आर्थिक वर्ष २०७८।७९ (२०७८ श्रावण १ देखि २०७९ आषाढ ३२ सम्मको) |

**२.४ सञ्चालक समितिबाट वार्षिक वित्तीय विवरणको स्वीकृति:**

प्रमुख लेखा नीति तथा खुलासा सहितको आ.व. २०७९/०८० को वित्तीय विवरण सञ्चालक समितिको मिति २०८०/०४/२५ गते बसेको ११० औं बैठकबाट स्वीकार तथा स्वीकृत गरेको छ । संस्थाको वित्तीय विवरण तयारीको जिम्मेवारी सञ्चालक समितिले वहन गर्नेछ । सो स्वीकृत वित्तीय विवरण शेयर सदस्यहरुबाट स्वीकृत गर्नको लागि आगामी वार्षिक साधारण सभा समक्ष सिफारिस गरिएको छ ।

**२.५ वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व:**

सहकारी ऐन, २०७४ को दफा ७४ अनुसार सहकारी को वित्तीय विवरण तयार गर्ने अन्तिम जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ । यस सन्दर्भमा सञ्चालक समितिले आफ्नो जिम्मेवारी रहेको व्यहोरा यसै प्रतिवेदनमा प्रस्तुत "सञ्चालकहरुको जिम्मेवारी सम्बन्धी विवरण" मा प्रस्ट छ ।

आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरणमा देहायका विवरणहरु समावेश गरिएका छन् :

T. Khan & Associates

- संस्थाको असार मसान्त, २०८० मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position),
- संस्थाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा वा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income),
- संस्थाको आर्थिक वर्ष २०७९/८० को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),
- संस्थाको आर्थिक वर्ष २०७९/८० मा जायजेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Changes in Equity), तथा
- संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु।

२.६ **कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा:**

संस्थाको वित्तीय विवरणमा देखाइएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएका छन् । सहकारीले कारोबार गर्ने मुद्रा पनि यही हो ।

२.७ **अनुमान, धारणा तथा स्वविवेकको प्रयोग (Use of Estimates, Assumptions and Judgments):**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन बनाउFदा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाइएको हुन्छ । सहकारी व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समयानुकूल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्देशन गरे अनुसार समायोजन गर्ने गरेको छ।

यी अनुमानहरु उपलब्ध जानकारी र सहकारी व्यवस्थापनको स्वविवेकमा आधारित हुन्छन् । वास्तविक परिमाणहरु मूल्यङ्कन गरे भन्दा फरक पर्न सक्छन् र कहिलेकाहीँ यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्छन् । सहकारीले पालना गरेको लेखा नीतिहरु र सो नीतिहरुले पार्ने असर सम्बन्धित टिप्पणीमा उल्लेख गरिएको छ ।

सहकारीले विभिन्न अनुमान र धारणाहरु क्रमिक रुपमा अझै परिस्कृत गर्दै लैजाने छ । धारणा र पद्दतिहरुमा परिमार्जनको परिणामस्वरुप परिवर्तन हुने अनुमानहरु त्यो अवधिमा प्रतिबिम्बित हुन्छ, जुन अवधिमा सोको असर पहिला लागू गरिन्छ । सहकारीले अपनाएको लेखाङ्कन अनुमानहरु र सो अनुमानहरुले पार्ने फरक, सम्बन्धित टिप्पणीमा उल्लेख गरिएको छ ।

२.८ **निरन्तरता (Going Concern):**

व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा चलिरहन्छ भन्ने सिद्धान्तलाई अङ्गिकार गरि वित्तीय विवरण तयार गरेको छ । व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पुFजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै वर्तमान र भविष्यको अवस्थाहरु विश्लेषण गरेको छ ।

संस्थाको संचालक समितिले व्यावसायमा सारभुत रुपमा प्रभाव पार्ने अनिश्चतताका संकेतहरु नपाएको हुFदा व्यवसायको निरन्तर अवधारणाको निरन्तरताको क्षमता, तरलता संचालनको बारेमा शंकाहरु गर्नुपर्ने देखिदैन ।

२.९ **लेखाङ्कन नीतिमा परिवर्तन:**

सहकारीले पहिलो पटक ३१ आषाढ २०८० देखि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार पारेको हो ।

सहकारीले आषनो सम्पत्ति र दायित्वलाई नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार पहिचान गरेको छ र सो अनुसार पहिचान नहुने सम्पत्ति तथा दायित्वलाई पहिचान गरिएको छैन । पहिचान गरिएको सम्पत्ति तथा दायित्वको लेखाङ्कन नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार पारिएको छ ।

NFRS लागु गर्दा लेखानीतिमा भएको परिवर्तनले वितिय विवरणहरुमा पारेको असरलाई लेखा सम्बन्धी टिप्पणी नं. २५ मा प्रस्तुत गरिएको छ ।

३. **आधारभुत लेखामान नितिहरु:**

सहकारीले प्रस्तुत वित्तीय विवरण तयार गर्दा अवलम्बन गरेका प्रमुख लेखा नीतिहरु निम्न बमोजिम रहेका छन् ।

३.१ **मापनको आधार (Basis of Measurement):**

वित्तीय विवरणहरु निरन्तरताको आधार (Going Concern) मा तयार पारिएका छन्, जहाँ लेखाका नीतिहरु मान्यताका आधारमा अनवरत रुपमा लागू गरिएका छन् । फरक भएको खण्डमा विशेष रुपमा खुलाइएको छ ।

३.२ **गाभ्ने र गाभिने (Merger and Acquisitons):**

यस संस्थाले यो आर्थिक वर्षमा दुई वटा सहकारी संस्थाहरु बिच (श्री ओयसिस बचत तथा ऋण सहकारी संस्था लि. र श्री अभ्युदय ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.) एकीकरण गरी मिति २०७९/१२/२१ गते पुन:दर्ता भएको छ ।

संस्थाले स्वीकार गरेको सम्पत्ति तथा दायित्वको विवरण निम्न बमोजिम छ ।

| सम्पतिहरु | अभ्युदय ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. | ओयसिस बचत तथा ऋण सहकारी संस्था लि. | जम्मा |
|---|---|---|---|
| नगद तथा नगद समान | ६९,२१२.९२ | ७७१,६८७.७७ | ८४०,९००.६९ |
| सदस्यलाई कर्जा सापटी | १०,७३६,३६४.०० | ६१,९७२,६५१.९० | ७२,७०९,०१५.९० |
| लगानी | ६४,०००.०० | ३००,०४५.१६ | ३६४,०४५.१६ |
| सम्पत्ति तथा उपकरण | १,३९८,२००.८० | ३१९,५४०.०८ | १,७१७,७४०.८८ |
| अन्य सम्पत्तिहरु | – | ३५९,१९६.०३ | ३५९,१९६.०३ |
| **जम्मा** | **१२,२६७,७७७.७२** | **६३,७२३,१२०.९४** | **७५,९९०,८९८.६६** |
| **दायित्वहरु** | | | |
| बाह्य ऋण | १,१५०,०००.०० | | १,१५०,०००.०० |
| सदस्यबाट निक्षेप | ५,४०९,५६६.५६ | ४५,३९२,६८९.५४ | ५०,८०२,२५६.१० |
| अन्य दायित्व | २९,०२८.१० | १५४,५४२.९३ | १८३,५७१.०३ |
| **इक्विुटी** | | | |
| शेयर पुँजी | ३,००३,८००.०० | ८,९९९,९००.०० | १२,००३,७००.०० |
| साधारण जगेडा कोष | ७९८,२८४.०५ | ६,४४२,२३१.३८ | ७,२४०,५१५.४३ |
| संरक्षि पूँजी फिर्ता कोष | १३६,४३९.९४ | २८२,९५१.६३ | ४१९,३९१.५७ |
| सहकारी प्रर्बद्धन कोष | ३,२६३.१९ | १८,५०७.१९ | २१,७७०.३८ |
| अन्य कोषहरु | १,७३७,३९५.८८ | २,४३२,२९८.२७ | ४,१६९,६९४.१५ |
| **जम्मा** | १२,२६७,७७७.७२ | ६३,७२३,१२०.९४ | ७५,९९०,८९८.६६ |

३.३ **वित्तीय उपकरण : वित्तीय सम्पत्ति र वित्तीय दायित्व:**
**(Financial Instruments: Financial Assets and Liabilities)**

क. **पहिचान र लेखाङ्कन:**

संस्थामा प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब संस्था वित्तीय उपकरणसँग सम्बन्धित करारको व्यवस्थाको पक्ष हुन्छ । संस्थाले सुरुमा कर्जा र सापटी, निक्षेप र अन्य वित्तीय सम्पति र दायित्व (जस्तै भुक्तानी पाउनुपर्ने वा भुक्तानी दिनपर्ने रकम) उनीहरुको उत्पति भएको मितिमा लेखांकन गर्दछ । कुनै अर्को संस्थाको इक्विटी उपकरण जस्तै शेयरमा लगानी लाई खरिद भएको मितिमा लेखांकन गरिन्छ । वित्तीय सम्पतिको नियमित हुने खरिद र बिक्रीलाई कारोबार हुने मितिमा लेखाङ्कन (Trade Date Accounting) गरिन्छ ।

ख. **वर्गीकरण (Classification):**

a) **वित्तीय सम्पत्ति (Financial Assets):**

वित्तीय सम्पत्ति अर्न्तगत कर्जा लगानी, अन्य संस्थाको शेयरमा लगानी, नगद र नगद समान सम्पत्ति, भुक्तानी पाउनुपर्ने लगायतका हिसाबहरु पर्दछन् ।

संस्थाले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि संस्थाको व्यापार मोडल (Business Model) र वित्तीय सम्पत्तिको करारगत नगद प्रवाह विशेषता (Contractual Cash Flow Characterstics) को आधारमा परिशोधित लागत (Amortized Cost) वा fair value मा मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ । वित्तीय सम्पत्तिका दुई वर्गहरु यसप्रकार छन् :

(i) **परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति:**

**(Financial Assets Measured at Amortized Cost)**

परिशोधित लागत भन्नाले कुनै वित्तीय सम्पत्ति वा दायित्वको सुरुमा लेखांकन गरिएको मुल्यमा हालसम्म आर्जित भएको प्रभावकारी व्याजदरले गणना गरिएको व्याज रकम जोडी त्यसबापत भएका भुक्तानीहरुलाई घटाइ आउने मुल्य भनिन्छ । जस्तै कर्जाको हकमा परिशोधित मुल्य भन्नाले कर्जा भुक्तान भएको रकममा हाल सम्म आर्जित भएको व्याज जोडी त्यसमा पाएको भूक्तानी घटाएपछि आउने मुल्य भन्ने बुझिन्छ ।

संस्थाले देहायका दुवै शर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्तिको

रुपमा वर्गीकरण गर्छ :

- यदि वित्तीय सम्पत्ति सो सम्पत्तिको परिपक्वता अवधि भरि करार अनुसारको नगद प्रवाह संकलन गर्नको लागि राखिने उद्देश्य भएको व्यापार मोडल अन्तर्गतको सम्पत्ति भएमा र,
- वित्तीय सम्पत्तिको सम्झौताका सर्तहरुले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र सो नगद प्रवाह साँवा वा व्याज रकमको मात्र भुक्तानी हो ।

(ii) **Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति:**

**(Financial Assets Measured at Fair Value)**

परिशोधित मूल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति fair value मा मापन गरिन्छ । **Fair Value** मा मापन गरिएको वित्तीय सम्पत्तिलाई देहाय बमोजिम वर्गीकरण गरिन्छ:

- **नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति [Financial Assets Measured at Fair Value through profit or loss(FVTPL)]**

  यदि कुनै वित्तीय सम्पत्ति संस्थाको व्यवसायिक मोडल अनुरुप खरिद बिक्री गर्ने प्रयोजन (Held for Trading) को लागि राखिएको भए सो वित्तीय सम्पत्ति नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने सम्पत्तिको रुपमा लेखांकन गरिन्छ । प्रारम्भिक पहिचान र लेखांकनमा, सो सम्पत्ति fair value मा लेखांकन गरिन्छ भने कारोवार लागतलाई खर्चको रुपमा लेखांकन गरिन्छ । त्यस पश्चात त्यस्ता सम्पत्तिहरु fair value मा मापन गरिन्छन् र fair value मा भएका परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखांकन गरिन्छ ।

  यस आर्थिक वर्षको अन्त सम्ममा संस्थामा नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति नभएको ।

- **अन्य विस्तृत आम्दानी मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति [Financial Assets Measured at Fair Value through other comprehensive income(FVTOCI)]**

नियमित खरिद विक्रीको लागि नराखिएको अन्य संस्थाको इक्विटी उपकरण (शेयर) मा गरिएको लगानीलाई संस्थाले सो लगानीको fair value मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी वर्गीकृत गरेको छ । त्यस्ता सम्पत्ति पछि fair value मा मापन हुन्छन् र fair value मा भएका परिवर्तनहरू अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

संस्थाले गरेका सहकारी बैंक, सहकारी संस्था, सहकारी संघ, महासंघ तथा अन्य संस्थाहरु को शेयर लगानीलाइ यस अनुरुप वर्गीकरण गरेको छ ।

b) **वित्तीय सम्पत्ति (Financial Liabilities):**

वित्तीय दायित्व अन्तर्गत सदस्यहरुको निक्षेप, सापटी (बाह्य ऋण) र अन्य भुक्तानी दिनुपर्ने हिसाबहरु पर्दछन् ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु:**

  परिशोधित लागत भन्नाले कुनै वित्तीय दायित्वको सुरुमा लेखांकन गरिएको मुल्यमा हालसम्म प्रभावकारी व्याजदरले गणना गरिएको व्याज रकम जोडी त्यसबापत भएका भुक्तानीहरुलाई घटाइ आउने मुल्य भनिन्छ । जस्तै सापटी र निक्षेप हिसाबकको हकमा परिशोधित मुल्य भन्नाले सापटी वा निक्षेप रकममा हाल सम्म आर्जित भएको व्याज जोडी त्यसबापत गरिएको भुक्तानी घटाई आउने मुल्य भन्ने बुझिन्छ ।

- **नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय दायित्वहरु:**

  यदि खरिद विक्रीका लागि सिर्जित दायित्व हो भने त्यस्ता दायित्वलाई fair value मा मापन गरिन्छ र fair value मा भएको परिवर्तनलाई नाफा नोक्सान हिसाबमा देखाइन्छ ।

  संस्थामा यस किसिमका दायित्वहरु नभएको ।

ग. **मापन (Measurement):**

a) **प्रारम्भिक मापन (Initial Measurement):**

संस्थामा वित्तीय सम्पत्ति वा दयित्व सिर्जना हुदाका बखत, नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको fair value मा कारोबार रकम जोडेर वा घटाएर मापन गरिन्छ । नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

b) **त्यसपछिको मापन (Subsequent Measurement):**

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा fair value मा वा परिशोधित लागतमा मापन गरिन्छ ।

घ. **अपलेखांकन (Derecognition):**

- **वित्तीय सम्पत्तिको अपलेखाङ्कन:क**

  जब संस्थाको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अधिकार समाप्त हुन्छ वा जब संस्थाले कारोबारमा नगद प्रवाह प्राप्त गर्ने अधिकार अन्य संस्था वा व्यक्तिलाई हस्तान्तरण गर्छ र वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण हुन्छ, त्यसबेला संस्थाले वित्तीय सम्पत्तिको अपलेखांकन गर्छ । त्यसबेला वित्तीय सम्पत्तिको लेखांकन भएको रकम र प्राप्त प्रतिफल को भिन्नता नाफा वा नोक्सान हिसाबमा लेखांकन गरिन्छ ।

- **वित्तीय दायित्व अपलेखाङ्कन:**

  दायित्वको जिम्मेवारी पूर्ण रुपमा राफसाफ भएमा, रद्द भएमा वा म्याद समाप्त भएमा वित्तीय दायित्वहरुलाई पहिचानबाट हटाइन्छ । जहाँ विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु विभिन्न सर्तहरु, वा विद्यमान दायित्वका सर्तहरुमा पर्याप्त संशोधन गरिएको हुन्छ र नया दायित्वले साटासाट गरिन्छ, त्यस्तो साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिन्छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफल बीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

T. Khan & Associates

**३.३.३ फेयर भ्याल्युको निर्धारण:**

Fair value भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरु (Market Participants) बीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकम हो । फेयर भ्याल्युमा देखाइएको वा प्रस्तुत गरिएका सम्पत्ति र दायित्वहरु महत्वपूर्ण इन्पुटहरुका आधारमा तीन तहमा वर्गीकृत गरिएको छ । मूल्याङ्कनका महत्वपूर्ण इन्पुटहरुमा रेपोर्टिङ अवधिमा भएको परिवर्तनका आधारमा सम्पत्ति र दायित्वहरुलाई फेयर भ्याल्यु पदानुक्रम (Fair Value Hierarchy) मा स्थानान्तरण गर्न सकिन्छ । वित्तीय संस्थाले रिपोर्टिङ अवधिको अन्त्यमा मुख्य बजार वा इन्पुटहरुमा उल्लेखनीय परिवर्तन भएमा, फेयर भ्याल्युको पदानुक्रमको स्तरहरु बीचको स्थानान्तरणलाई मान्यता दिएको छ । फेयर भ्याल्यु निम्न पदानुक्रम अनुसार निर्धारण गरिएको छ :

| तह | Fair Value निर्धारण तरिका |
|---|---|
| १ | समान प्रकृतिका सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत (Unadjusted quoted) मूल्यहरुबाट । |
| २ | सक्रिय बजारमा समान (Similar) उपकरणहरुको लागि सूचीकृत मूल्यहरु वा निष्क्रिय बजारमा समान वा यस्तै (Identical or Similar) उपकरणहरुका लागि सूचीकृत मूल्यहरुबाट । |
| ३ | अन्य विवरणहरुबाट जस्तै, संस्थामा आन्तरिक रुपमा प्राप्त हुने विवरणहरु । |

उपलब्ध भएसम्म संस्थाले एक उपकरणको फेयर भ्याल्यु त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यको प्रयोग गरी मापन गर्दछ । बजारलाई सक्रिय तब मानिन्छ, जब सूचीकृत मूल्यहरु सजिलै र नियमित रुपमा उपलब्ध हुन्छन् र Arm's Length Price मा अधारित भएर वास्तविक र नियमित रुपमा बजारमा हुने लेनदेनलाई प्रतिनिधित्व गर्दछ । यदि कुनै वित्तीय साधनको लागि बजार सक्रिय छैन भने संस्थाले मूल्याङ्कन प्रविधि प्रयोग गरी फेयर भ्याल्यु स्थापना गर्दछ । मूल्याङ्कन प्रविधिले जानकार, इच्छुक पार्टीहरु (उपलब्ध छ) भने बीचको भर्खरको Arm's Length Price मा भएको लेनदेन, अन्य समान उपकरणहरुको वर्तमान फेयर भ्याल्यु र डिस्काउन्ट गरिएको नगद प्रवाहको विश्लेषणहरु समावेश गरेको हुन्छ ।

**३.३.३ कर्जा सापटको नोक्सानी (Impairment of Loans and Advances):**

नोक्सानी व्यवस्थाको गणनाको लागि NFRS बमोजिमको कर्जा नोक्सानी व्यवस्था गरिएको छैन । सहकारी ऐन, नियम तथा निर्देशिका बमोजिमको कर्जा नोक्सानी व्यवस्था गरी लेखांकन गरिएको छ । कर्जा नोक्सानी व्यवस्थाको लेखांकन गर्दा धितोको पर्याप्तता लगायतका अन्य कुराहरुलाई समेत मध्यनजर गरिएको छ ।

**३.३.३ बिक्रीका लागि उपलब्ध वित्तीय लगानीको नोक्सानी कर्जा सापटको नोक्सानी:**
**(Impairment of Financial Investments – Available-for Sale)**

जब बिक्रीका लागि उपलब्ध इक्विटी लगानी व्यापक रुपमा त्यस्तो लगानीको फेयर भ्यालुमा गिरावट आउFदछ वा उक्त लगानीको फेयर भ्याल ुलागत मूल्य भन्दा तल झर्छ, तब सहकारीले बिक्रीका लागि उपलब्ध इक्विटी लगानीको नोक्सानी व्यवस्था गर्दछ ।

**३.४ पट्टा (Lease):**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NAS 17 – Lease को प्रावधान बमोजिम गरी वित्तीय पट्टा (Finance Lease) र सञ्चालन पट्टा (Operating Lease) अन्तर्गत देखाइन्छ । NAS 17 को para 33 को प्रावधान बमोजिम सञ्चालन पट्टा ।अन्तर्गत पट्टा अवधि भरका लागि गरिने सम्पूर्ण भुक्तानीलाई सो अवधिमा समदर रुपमा खर्च लेखाङ्कन गर्नु पर्ने व्यवस्था छ ।

यस सन्दर्भमा संस्थाले सञ्चालन पट्टा (Operating Lease) व्यवस्थालाई अवलम्बन गरेको छ । संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ, जस अनुसार paragraph 33 B मा भएको व्यवस्था बमोजिम साधारण मुद्रास्फीति बापत हुने मूल्यवृद्धिको अवस्थामा समदर (straight line basis) बमोजिम लेखाङ्कन गर्नु नपर्ने गरी छुट प्रदान गरेकोले पट्टा खर्च यस वर्षको वास्तविक खर्च रकम लेखाङ्कन गरिएको छ ।

**३.५ प्रतिशेयर आम्दानी (Earning Per Share):**

संस्थाले NAS 33 – "Earnings Per Share" को प्रावधान बमोजिम आधारभूत प्रति शेयर आम्दानी (Earnings Per Share) को गणना गर्ने गरेको छ ।

**३.६ रिपोर्टिङ मिति पछिका घटनाहरु:**

सहकारी संस्थाले रिपोर्टिङ अवधि सकिएपछि समायोजन वा गैर-समायोजन घटनाहरुको रुपमा योग्य तथा सम्भावित प्रभाव पार्न सक्ने घटनाहरुको अनुगमन र विश्लेषण गरेको छ । सबै समायोजन घटनाहरु अतिरिक्त प्रकटीकरणको साथ विवरणमा समावेश गरिएको छ र गैर-समायोजन घटनाहरु सम्भावित वित्तीय प्रभाव सकेसम्म नोटमा खुलाइएको छ । यस वित्तीय विवरणमा हस्ताक्षर हुने बेलासम्मको अवधिमा कुनै उल्लेख्य घटनाहरु भएका छैनन् ।

**३.७ जोखिम व्यवस्थापन:**

सहकारी संस्थाहरुमा हुने कारोबारमा विभिन्न खालका जोखिमहरु अर्न्तनिहित हुने गर्दछन् । संभावित जोखिमको पहिचान, मापन र नियमित अनुगमन पश्चात सो को कारण सहकारी संस्थामा पार्न सक्ने जोखिमलाई न्युनीकरण गर्नु नै प्रमुख उपाय हुने गर्दछ ।

सहकारी संस्थाको सर्वोच्च निकायको रुपमा रहेको सञ्चालक समितिले दैनिक रुपमा हुने वित्तीय कारोबारहरुमा देखा पर्न सक्ने विभिन्न खालका जोखिमहरुलाई न्युनीकरण गरी कारोवार सुचारु रुपले सञ्चालनको सुनिश्चितता र नियामक निकायले जारी गरेको निर्देशनहरुको प्रभावकारी पालनाका लागि नीति, नियम र मापदण्ड बनाउन र कार्यान्वयन गर्ने गरेको छ । दैनिक कारोबारहरुको सिलसिलामा देखा पर्ने विभिन्न खालका जोखिमहरुको शुक्ष्म विश्लेषण र समिक्षा गरी जोखिम व्यवस्थापनलाई आवश्यक निति, नियम र मापदण्ड लागू गर्ने गर्दछ ।

संस्थाले उत्पन्न हुने उधमस्तरमा जोखिम न्यूनीकरण गर्न कर्मचारीबीच स्वामित्व मानसिकता, क्षमता अभिवृद्धि, प्रस्ट रुपमा परिभाषित जिम्मेवारी र नैतिक संस्कृतिमार्फत जोखिम संस्कृतिको बारेमा प्रशिक्षित गरेको छ । सहकारी संस्थाले प्रशासनिक संरचनालाई ब्यवस्थित तवरबाट विकास गरेको छ जसले प्रत्येक तहमा उत्पन्न हुन सक्ने जोखिमलाई न्युनीकरण गर्न सकिने व्यवस्था गरेको छ । सम्भावित जोखिम पहिचान पश्चात सम्बन्धित विभाग मार्फत ब्यवस्थापन समिति र सञ्चालक समितिमा जानकारी गराइने ब्यवस्था लागू गरिएको छ ।

सहकारी संस्थाको रणनिति र उद्देश्यहरुको उपलब्धिका क्रममा सञ्चालक समितिले लागू गरेका विभिन्न आन्तरिक नियन्त्रण प्रणालीहरु चुस्तदुरुस्त कार्यान्वयनमा व्यवस्थापन उत्तरदायी रहेको छ भने समिति सदैव जिम्मेवार रहने गर्दछ । सहकारी संस्थाका सम्पुर्ण गतिविधिहरु तोकिएको सीमा तथा नियन्त्रण परिधि भित्र रही कार्य सम्पादन भएको हुनुपर्दछ जसले गर्दा संस्थाको आधारभुत लक्ष्यहरु: सामाजिक तथा समावेशी सेवा, वित्तीय पहुंच, वित्तीय साक्षरता, स्वरोजगारी सिर्जना मार्फत गरिवी निवारण, नयाँ व्यवसायिक अवसरहरु, सञ्चालन मुनाफा जस्ता लक्ष्यहरु हासिल गर्न सम्भावित जोखिम न्युनीकरण सहित सहयोग पुग्ने गर्दछ । सञ्चालक समितिले सम्भावित जोखिम पहिचान, जोखिम मूल्यांकन, जोखिम न्यूनीकरण र नियन्त्रण र अनुगमनको नीति र प्रक्रियाहरु व्यवस्था गरेको छ ।

**३.६.१ कर्जा जोखिम:**

कर्जा जोखिम भनेको सहकारी संस्था र सदस्य/ऋणी बीच भएको पुर्व शर्त र सहमतिहरु बमोजिम सहकारी संस्थाबाट प्रवाहित कर्जाहरु ऋणीले आफ्नो करारको दायित्व पुरा नगरी समयमा भुक्तानी गर्न असक्षमताको कारण उत्पन्न हुन सक्ने जोखिम/हानी हो । कर्जा जोखिम व्यवस्थापनको पुर्ण जिम्मेवारी सञ्चालक समितिको रहने गर्दछ जस अनुरुप सञ्चालक समितिले नियमित/समायनुकुल सम्पूर्ण निति तथा नियमहरुको समीक्षा गर्दै आएको छ । व्यवस्थापनले सो निति तथा नियमको कार्यान्वयन गर्ने, कर्जा जोखिम व्यवस्थापन र नियन्त्रण गर्ने, कर्जाको गुणस्तर कायम गर्ने सुनिश्चता गर्ने गर्दछ ।

सहकारी संस्थाको कर्जा निति, निर्देशनले सहकारी संस्थाको जोखिम व्यहोर्ने क्षमता प्रष्ट गर्दछ र समायनुकुल परिवर्तन तथा संशोधन गर्दै आईरहेको छ । सहकारी संस्थामा उत्पन्न हुन सक्ने कर्जा जोखिम न्युनीकरणको लागि कर्जा प्रवाह गर्नु पूर्व परियोजना विश्लेषण, ऋणीको क्षमता, ऋणीको उच्च चरित्र, सामुहिक दायित्व, धितो विश्लेषण, ऋणीको नगद प्रवाह विश्लेषण साथै गैर



स्थलगत, स्थलगत निरीक्षण र अनुगमन गरी सम्भावित जोखिम कम गर्न ब्यवस्थापन समक्ष प्रतिवेदन पेश गर्ने गर्दछ । विभिन्न प्रणाली, नीतिहरू, प्रक्रियाहरू र निर्देशनहरू कार्यान्वयनमा ल्याएको छ । सहकारी संस्था सदस्यहरुको परियोजना विश्लेषण गरी कर्जाको उद्देश्य र सो परियोजनाबाट ऋणीले लिने लाभको समय अनुकुल कर्जा प्रवाह र कर्जा भुक्तानी अवधि तय गर्ने गरिएको छ जसले गर्दा कर्जा भुक्तानी समयको बेमेलबाट पैदा हुन सक्ने जोखिमलाई न्युनीकरण गर्न सहायक सिद्ध हुने गर्दछ ।

सदस्यमैत्री कर्जा सुविधाको लागि सदस्यको कर्जाको माग बमोजिम समयानुकुल कर्जा सुविधाहरु थप/संशोधन गर्दै कर्जा नीति र प्रक्रियाहरू, कर्जा प्रवाहको मापदण्ड कार्यान्वयत गर्दै आएको छ । सदस्यहरुको वर्गीकरण/रेटिङ, कारोवारहरुको प्रकृति, विभिन्न सदस्य जोखिम प्रोफाइल साथै कर्जा सदुपयोगिता/परिचालन जस्ता व्यावहारिक पक्षहरूको आधारलाई मापदण्ड बनाई कार्य गर्दै आएको छ । नेपालको दिगो विकासका लक्ष्यहरु उन्मुख रहि, वित्तीय र मौद्रिक नितिलाई अनुसरण गर्दै उत्पादनशील क्षेत्र, कृषि तथा कृषि उपजसंग सम्बन्धित, आन्तरिक स्रोत र साधनमा आधारित लघुउधम सञ्चालन तथा विकास, स्वरोजगार सिर्जना, सीप बिकास, घरेलु तथा साना व्यापार व्यवसाय जस्ता क्षेत्रहरुमा कर्जा प्रवाह गर्दै आएको छ । जसमा जोखिमको विविधिकरण र सीमा संकेन्द्रण जोखिम सुनिश्चित गरी आन्तरिक रुपमा कर्जा सीमा तोकिएको छ ।

**कर्जा जोखिमको व्यवस्थापन:**
सञ्चालक समितिले तयार पारेको निति, नियम, कर्जा सुविधाहरु र कार्यविधिहरुको आधारमा ब्यवस्थापनद्वारा कार्यान्वयन गरी सञ्चालन ईकाइ (सेवा केन्द्र मार्फत कार्यान्वयन गर्दै आएको छ । र समय समयमा कर्जा जोखिमको निरिक्षण गर्दै आएको छ । कर्जा लगानीको नियन्त्रण विभिन्न तहगत रुपमा प्रदान गरिएको अख्तियारी सीमाद्वारा गरिएको छ । सञ्चालक समितिले नियमित रुपमा कर्जाको समीक्षा गर्छ र सदस्यको आवश्यकता अनुरुप कर्जा सम्बन्धी व्यवस्थाको परिमार्जन गर्दै आएको छ ।

३.६.२ **बजार जोखिम:**
संस्थाको वित्तिय अवस्थाको विवरणमा रहेको वस्तुको मूल्यमा, बजार मूल्यमा हुने अस्थिरताले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ । बजार जोखिम त्यस्तो जोखिम हो, जसका कारण वित्तीय उपकरणको भविष्यमा नगद प्रवाह वा Fair Value घटबढ हुन्छ । बजार जोखिमले तीन प्रकारका जोखिमलाई जनाउंछ : बजार ब्याजदर (ब्याजदर जोखिम) र बजार मूल्य (मूल्य जोखिम) ।

क) **ब्याजदर जोखिम:**
ब्याजदर जोखिम त्यो जोखिम हो, जसका कारण वित्तीय उपकरणको Fair value वा भविष्यमा हुने नगद प्रवाह बजार ब्याजदरका कारण तलमाथि हुने गर्दछ ।

ख) **मूल्य जोखिम:**
मूल्य जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको Fair value वा भविष्यमा हुने नगद प्रवाह इक्विटीको मूल्यमा हुने परिवर्तनले ब्याजदर जोखिम बाहेकका कारण तलमाथि हुन्छ । यस्तो परिवर्तन सम्बन्धित वित्तीय उपकरण वा यसको जारी गर्ने निकाय हुन सक्छ वा उक्त वित्तीय उपकरणले व्यापार गर्ने बजारलाई असर गर्ने तत्वको कारण हुन सक्छ । निकायको इक्विटी मूल्य जोखिम FVTOCI मा राखिएको कारण पनि हुन सक्छ, जसको मूल्य बजार मूल्यमा भएको परिवर्तन अनुसार तलमाथि हुन्छ ।

३.६.३ **तरलता जोखिम:**
ब्याजदर वा सुरक्षणपत्र (इक्विटी) को मूल्य, वस्तुको मूल्यको उतारचढाव साथै अस्थिरताको बजारस्तरमा प्रतिकूल परिवर्तनको कारण सहकारीले बजार जोखिमलाई लेखाङ्कन गरेको छ । तरलता जोखिमले संस्थाको दायित्व पूरा गर्न असफल हुने सम्भावना हुन सक्छ, तरलता जोखिम व्यवस्थापनले संस्थाको वित्तीय अवस्थालाई प्रतिकूल प्रभाव नपारी दायित्व पूरा गर्ने संस्थाको क्षमता सुनिश्चित गर्न मद्दत गर्छ र संस्थाको प्रतिकूलताको अवस्था विकास गर्ने सम्भावना कम गर्छ । तरलता जोखिमलाई नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर व्यवस्थित

गरिएको वित्तीय दायित्वसंग सम्बन्धित दायित्वहरु पूरा गर्न संस्थाले कठिनाइ भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ ।

३.६.४ **सञ्चालन जोखिम:**

अपर्याप्त वा असफल आन्तरिक प्रक्रिया, व्यक्ति र प्रणाली वा सहकारी संस्थाको लागि कानुनी जोखिमसहित बाह्य घटनाहरुको प्रभावबाट हुने सम्भावित जोखिमबाट हुने नोक्सानको रुपमा सञ्चालन जोखिमलाई परिभाषित गरिएको छ । दैनिक कार्य सञ्चालनका क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनि ब्याख्या गरिएको छ । साना र धेरै वित्तीय कारोवारहरु, प्रणाली असफलता, कार्यान्वयनमा असफलता, आक्रमक कार्यक्षेत्र विस्तार, लागत नियन्त्रण पद्धती, ग्रामीण परिवेशमा आधारित कार्य सञ्चालनसंगै आएका विभिन्न समस्याहरु : अपर्याप्त भौतिक पुर्वाधारहरु, बाटो, बैंक तथा वित्तीय संस्थाको उपस्थिती, ईन्टरनेट कनेक्टीभिटी, न्युन वित्तीय साक्षरता भएका सदस्यहरुसंगको कारोवार गर्दा कर्मचारीहरुबाट हुन सक्ने आर्थिक हिनामिना लगायतका विभिन्न आन्तरिक र बाह्य तत्वहरु र सो संगसंगै सदस्यमैत्री कार्यक्रम सञ्चालन विधिको कारण सञ्चालन जोखिम उत्पन्न हुने गर्दछ । सञ्चालन जोखिम सहकारी संस्थाको हरेक कार्यहरुमा व्यापक रुपमा रहेको छ र मानव संसाधन, प्रणाली र प्रक्रियागत डिजाइन लगायत वित्तीय संस्थाले काम गर्न विकास गरेका सबै स्रोतबाट प्रभावित हुन्छन् ।

जोखिम व्यवस्थापन र नैतिक व्यवसायिक अभ्यासको बलियो संस्कृतिले हानिकारक सम्भावित सञ्चालन जोखिम घटनाबाट रोक्न सहकारी संस्था सदैव प्रतिबद्ध रहेको छ र सम्भावित जोखिमका घटना विरुद्व लड्न सधै तत्पर स्थितिमा रहेको छ । सञ्चालक समिति र उच्च व्यवस्थापनको कार्य र नीति, नियम र प्रक्रिया तथा प्रणालीले जोखिम व्यवस्थापन संस्कृतिको लागि बलियो आधार प्रदान गरेको छ । वित्तीय संस्थाले कर्मचारीहरुमा नितिगत र कार्यान्वयन पक्षलाई जिम्मेवारी पुर्वक बहन गर्न र उत्तरदायी रहन प्रशिक्षित गर्दै आएको छ । जोखिम ब्यवस्थापन तथा अनुपालना विभागले नियन्त्रणका विभिन्न निति, नियम तथा मापदण्डहरु तय गरी लागू गरेको छ जसले गर्दा सम्भावित जोखिमलाई शुक्ष्म विश्लेषण गरी सञ्चालन जोखिम घटनाहरुलाई समयानुकुल बुझ्दै तथा लुकेका जोखिमलाई लेखांकन, मूल्यांकन र नियन्त्रण गर्दै आएको छ ।

प्रभावकारी नीतिहरु, प्रक्रियात्मक मापदण्ड र स्तरीय सञ्चालन प्रक्रिया जोखिम व्यवस्थापनको लागि बलिया उपकरण रहेका छन् । तसर्थ, विभागले नीति र प्रक्रियाहरुको पर्याप्तता र प्रभावकारिता तथा तिनको प्रभावकारी कार्यान्वयन नजिकबाट अनुगमन गरिरहेको हुन्छ र यी नियामक निकायको मापदण्ड अनुसारको छ गतिशिल जोखिम वातावरण अनुकुल छ भन्ने सुनिश्चित गर्दै आएको छ ।

M. Khan & Associates * Chartered Accountant *

# भूमी व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय, कर्णाली प्रदेश, सुर्खेतबाट सघन अनुगमनबाट प्रदत्त निर्देशनहरू:

आ.व. २०७९/०८० मा संस्थाको गतिविधिको अवलोकन गर्न अनुगमन भएको र यस अनुगमन बाट दिएका निर्देशनहरू निम्न बमोजिम रहेका छन् :

| क्र.सं. | निर्देशनहरू |
|---|---|
| | मिति २०७९ चैत्र ०३ गतेका दिन सहकारी विभाग बाट सहकारी ऐन, २०७४ को दफा ९५ को उपदफा (५) अनुसार श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि., सुर्खेतका सञ्चालक समितिलाई अनुगमनबाट देखिएका कैफियतहरू सुधार गर्न देहाय अनुसार निर्देशन गरिएको छ । |
| १. | कैफियत नं.१ का सन्दर्भमा सञ्चालक समितिमा महिला सहभागिता नियामानुसर सुनिश्चित गर्ने तथा सञ्चालक समिति चयन गर्दा सकभर एक परिवारको व्यक्तिहरू पर्ने गरी गर्न नहुने कुरालाई प्राथमिकतामा राख्ने । |
| २. | कैफियत नं. २ का सन्दर्भमा Pearls र सदस्य केन्द्रियता सुचाकको गणना गर्ने र सोको प्रतिवेदन चौमासिक रुपमा नियामक निकायमा बुझाउने । |
| ३. | कैफियत नं.३ का सन्दर्भमा संस्थामा नेतृत्व विकास तथा हस्तान्तरणलाई जोड दिँदै नयाँ पुस्तालाई सहकारी प्रति आकर्शित गर्ने गराउने कुरामा अग्रसर हुने । |
| ४. | कैफियत नं.४ सन्दर्भमा बाह्य ऋणको चापलाई घटाउने तथा संस्थागत पुंजी र नियमित बचतलाई बढाउनुका साथै संस्थामा तरलता व्यवस्थापनलाई थप सुदृढ गर्ने । |
| ५. | कैफियत नं.५ का सन्दर्भमा लेखा सुपरिवेक्षण समितिको भुमिका प्रभावकारी बनाउने । |
| ६. | कैफियत नं.६ का सन्दर्भमा बही खाता वा अभिलेख अद्यावधिक कार्य व्यवस्थित गर्ने, श्रेस्ता तथा अन्य कागजातहरूको अभिलेख प्रणाली चुस्त दुरुस्त बनाउने । |
| ७. | कैफियत नं.७ का सन्दर्भमा संस्थाको साधारण सभा र निर्णय प्रमाणिकरण सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७६ बमोजिम गर्ने । |
| ८. | कैफियत नं.८ का सन्दर्भमा सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) लाई थप नियमित तथा अद्यावधिक गर्ने । |
| ९. | कैफियत नं.९ का सन्दर्भमा खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधीनमा रही गर्ने । |
| १०. | कैफियत नं.१० का सन्दर्भमा कार्यक्षेत्र भित्रका सबै वडामा कुल सदस्य संख्याको १५ प्रतिशत सदस्यता विस्तार र कारोबारको अवस्थाको लेखाजोखा गरी अभिलेख राख्ने । |
| ११. | कैफियत नं.११ का सन्दर्भमा विनियमा बाहेक आवश्यक अन्य आन्तरिक नीति, निर्देशिका वा कार्यविधिलाई संसोधित सहकारी ऐन, नियमावली बमोजिम संसेधन गरी लागु गर्ने । |
| १२. | कैफियत नं.१२ का सन्दर्भमा प्रशासनिक खर्च साधारण सभाबाट पारित बजेटको सीमा भित्र गर्ने । |

| क्र.सं. | निर्देशनहरू |
|---|---|
| १३. | कैफियत नं.१३ का सन्दर्भमा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ-संस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७४ को व्यवस्थाहरूको पालना गर्ने । |
| १४. | कैफियत नं.१४ का सन्दर्भमा सहकारी मुल्य, मान्यता, सिद्धान्त, विधि र पद्धति अनुसार संस्था सञ्चालनमा प्रतिबद्ध रहने । |

माथि उल्लेखित विभागले दिएका निर्देशनहरूको हरेक महिना सुधार योजना बनाई विभागमा पेश गर्ने गरेको छ ।

आ.व. २०७९/०८० मा राष्ट्रिय सहकारी महासंघबाट संस्थाको गतिविधिको निरिक्षण तथा अनुगमन भएको र यस अनुगमन बाट दिएका निर्देशनहरू निम्न बमोजिम छन्:

| क्र.स. | निर्देशनहरू |
|---|---|
| १.<br>२. | मिति २०८० बैशाख १५ गतेका दिन राष्ट्रिय सहकारी महासंघ बाट सहकारी ऐन, २०७४ को दफा ९९ को उपदफा (३) अनुसार श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि., सुर्खेतका सञ्चालक समितिलाई अनुगमनबाट देखिएका कैफियतहरू सुधार गर्न देहाय अनुसार निर्देशन गरिएको छ । |
| ३. | कैफियत नं.८.१ का सन्दर्भमा स्थिर सम्पत्तिमा गरिने लगानीलाई विशेष ध्यान दिनुपर्ने । |
| ४. | कैफियत नं.८.२ बाह्य ऋण लिँदा प्रयाप्त मात्रामा वित्तिय जोखिम र अवसरको विश्लेषण गरेर मात्र लिने र तरलता व्यवस्थापनमा ध्यान दिने । |
| ५. | कैफियत नं.९.१ का सन्दर्भमा ऋण लगानी गर्दा सदस्याबाट लिनुपर्ने आवश्यक कागजात आद्यवधिक गर्नुपर्ने र कर्जा सदुपयोगितको निरिक्षण गरी सोको प्रतिवेदन ऋण फाइलमा संलग्न गर्ने । |
| ६. | कैफियत नं.१०.५ सन्दर्भमा संस्थाका कार्यविधिहरू समय सापेक्ष सहकारी ऐन तथा नियमावली बमोजिम संशोधन गर्ने। |
| ७. | कैफियत नं. १०.६ का सन्दर्भमा संस्थाले रणनीति योजना र व्यवसायिक योजना तर्जुमा गरी सोही बमोजिम वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न र उक्त योजनाले निर्दिष्ट गरेको परियोजनाहरूमा लगानी गर्नु पुर्व आवश्यक अध्ययन र विश्लेषण पश्चात् मात्र परियोजनाहरूमा लगानी गर्ने । |
| ८. | कैफियत नं.११.१ का सन्दर्भमा स्थिर सम्पत्तिहरूको कोडिंग गरी वार्षिक रुपमा भौतिक परीक्षण गरी सोको आधारमा खरिद बिक्री तथा मर्मत तथा सम्भार सम्बन्धी विवरण तयार गरी वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्ने । |

# २२ औं वार्षिक साधारण सभा २०८० मा सदस्यहबाट प्राप्त सूझावहरू

## श्री वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

वीरेन्द्रनगर–६, सुर्खेत

१. सदस्यको विवरण :

सदस्यको नाम :

सदस्यता नं. :

२. लेखा सुपरिवेक्षण प्रतिवेदन सम्बन्धमाः

.....................................................................................................................

.....................................................................................................................

..........................................................................................

३. लेखापरीक्षण प्रतिवेदन सम्बन्धमाः

.....................................................................................................................

.....................................................................................................................

..........................................................................................

४. कोषाध्यक्षको आ.व.२०७९/०८० को प्रगति २०८०/०८१ को प्रस्तावित बजेट सम्बन्धमाः

.....................................................................................................................

.....................................................................................................................

..........................................................................................

५. अध्यक्षको आ.व.२०७९/०८० को प्रगति २०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रमहरू सम्बन्धमाः

.....................................................................................................................

.....................................................................................................................

..........................................................................................

६. सञ्चालक समितिको तर्फबाट २२औं साधारण सभामा पेश भएको प्रस्तावहरू सम्बन्धमाः

.....................................................................................................................

.....................................................................................................................

..........................................................................................

७. संस्थालाई थप सुझाबहरूः

.....................................................................................................................

.....................................................................................................................

..........................................................................................

................

मिति :- दस्तखत

# टिप्पणी तथा सुझाव